


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

» आइतबार, जेठ १३, २०७५ » Sunday, May 27, 2018 » www.newsofnepal.com » नेसं ११३८ अनलाथ्व १३ » वर्ष २४, अंक १३७ » पृष्ठ १२ » मूल्य रू १०/–

२ { प्रतिपक्षलाई गाली गरेर समृद्धि हासिल हुँदैन
५ { २० प्रतिशत खेतीयोग्य जमिन अझै बाँझै
६ { भरिँदै गाउँ खाली हुँदै सदरमुकाम
११ { बजेटमा अपेक्षा धेरै




## संविधानमा संघीयता, दिमागमा केन्द्रीयता

# कर्मचारीलाई मनाउनै हम्मे

**सुनील महर्जन, काठमाडौं**

सरकारले सरुवा गरेर जिम्मेवारी तोके पनि केन्द्रका कार्यालयमा कार्यरत कर्मचारी दुर्गम जान नमान्दा जनताको काम प्रभावित भएको छ। स्थानीय तहको निर्वाचन भएको एक वर्ष बितिसक्दा पनि कर्मचारीले आ-आफ्नो तोकिएको क्षेत्रमा काम नगरेका कारण कुनै तात्त्विक उपलब्धि हासिल हुन नसकेको स्थानीय जनप्रतिनिधि बताउँछन्।

बागमती गाउँपालिकाका प्रमुख वीरबहादुर लोप्चन यस्तै गुनासो गर्नुहुन्छ। दुई महिनादेखि रिक्त रहेको लेखा अधिकृत पदमा पूर्ति गर्न कोष तथा लेखा नियन्त्रकको कार्यालयमा निकै धाउँदा पनि उपलब्धि हात नपरेको उहाँ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ- 'केन्द्रका कर्मचारी दुर्गम क्षेत्रमा जानै मान्दैनन्।'

'ती लेखा अधिकृत साविकको दल्हचोकी गाविसका स्थानीय बासिन्दा हुन्। त्यसैले लेखा अधिकृत हुन तयार भए। उनलाई ओखलढुंगाबाट सरुवा गरेर गाउँपालिकामा ल्याइएको थियो। ललितपुरको दक्षिणी पहाडी भेगमा जान त मान्दैनन् भने अन्य विकट जिल्लामा कसरी जालान्?' -लोप्चनको भनाइ थियो।

यो त एउटा प्रतिनिधिमूलक उदाहरण मात्र हो। स्थानीय तहमा जनप्रतिनिधि बहाल भएको एक वर्ष पुगिसकेको छ। कर्मचारी समायोजनमा निकै सकस भएकाले जनप्रतिनिधि

» माहुरी नै नभएको ठाउँमा माहुरी अधिकृत काजमा
» एक दुई साता बस्छन्, केन्द्रतिरै फर्कन्छन्
» कर्मचारी नहुँदा एक वर्ष खेर गयो
» क्यान्टिन पस्छन्, चिया गफ लडाउँछन्, बरन्डामा अभिन्छन्, काममा चासो दिँदैनन्

आएको एक वर्ष भए पनि स्थानीय तहले खासै काम गर्न नसकेको बताइन्छ।

स्थानीय तहमा कर्मचारी खटाउन निकै रस्साकस्सी रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता सुरेश अधिकारी पनि स्विकार्नुहुन्छ। संघीयताको अर्को महत्त्वपूर्ण आयाम भनेको प्रशासनिक संघीयता हो तर कर्मचारी समायोजनमा देखिएको लफडाले गर्दा प्रशासनिक संघीयतालाई संस्थागत गर्न नसकेको प्रवक्ता अधिकारीको भनाइ छ।

खटाइएका कर्मचारीहरू स्थानीय तहमा नगईकन मन्त्रालयको क्यान्टिन, बरन्डामा बसिरहेका देखिन्छन्। कोही दिनभरि चियाँ खाँदै गफ गर्नमा व्यस्त त कोही यसो देखा पर्‍यो, अनि आफ्नो निजी काममा लाग्ने गरेको मन्त्रालयका कर्मचारीहरू नै बताउँछन्। जबरजस्ती स्थानीय तहमा खटाइएका कर्मचारीहरू पनि जनप्रतिनिधिसमक्ष 'मलाई यहाँ बसेर काम गर्न इच्छा छैन' भनेर फर्किएको अनेक उदाहरणहरू रहेको प्रवक्ता अधिकारीले जानकारी दिनुभयो।

स्थानीय तहमा काजमा पठाउने तलब मन्त्रालयले दिने गरेकाले पनि कर्मचारीले यस्तो स्वैच्छाचारी प्रवृत्ति देखाएको प्रवक्ता अधिकारीको विश्लेषण छ। तलब पनि स्थानीय तहले दिने व्यवस्था गर्नुपर्नेमा उहाँको जोड रहेको छ।

सबै कर्मचारी उपत्यकाका शहरी क्षेत्रवरपर मात्र जान चाहने गरेका छन्। शहरी क्षेत्रका नगरपालिकामा आएका कर्मचारी पनि सम्बन्धित स्थानीय तहको आवश्यकताभन्दा पनि कर्मचारीको रुचिले आएको पाइएको छ। कृषि मन्त्रालयबाट कीर्तिपुर नगरपालिकामा एक जना माहुरी विशेषज्ञ अधिकृत काज सरुवामा आएका थिए। आएको दुई दिनपछि नगरपालिकाका प्रमुख रमेश महर्जनले ती कर्मचारीलाई मन्त्रालयमै फिर्ता पठाए। 'नगरमा एक जनाको माहुरी घार नै छैन। ती कर्मचारी कामै भएन।' -प्रमुख महर्जनले भन्नुभयो।

विषयगत कार्यालयले पनि सम्बन्धित स्थानीय तहसँग समन्वय नै नगरी गाउँपालिका र नगरपालिकामा पठाउने गरेको जनप्रतिनिधि बताउँछन्। 'काजमा कर्मचारी आउँछन्। आएको एक दुई महिनामा माथि फेरि च्यानल मिलाएर जान्छन्।' -प्रमुख लोप्चनले भन्नुभयो।

गाउँपालिकाका प्रमुख लोप्चनका अनुसार दुर्गमको गाउँपालिका भएकाले केन्द्रबाट काजमा आएका कतिपय कर्मचारीले एक दुई साता काम गरेर फर्किने गरेका छन्। अहिले गाउँपालिकामा ३० जना कर्मचारी रहेका छन्।

(क्रमशः पृष्ठ ९ मा)

# हपहपी बढ्यो गर्मी

## मनसुन शुरू नभएसम्म यस्तै हुने

**टीका बन्धन, काठमाडौं**

मुलुकमा एक्कासि हपहपी गर्मी बढेको छ। पूर्वी भेगको तुलनामा पश्चिम तराईका धेरैजसो भू-भागमा गर्मी ह्वात्तै बढेको हो। गर्मी बढेसँगै अधिकांश स्थानको जनजीवन प्रत्यक्ष प्रभावित बनेको छ।

शनिबार नेपालगन्जमा यस वर्षकै सबैभन्दा बढी गर्मी महसुस गरिएको छ। एक दिनको अन्तरमा त्यहाँको तापक्रम ३ डिग्री बढेको छ। शनिबार सो क्षेत्रको अधिकतम तापक्रम ४२ दशमलव २ डिग्री सेल्सियस रेर्कड भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। शुक्रबार नेपालगन्जको अधिकतम तापक्रम ३९ दशमलव ४ डिग्री सेल्सियस रहेको महाशाखाको तथ्यांक छ।

अघिल्लो वर्ष अंग्रेजी महिनाको मे २६ तारिखमा नेपालगन्जको तापक्रम ४१ दशमलव २ डिग्री थियो। यसअघि पश्चिम तराईमा जेठ ८ गते सबैभन्दा बढी

> शनिबार नेपालगन्ज र काठमाडौंमा यस वर्षकै बढी गर्मी

तापक्रम रेकर्ड भएको थियो, सो दिन धनगढीको अधिकतम तापक्रम ४१ डिग्री मापन भएको थियो। त्यसैगरी गत वैशाख २५ गते नेपालगन्जको अधिकतम तापक्रम ४० दशमलव ३ डिग्री सेल्सियस मापन भएको महाशाखको तथ्यांक छ।

शनिबार धनगढीको तापक्रम ४१ दशमलव २ मापन भएको छ भने दीपायलको ३९, दाङको ३७ दशमलव ४, भैरहवाको ३६ दशमलव ३ र सिमराको ३५ दशमलव ५ डिग्री तापक्रम रेकर्ड भएको छ। पश्चिम तराईको तापक्रम तत्काल घट्ने मौसमी गतिविधि नदेखिएको मौसमविद् शान्ति कँडेलले बताउनुभयो। 'पूर्वी भेगमा हल्का वर्षासँगै मौसम केही धुमिने सम्भावना भए पनि पश्चिम तराईमा त्यस्तो सम्भावना नभएकाले पश्चिमी भेगमा गर्मी अझै बढ्न सक्छ।' -उहाँले भन्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# धरहरा परिसरका संरचना भत्काइयो

**ईश्वरराज ढकाल, काठमाडौं**

काठमाडौं महानगरपालिकाले नेपाल प्रहरीको सहयोगमा धरहरा क्षेत्रका व्यापारिक संरचना भत्काएको छ। कामपाले यही जेठ ११ गते शुक्रबार २४ घण्टे सूचना जारी गरेलगत्तै शनिबार सो संरचना भत्काएको हो।

यही शुक्रबार बसेको नगर कार्यपालिकाको निर्णयबमोजिम धरहरा परिसरमा रहेका रेस्टुरेन्टसहित २० वटा पसल र केही टहराजस्ता



तस्वीर सौजन्य काठमाडौं महानगरपालिका

भौतिक संरचना भत्काइएको हो।

कामपा निजी साझेदारी (पीपीपीयू) एकाइले पत्र काटेको २४ घण्टापछि उक्त संरचना भत्काउन शुरू गरिएको थियो।

कामपाका उपमेयर हरिप्रभा खड्गीले लामो समयको प्रयासपछि आफूहरूलाई सफलता मिलेको बताउँदै अब तोकिएकै समयमा धरहरा बन्ने दाबी गर्नुभयो। टहरा र पसल भत्काउँदा उपमेयर आफै उपस्थित हुनुभएको थियो। कामपा प्रहरी प्रमुख विष्णुराज जोशीले सबै टहरा र पसल हटाइसक्ने जानकारी दिनुभयो।

प्रहरी टोलीले आफ्ना सामग्री उठाउन भनेपछि रेस्टुरेन्ट तथा पसलका सञ्चालकले ठाउँ खाली गर्न समय कम भएको गुनासो गरेका थिए।

(क्रमशः पृष्ठ ९ मा)

## गोरेको बयान फेरि लम्बियो

### थप एक पक्राउ

विराटनगर, (नेस)

चर्चित सुन तस्करी र सनम शाक्य हत्या प्रकरणका मुख्य अभियुक्त गोरे भनिने चूडामणि उप्रेतीको विराटनगरस्थित मोरङ जिल्ला अदालतमा गरिएको बयान लम्बिएको छ। जिल्ला न्यायाधीश नारायणप्रसाद शर्माको ६ नं. इजलासमा गोरेको बुधबारदेखि शुरू बयान आइतबार पनि हुने भएको छ।

आइतबार मध्याह्नसम्म बयान सम्पन्न भए सोही दिन थुनछेक बहस हुन सक्ने मोरङ जिल्ला अदालतका तहसिलदार केदारप्रसाद गौतमले जानकारी दिनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# अवैध बालगृह सञ्चालक पक्राउ

## ३३ बालबालिकाको उद्धार

**धनवीर दाहाल, रुकुम**

अवैधरूपमा बालगृहमा राखिएका ३३ बालबालिकाको उद्धार गरिएको छ। मुसीकोट नगरपालिका-१, बागबजारमा सञ्चालित नरसिङ हिमालय अनाथ बालगृहबाट शनिबार जुम्लाका २४ र रुकुम पूर्वका ९ जना बालबालिकाको उद्धार गरिएको हो।

बालगृह सञ्चालक विवेक बुढा पनि पक्राउ परेका छन्। शनिबार जिल्ला बाल कल्याण समिति, मुसिकोट नगरपालिका र जिल्ला प्रहरी कार्यालयले मापदण्ड नपुर्‍याएर सञ्चालन गरिएको बालगृहका बालबालिकाको उद्धार गरी घर फर्काएका हुन्। जुम्लाका २४ जना बालबालिकाको जिम्मा महिला तथा बालबालिका कार्यालय



जुम्लाका निरीक्षक हर्क महतले लिनुभएको छ। उहाँले शनिबार नै सबै बालबालिकालाई गाडी चढाएर जुम्ला पठाइएको रुकुमका बालअधिकार अधिकृत मानवीर ओलीले बताउनुभयो।

रुकुम पूर्वका ९ बालबालिका भने जिल्ला बाल कल्याण समितिको संरक्षणमा छन्। अभिभावकलाई बोलाइएको र उनीहरू आएपछि बालबालिका जिम्मा लगाइने जिल्ला बालअधिकार अधिकृत ओलीले बताउनुभयो। जुम्लाको पातारासी गाउँपालिकाका १ र २ नम्बर वडाका २४ बालबालिका वैशाखदेखि सो बालगृहमा बस्दै आएका थिए। पातारासी गाउँपालिका-१, का २० र २ का ४ जनालाई पठनपाठन गराउन भन्दै बालगृहले ल्याएको थियो।

GOENKA GOLD
Fe 500
TMT BAR

अधिकतम कारखाना द्वार-मूल्य
Max. Ex-factory rates
(लागु मिति: २०७५ जेष्ठ १३/May 27, 2018 देखि)

| साईज (Dmm) | कारखाना द्वार मूल्य रु. / कि.ग्रा* |
|---|---|
| १०/१२/१६/२० | ८२.00 |
| ८/२५/२८/३२ | ८५.00 |
| कारी ४.७५/७ | ८४.00 |

*अर्डर परिमाण र भुक्तानी अवस्था हेरी उपरोक्त मूल्यमा छुट गर्न सकिनेछ।
उपरोक्त मूल्यमा रु १/- प्रति के.जी. अन्तःशुल्क र १३% मू.अ.कर लाग्नेछ।
GOENKA GOLD TMT
"तीन दशक अधिकको अनुभव, निर्माण क्षेत्रको गौरव"
गोयनका स्टील्स् प्रा. लि.
काठमाडौं: ०१-४४१४८१२, भैरहवा: ०७१-५२०३६१



# महानगर

विपक्षी दलको सांसद भएकाले सधैं आलोचना गरेर बसिरहनुपर्छ भन्ने पक्षमा छैन म। आग्रह र पूर्वाग्रह राखेर बोलेको होइन मैले, सरकारले राम्रो काम गरेको छैन केवल ऊ अझै पनि विपक्षीलाई गाली गर्नमै सीमित छ। प्रतिपक्षलाई गाली गरेर मात्र आर्थिक विकास र समृद्धि हासिल गर्न सकिँदैन। राम्रो र जनताको पक्षमा काम गरेमा जुनसुकै पार्टीको सरकार आलोचनाबाट मुक्त हुन्छ।



# प्रतिपक्षलाई गाली गरेर समृद्धि हासिल हुँदैन

**डा.नारायण खड्का**, सांसद नेपाली कांग्रेस

नेपाली कांग्रेसका नेतासमेत रहेका डा. नारायण खड्का उदयपुर-१ बाट निर्वाचित प्रतिनिधिसभा सांसद हुनुहुन्छ। २०६४ र २०७० सालको संविधानसभामा पनि निर्वाचित हुनुहुन्थ्यो। योसहित उहाँ जनताबाट निर्वाचित भएको तेस्रोपटक हो। पार्टीको केन्द्रीय सदस्यसमेत रहनुभएका खड्का राष्ट्रिय योजना आयोगको उपाध्यक्षसमेत भइसक्नुभएको छ। उहाँले सरकारको १ सय दिन पनि प्रभावकारी नभएको र 'हावादारी गफ' मा मात्र बितेको दाबी गर्नुभएको छ। प्रस्तुत छ : सरकारद्वारा प्रस्तुत नीति तथा कार्यक्रम, मंगलबार आउँदै गरेको वार्षिक बजेट, पछिल्लो राजनीतिक अवस्था तथा कांग्रेसको अबको गतिलगायतका विषयमा खड्कासँग *नेपाल समाचारपत्र*का लागि ***गंगा बराल***ले गरेको कुरकानी :

**सरकारको नीति तथा कार्यक्रमलाई कसरी हेर्नुभएको छ ?**

झट्ट हेर्दा यो हावादारी गफजस्तो छ। यो योजना अत्यन्तै महत्वाकांक्षी छ। बहकाउमा आएको नीति तथा कार्यक्रम हो भन्दा फरक पर्दैन। विपक्षी दलको सांसद भएकाले सधैं आलोचना गरेर बसिरहनुपर्छ भन्ने पक्षमा छैन म। आग्रह र पूर्वाग्रह राखेर बोलेको होइन मैले, सरकारले राम्रो काम गरेको छैन केवल ऊ अझै पनि विपक्षीलाई गाली गर्नमै सीमित छ। प्रतिपक्षलाई गाली गरेर मात्र आर्थिक विकास र समृद्धि हासिल गर्न सकिँदैन। राम्रो र जनताको पक्षमा काम गरेमा जुनसुकै पार्टीको सरकार आलोचनाबाट मुक्त हुन्छ। सरकार हिजोको दिनमा सन् २०३० सम्म दीगो विकास लक्ष्यमा पुग्ने भन्दथ्यो तर आजभोलि त्यसलाई पनि अघि नै ल्याउने भन्दै छ। भयो भने त ठीकै हो। तर अब सधैं गफ मात्र गरेर जनताले पत्याउने छैनन्। जलविद्युत्, कृषि र उर्जाका धेरै कुरा आएका छन्।त्यसलाई कार्यान्वयन गर्नेतर्फ चासो देखाइयोस् हाम्रो शुभकामना। सरकारी संयन्त्र प्रभावकारी नभई योजनाहरू सफल हुन सक्दैनन् सरकारले त्यसतर्फ चासो देखाएको छैन।

**सरकारका योजनामा विश्वास लागेको छैन भन्न खोज्नुभएको हो ?**

योजना नै नराम्रा छन् भनेको होइन मैले तर कार्यान्वयनमा चाहिँ समस्या छ। केहीअघि अर्थमन्त्रीले जारी गर्नुभएको श्वेतपत्र पनि अचम्मको छ। सरकारी ढिकुटी रित्तो छ भनेर जुन कुरा गरिएको छ त्यसो हो भने कसरी ती सबै लक्ष्य पूरा गर्न सकिन्छ र ? त्यसैले सरकारको कार्ययोजना नै अलमलमा परेको देखिन्छ, एकअर्काबीच तालमेल मिलेको छैन। चालु खर्च गर्न पनि ऋण लिनुपर्ने अवस्था आए समस्या हुन्छ। गत शुक्रबार मात्र चीन सरकारका प्रवक्ताले २ वामबीच भएको पार्टी एकीकरण राम्रो भएको भनेर एकताको स्वागत गर्नुभएको छ। चीन सरकारले नेपाललाई हरेक ढंगले सघाउने भनेको छ यो राम्रो कुरा हो यसको खुलेर समर्थन गर्छौं। सरकारले सबै देशसँग आत्मीय र घनिष्ठ सम्बन्ध राखेर जानुपर्दछ जसले गर्दा विकासका योजनाहरू अघि बढाउन सजिलो हुन्छ। सरकारको मानसिकता झै केन्द्रीकृत छ, प्रदेशलाई पनि संघबाट नै सञ्चालन गर्न खोज्ने कुराले समग्र क्षेत्रलाई सबल बनाउन सकिँदैन। स्थानीय तह र प्रदेशलाई अधिकार सम्पन्न बनाउनु सरकारको पनि दायित्व हो। हिजो देखिएका विकृति र विसंगतिको अन्त्य नगरी पुरानै पाराले सरकार र अन्य संयन्त्रहरू चलाउँछु भन्ने सोचाइ गरियो भने त्यो खतरनाक हुन्छ।

**सरकारले मंगलबार बजेट ल्याउँदै छ, सरकारले भनेजस्तो जनताको पक्षमा बजेट आउन सम्भव छ कि छैन ?**

सरकारको नीति तथा कार्यक्रम अत्यन्तै फितलो भएकाले त्योभन्दा गतिलो बजेट आउला भन्ने लाग्दैन। त्यस्तैउस्तै उट्पट्याङ आउँछ। केपी शर्मा ओलीजीको सरकारले सबै कुरा गर्ने प्रतिबद्धता देखाएको छ तर भाषणले मात्र जनता खुसी हुन सक्दैनन्। नीति तथा कार्यक्रममा छुटेका योजनालाई बजेटमा समावेश गरे पनि हुन्छ।

**सरकारको १ सय दिनको गतिविधिलाई कसरी विश्लेषण गर्नुभएको छ ?**

सरकार आफूसँग धेरै संख्या र समर्थन छ भनेर घमण्ड गरिरहेको छ, यसको कुनै अर्थ छैन। दैनिक उपभोग्य सामग्रीको भाउ बढिरहेको छ, जनताले न्याय पाउन सकेका छैनन्। नागरिकमा शान्ति सुरक्षाको अनुभूति हुन सकेको छैन। ३३ किलो सुनमा संलग्न जसलाई पनि कारबाही होस्, मेरो र तेरो भनेर कोही उम्किने वातावरण कतैबाट नहोस्। सरकारले यातायातको सिन्डिकेट तोडेँ भनेको छ। अनियमितता गर्ने र अस्थिरता मच्चाउनेलाई पनि कारबाही गर्ने भनेको छ त्यो राम्रो काम हो। अहिले जनताले भाषण र प्रतिवद्धताभन्दा पनि तत्काल देखिने उपलब्धि खोजेकाले सरकार त्यो दिशातिर लागोस्। हिजोका दिनमा सबै जसो दलहरूले जनतालाई झुक्याएकाले अब तत्कालै नदेखिने काममा कसैको विश्वास छैन।

**एमाले र माओवादी केन्द्र मिलेपछि कांग्रेस अत्तालियो भन्छन् नि ?**

हामीलाई कुनै डर छैन र आत्तिने अवस्था आइसकेको छैन। उनीहरूको एकता दिगो होस् मेरो शुभकामना। तर एकताको शुरूमा नै त्यति राम्रो लक्षण देखापरेको छैन। साँच्चै भन्ने हो भने ओली र प्रचण्डबीच पनि अनेकन कुरामा मतभेद छन्, कार्यकर्ता व्यवस्थापनको चुनौती पनि छ त्यसैले पनि शंका गर्ने ठाउँहरू प्रशस्तै छन्। कांग्रेसले थप मिहनेत गर्नुपर्छ भने पनि समस्या छैन। कांग्रेस त सधैं संघर्षबाट हुर्किएर आएको पार्टी हो। हिजोका दिनमा पनि विपक्षी भएर बसेकै हो, आज बस्नै नहुने भन्ने पनि छैन। कांग्रेसले अलिकति बढी मिहनेत गर्‍यो भने भविष्य उज्जवल छ। कांग्रेसप्रति जनताको अगाध आस्था र विश्वास छ अलिकति समस्या के हो भने हामीले ती कार्यकर्तालाई संरक्षण गर्न सकेका छैनौं। केन्द्रीय समितिको बैठकमा पनि समीक्षा गरेका छौं, कांग्रेसको परिणाम थोरै घटेको हो यो स्वीकार्नुपर्छ तर पतनै भयो अब कांग्रेस सकियो भन्ने हल्ला गरेर हिँड्नु राम्रो होइन।

**अब कांग्रेसले के गर्दा पार्टीलाई जीवन्त राख्न सजिलो होला ?**

जीवन्त राख्ने भन्ने कुरै होइन, कांग्रेस कहाँ मरेको छ र तर सुधार गरेर जानुपर्ने खाँचो छ। हामीबीच देखिएका आन्तरिक द्वन्द्वलाई घटाउँदै जानुपर्छ। अरू बेला पार्टी एउटै हुने अनि निर्वाचनका बेला आफ्नै पार्टीका साथीहरू पनि विपक्षीजस्तो हुने रोगले कांग्रेसलाई सताएको छ। भोलिका दिनमा आफ्नै कार्यकर्ता र नेताका कारणले निर्वाचनमा हार खाने वातावरणको अन्त्य गर्नुपर्ने गहन जिम्मेवारी छ। यो पार्टी र त्यो पार्टी भन्दै मेरा र तेरोका नाममा टिकट वितरण गरिएको पनि सुनियो यस्ता गतिविधिले विपक्षीलाई मात्र फाइदा पुगेको छ। पहिलो तहमा बसेका नेताहरूको जिम्मेवारी बढी हुन्छ हामी पनि त्यसको पछि हुन्छौं। अहिले आन्तरिक संगठन मजबुत बनाएर गाउा तहसम्म संगठन गर्ने बेला आएको छ।

**संसद्मा कांग्रेसको भूमिका प्रभावकारी भएन भन्ने गुनासो पनि छ नि ?**

अलिकति यस्ता गुनासा आएको हामीले पनि सुनेका छौं। संसद्मा बसेर छलफल गरिरहेका छौं। आफ्नो कुरा राखेका छौं, विपक्षीले जे गर्छ त्यसमा अन्धधुन्द समर्थन जनाएका छैनौं। प्रमुख प्रतिपक्षी भनेको 'वेटिङ गभरमेन्ट' पनि भएकाले हामीले मर्यादा मिचेर केही गलत काम गरेका छैनौं। रेलिङ भाँच्ने, सडकमा ढुंगामुढा गर्ने कांग्रेसको संस्कार छैन त्यसैले सभ्य र भद्र प्रतिपक्षको भूमिका निभाएका छौं।



# 'नत्र कांग्रेस साइनबोर्डमै सीमित रहन्छ'

**झपटबहादुर रावल**, सांसद, नेपाल कम्युनिस्ट पार्टी

झपटबहादुर रावल कैलाली -२ बाट निर्वाचित नेपाल कम्युनिस्ट पार्टीका सांसद् हुनुहुन्छ। पार्टीको केन्द्रीय सदस्यसमेत रहनुभएका उहाँले सरकारले गरिरहेको काम जनताको चाहनाबमोजिम भएकाले पूरै समर्थन पाएको बताउनुभएको छ। लामो समयदेखि राजनीतिमा सक्रिय रावल विद्यार्थी राजनीतिबाट उदाउनुभएको हो। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसप्रति जनताको समर्थन घट्दै गएको बताउने रावलले निर्वाचनका बेला जनतासँग गरिएका वाचा पूरा गर्न लागिरहेको जनाउनुभयो। 'हिजो निर्वाचनमा जाँदा जे गर्छु भनेको थिएँ त्यसलाई पूरा गर्नु प्रमुख प्राथमिकता हो, विकासका धेरै कुरा गरेका छौं त्यसैले पनि सरकारले निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमका लागि प्रशस्तै बजेट छुट्याउनुपर्छ भन्ने तर्क गर्नुहुन्छ। उहाँसँग गरिएको समसामयिक कुराकानी :

**पार्टी एकतापछिको अवस्था कस्तो छ ?**

पार्टी एकता वास्तवमै उदाहरणीय र ऐतिहासिक कदम हो। हामीले निर्वाचनमा जाँदा जे काम गर्छौं भनेका थियौं यो पनि त्यसमध्येको मुख्य काम हो। ढिलो वा छिटो एकता भयो भन्नेतिर जानुभन्दा पनि एकता भयो यो स्वागतयोग्य छ। अब पार्टी ठूलो भएको छ, जनताको भरपूर समर्थन भएकाले अब सरकार दायाँबायाँ नगरी अघि बढ्ने छ। विकास र समृद्धिको नारालाई सार्थक बनाउने हाम्रो योजनामा एउटा खुड्किलो थपिएको छ। हिजोका दिनमा विपक्षी पार्टीका साथीहरूले एकता हुँदैन, उनीहरूले जनतालाई ढाँटे भनेर उडाएका थिए तर आज उनीहरू चुपचाप छन्। जनताको चाहनाले नै पार्टी एकता भएको हो, कुनै धाकधम्की दिन र कसैलाई तर्साउन नभई विकास र प्रगतिमा अघि बढ्ने योजनामा सबैको समर्थनको खाँचो छ। जनवर्गीय संगठन व्यवस्थापनका साथै अन्य केही चुनौती छन्, पार्टीले यो दिशामा ध्यान दिनुपर्छ। जनताले धेरै आशा गरेकाले यो पवित्र उद्देश्यमा कसैले पनि भाँजो हाल्ने काम गर्नुहुँदैन।

**एकता हुँदा केही नेता तथा कार्यकर्ता रिसाएका छन् नि ?**

महान काम गर्दा कोही नरिसाउला नि भन्ने पनि हुँदैन तर कसैमा सामान्य चिन्ता र निराशा छ भने पनि राम्रो काम भयो भनेर त्यसलाई बाहिर ल्याएर छताछुल्ल पार्ने काम गर्नु कसैका लागि हितकर हुँदैन। पहिले २ जना अध्यक्ष मात्र राख्ने भनिएको थियो पछि सचिवालय पनि बनाउँदा सबैको नाम नसमेटिएको गुनासो आएको थियो तर अहिले यो विषय सकिएको छ। योग्यता, क्षमता भएकालाई पार्टीले सम्मानका साथ जिम्मेवारी दिनुपर्छ। नेतृत्वको वरिपरि घुम्दैमा र रमाउँदैमा मात्र अवसर पाइने रहेछ भन्ने गलत संस्कारको अन्त्य गर्नुपर्ने बेला आएको छ। आज यो एकतामा कोही कतै छुट्नुभयो होला भोलि अन्य अवसर आउँछन् भनेर सम्झनुपर्छ।

**जनताका चाहना धेरै छन् तर सरकारले केही गर्न सकेको छैन नि ?**

जनताका चाहना धेरै छन् यो कुरा सत्य हो, ती सबै चाहनालाई सम्वोधन गर्नुको हाम्रो कर्तव्य हो। तर एकै छिनमा जादुको शैलीमा भइहाल्ने भन्ने हुँदैन। सरकारले केही काम नै गरेको छैन भन्ने तपाईंको भनाइमा म सहमत छैन। सरकारको नीति तथा कार्यक्रमले जनताका केही चाहना समेटेको छ। यो कार्यक्रममा छुटेका कुरालाई बजेटमा समेट्छ भन्ने आशा गरेका छौं।

**कांग्रेसले सरकारको नीति तथा कार्यक्रममा विरोध गर्नुको कारण के होला ?**

कांग्रेसलाई नेपाल कम्युनिस्ट पार्टी ठूलो भएकामा चिन्ता छ। कांग्रेस बिग्रिएर कम्युनिस्ट राम्रो हुनुपर्छ भन्ने होइन तर कांग्रेसले अहिलेसम्म केही काम नगरेकाले नै मतदाताले विकल्पका रूपमा कम्युनिस्ट रोजेका हुन्। २०४७ सालपछि पटकपटक सरकारको नेतृत्व गर्ने कांग्रेसले जनताको मन जितेको भए मत पाउँथ्यो जनताले नपत्याएर यो हालत भयो। २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वको एमाले सरकारले अघि सारेका योजना र कार्यक्रमलाई पनि कांग्रेसले विरोध गरेकै हो तर त्यो 'पपुलर' भयो जनताले पत्याए, यसपालि पनि यस्तै हो। विकास, प्रगति र देशको उन्नति भएको कांग्रेसले देख्न चाहेको छैन, जहाँ पनि भाँजो हालेर भाँड्ने काम गरेको छ। आफू पनि नगर्ने र अरूले गरेको काम पनि राम्रो हो भन्न नसक्ने यो प्रवृत्ति पुरानै हो त्यसैले विपक्षीलाई धेरै टिकाटिप्पणी गर्ने मन छैन। कांग्रेस यसरी किन अत्तालिएको हो मैले बुझेको छैन। 'सुखी नेपाली, समृद्ध नेपाल' को चाहनालाई पूरा गर्न सबैको समर्थन चाहिएको छ। कांग्रेस अझै सुध्रिएन भने साइन बोर्डमा मात्रै सीमित रहनेछ।

**आगामी बजेटमा निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रममा १० करोड रुपियाँ छुट्याइनुपर्छ भनेर लाग्नुभएको छ त्यो केका लागि, अनियमितता गर्ने सांसद्लाई कारबाही हुँदैन ?**

मैले पनि केही गुनासाहरू सुनेको हुँ। कसैले पनि अनियमितता गर्ने वा अनावश्यक ठाउँमा लगानी गर्ने काम गरेको छ भने त्यसको खोजी गर्नुपर्छ तर सांसद्लाई विकासका लागि बजेट नै नदिने भन्ने कुरा पुरातन मानसिकता र सरासर गलत सोच हो। हिजो हामीले निर्वाचनमा भोट माग्न जाँदा नीति, नियम र कानुन बनाउँछौं भन्दा पनि यो र त्यो विकास गर्छौं भनेका छौं, जनतासँग प्रत्यय सम्बन्ध राख्ने विकासका योजना कटौती गर्नु र लगानीको वातावरण बनाउदिन भन्ला सरकारले भन्ने लाग्दैन। प्रधानमन्त्री पनि हाम्रो मागको पक्षमा हुनुहुन्छ, विकास नहोस् भन्ने उहाँको चाहना छैन। सानातिना योजनाहरू पूरा गरेको खण्डमा सरकारले ठूला योजना मात्र हेर्न सजिलो हुन्छ जसले गर्दा विकासको ढोका खोल्न सकिन्छ।

**तपाईंले निर्वाचनमा भोट माग्दा के भन्नुभएको थियो, कति काम गर्नुभयो ?**

भर्खरै मात्र काम भइरहेको छ तर जनतालाई नहुने काम गर्छु भनेर केवल मीठा आश्वासन बाँडेको छैन। म दिनरात जनताकै काममा छु र सधैं उहाँहरूकै लागि चिन्तित हुन्छु, केही सुरुआत गरेको छु। जनताको मतको सम्मान गर्नेछु, म शासक नभई सेवकको भूमिकामा रहनेछु।



## वर्दीमा रोमान्स

*वीरंगना* नामक फिल्मको गीतमा प्रहरीको भेषमा रोमान्स गर्दै अनुपविक्रम शाही र शिल्पा पोखरेल।

PAGE 3

## भलाकुसारी

राजधानीमा आयोजित एक कार्यक्रममा भलाकुसारी गर्दै हास्यव्यंग्य अभिनेता हरिवंश आचार्य र सञ्चार तथा सूचना प्रविधि राज्यमन्त्री गोकुलप्रसाद बास्कोटा।



# फेसन ट्रेडमा सेलिब्रेटीदेखि पत्रकारसम्म



तस्वीर : रंगराज आचार्य







सेलिब्रेटीदेखि पत्रकारसम्मलाई र्‍याम्पमा नाप्न लगाउँदै शुक्रबार राति राजधानीमा भव्य फेसन शो गरिएको छ। राजधानीको फेसियल हाउसले भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा *फेसन ट्रेड सिजन टु* नाममा फेसन शो गर्दै सेलिब्रेटीदेखि पत्रकारसम्मलाई र्‍याम्पमा क्याट्वक गराएको हो।

पोखरापछि दोस्रोपटक राजधानीमा गरिएको *फेसन* ट्रेडमा परम्परागत, सिर्जनशीलदेखि दैनिक जीवनमा प्रयोग हुने पहिरनसम्म प्रस्तुत गरिएको थियो। देशकै ठूलो फेसन शो भन्दै आयोजना गरिएको फेसन शो ७ सिक्वेन्समा विभाजित गरिएको थियो।

फेसियल हाउसले यसपल्ट फेसन शोका लागि मोडल मात्रै नभई रोल मोडल पनि छानेको थियो समाजका प्रतिष्ठित विभिन्न पेशा, व्यवसाय र क्षेत्रमा आफूलाई स्थापितलाई र्‍याम्पमा उतारिएको थियो। फेसन शोमा अभिनेतृ तथा राजनीतिज्ञ करिश्मा मानन्धर, पूर्व मिस नेपाल उषा खड्गी, अभिनेतृ क्षितिजा शाक्य, दिक्पाल कार्की, एसराज गराच, पूर्व मिस्टर नेपाल गणेश अग्रवाललगायतले र्‍याम्पमा क्याट्वक गरेका थिए। त्यसैगरी पहिलोपल्ट पत्रकारलाई पनि र्‍याम्पमा उतारिएको थियो। शोका क्रममा २० जना पत्रकार र्‍याम्पमा उत्रिएका थिए।



कार्यक्रममा गायक युवराज चौलागाईं, गायिका आस्था राउतलगायतका गायक गायिकाले आफ्नो सांगीतिक प्रस्तुति प्रस्तुत गरेर फेसन शोलाई संगीतमय बनाएका थिए।

*फेसन ट्रेड सिजन* टुका लागि सुष्मा महराका डिजाइन मेकअपलाई प्रस्तुत गर्न कोरियोग्राफ लक्की खड्की, दिक्पाल कार्की, स्मित तामाङ, ड्रेस डिजाइनर प्रेम देव, एनि र मेकअप चन्द्र लामा र हेयर डिजाइनमा बिगेन तामाङ रहेका थिए। *फसन ट्रेड सिजन वान* पोखरामा भएको थियो। नेपालमै पहिलोपल्ट ३ महिनासम्म हरेक शुक्रबार पारेर पोखरामा आयोजना गरिएको उक्त फेसन शो पोखरेलीमाझ चर्चित बनेको थियो।

फेसियल हाउसकी म्यानेजिङ डाइरेक्टर सुष्मा महराले *फेसन ट्रेड सिजन* टुले फेसनको दुनियाँमा नयाँ मान्यता स्थापित गरेको बताइन्। 'यसपल्ट हामीले समय सान्दर्भिक फेसनेबल डिजाइन, मेकअप र भविष्यमा हुने र चल्ने डिजाइन तथा मेकअपलाई *फेसन* टेड्रमार्फत प्रस्तुत गर्‍यौं', फेसियल हाउसकी म्यानेजिङ डाइरेक्टर सुष्मा महराले भनिन्- 'फेसन हिरो/हिरोइन र मोडल गर्ने कुरा हो भन्ने मान्यता छ। तर, सबै पेशा, व्यवसाय र क्षेत्रमा रहेकाहरू आकर्षक र स्मार्ट बन्न जरुरी हुन्छ भन्ने सन्देश प्रवाह गर्न खोजेका हौं।'

कार्यक्रममा प्रमुख अतिथि नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष उमेशलाल श्रेष्ठले फेसन सबैका लागि उत्तिकै जरुरी भएको बताए।




## ट्रेलरमा चक्कर



क्राइम ड्रामा जनरामा बनेको फिल्म *चक्कर*को ट्रेलर तथा पोस्टर सार्वजनिक गरिएको छ।


नेसनल मिडिया प्रोडक्सन तथा काठमाडौं आर्ट हाउसको प्रस्तुति रहेको फिल्मको ट्रेलरमा अभोनराज उप्रेती, अर्पण थापा, सिर्जना सुब्बा, ऋचा शर्मा र स्मृती पोखरेललाई फिचरिङ गरिएको छ। हिंस्रक प्रेमसम्बन्ध कथावस्तु रहेको फिल्म साउन ४ गते अल नेपाल रिलिज हुने निर्माता तथा छायाँकार रवीन आचार्यले बताए। अनुस्का रौनियरले निर्देशन गरेको फिल्ममा कथा र सम्पादन पनि उनकै छ। फिल्ममा संगम पन्त तथा पुयपा पलान्चोकेको संगीत रहेको छ भने नितेशजंग कुँवर, पुष्पा पलान्चोके तथा शीतल मोक्तानको स्वर रहेको छ।

## भदौमा सुश्री सम्पत्ति

पत्रकार सुव्रत आचार्यको निर्देशनमा निर्माणाधिन फिल्म *सुश्री सम्पत्ति* आगामी भाद्र २२ मा अल नेपाल रिलिज हुने भएको छ।

फिल्मले एक सम्पन्न युवतीको कथा प्रस्तुत गर्ने निर्देशक आचार्यले बताए। फिल्ममा प्रमोद अग्रहरी, राजाराम पौडेल, विशारद बस्नेत, सुनिता श्रेष्ठ ठकुरीलगायतका कलाकारले अभिनय गरेका छन्। प्रियंका कार्की अतिथि भूमिकामा देखिनेछिन्।

सुरेश अधिकारीको शब्द र संगीत रहेको फिल्ममा कविराज गहतराजको कोरियोग्राफी, भरत रेग्मीको सम्पादन र अर्जुन तिवारीको छायांकन रहेको छ। रमेश त्वायना प्रस्तुतकर्ता रहेको फिल्मको कथा निर्देशक आचार्यले नै लेखेका छन् भने पककथा अभिमन्यु निरवी, संवाद अभिमन्यु निरवी र निर्देशक आचार्यको रहेको छ।




## नेपाली चलचित्रको सम्मानमा

# कामना फिल्म अवार्ड्स् २०७५

## सहभागिताका लागि आवेदन भर्नुहोस्




लाखौं पाठकको एकमात्र प्रिय सिने मासिक कामनाले नेपाली चलचित्र र चलचित्रकर्मीको सम्मानमा सिजी इन्टरटेनमेन्टसँगको सहकार्यमा आयोजना गर्दै आएको कामना फिल्म अवार्ड्स २०७५ मा सहभागी हुनका लागि २०७४ साल वैशाख १ देखि चैत्र मसान्तसम्म सार्वजनिक सिनेमा हलमा प्रदर्शनमा आएका नेपाली चलचित्रलाई आवेदन भर्न आव्हान गरिन्छ ।

**कामना फिल्म अवार्ड्स् २०७५** मा सहभागी हुन इच्छुक नेपाली भाषामा बनेका कथानक चलचित्रका निर्माताहरुले कामना न्यूज पब्लिकेसन्स्को कार्यालयमा सम्पर्क राखि आवेदनका साथ चलचित्र विकास बोर्डबाट प्राप्त चलचित्र निर्माण इजाजत्रपत्रको छायाँछवि पेश गर्नु हुन अनुरोध छ ।

CG Entertainment Presents
LUX Kamana Awards

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भिमसेनस्थान, काठमाडौं
फोन : ४२६११७६




## २० लाख तिरेर कतारमा रामकहानी

हिजोआज नेपाली फिल्म पनि विदेशमा छायांकन हुन थालेका छन्। यसै क्रममा निर्माणाधिन फिल्म *रामकहानी*को कतारमा छायांकन गरिएको छ। नेपालको छायांकन पूरा गरी यसको सुटिङ कतारमा गरिएको हो।

फिल्मका निर्देशक सुदर्शन थापा र नायिका पूजा शर्माले अघिल्लो फिल्म *म यस्तो गीत गाउँछु*को विशेष शोका लागि कतार पुगेको मौका पारेर *रामकहानी*को केही दृश्य त्यहाँ खिचेका हुन्। निर्देशक थापाका अनुसार फिल्मको सुरुआत नै कतारबाट हुनेछ। कतारमा नायिका पूजा शर्माको साथमा कतारमै रहेका केही स्थानीय कलाकारले अभिनय गरेका छन्। 'फिल्मको छायांकनका लागि अनुमति लिनै ८ लाख खर्च गर्नुपर्‍यो। अब नेपालमा एउटा गीतको छायांकन गर्न बाँकी छ।' -सुदर्शनले भने। फिल्मको छायांकन कतारमा पनि सौरभ लामाले गरेका छन्। फिल्ममा पूजा शर्मा, आकाश श्रेष्ठ, केदार घिमिरे, जितु नेपाल, रवीन्द्र झा, विल्सन विक्रम राईलगायतका कलाकारले प्रमुख भूमिकामा अभिनय गरेका छन्। *रामकहानी*को *तिम्रो लागि म* बोलको गीत सार्वजनिक भइसकेको छ। यो गीतलाई युट्युबमा २० लाखभन्दा बढी पटक हेरिएको छ।

# विचार

अन्याय गर्नु मात्र अपराध होइन, अन्याय सहनु पनि अपराध हो।
- अज्ञात

जुन मानिस आफ्नो रिस आफैंमा झेल्न सक्छ, त्यो अरूको रिसबाट बच्छ।
- सोक्रेटस

## सम्पादकीय

नेपाल समाचारपत्र

### प्रदूषण परीक्षणमा कडा कदम चाल


सरकारले आगामी साउन १ गतेबाट धूवाँ फ्याक्ने सवारी साधनलाई रोक लगाउने भएको छ। धूवाँ फ्याक्ने सवारी साधनले वायु प्रदूषण बढाउनुका साथै नागरिकको स्वास्थ्यमा गम्भीर असर पर्ने भएपछि यस्तो पहल अघि बढाइएको हो। धूवाँ परीक्षण कडाइ गर्दै त्यसपश्चात् हरियो स्टिकर प्राप्त सवारीलाई मात्र सञ्चालन अनुमति दिने तयारी गरिएको यातायात व्यवस्था विभागले जनाएको छ। साउन १ गतेबाट काठमाडौं उपत्यकासहित मुलुकका सबै महानगरपालिका र उप–महानगरपालिकामा यस्तो व्यवस्था अनिवार्य गर्न सबै प्रक्रिया अघि बढाइएको विभागका अधिकारीले बताएका छन्।

डिजेल र पेट्रोलबाट सञ्चालन हुने सवारीको प्रदूषण परीक्षणका लागि छुट्टाछुट्टै मेसिन खरिद प्रक्रिया अघि बढाइएकाले साउन अगावै मेसिनले धूवाँ परीक्षण गर्ने अधिकारीको दाबी छ। २० वटा ग्यास एनालाइजर (पेट्रोलबाट गुड्ने सवारी) र स्मोक एनालाइजर (डिजेलबाट गुड्ने सवारीको) गुणस्तर परीक्षण गर्ने उपकरण जापानबाट ल्याइँदै छ। विद्यमान व्यवस्थाअनुसार ६/६ महिनामा सवारीको प्रदूषण परीक्षण गर्नुपर्ने व्यवस्था छ तर परीक्षण देखावटी र कागजमा औपचारिक बनाइँदा काठमाडौं उपत्यकासहित मुख्य सहरी क्षेत्रमा प्रदूषित सवारीको संख्या धेरै छ। विगतको फितलो व्यवस्था हेरफेर गर्दै कडाइका साथ प्रदूषण परीक्षण र हरियो स्टिकर अनिवार्य गर्न लागिएको विभागको दाबी छ।

काठमाडौं उपत्यकाको वायुमा पीएम १ र २.५ माइक्रोनभन्दा सूक्ष्म धुलोको मात्रा बढ्दो रूपमा रहेको र सूक्ष्म कण सवारीसाधनका कारण फैलिने गरेको वातावरण विभागको ठहर छ। उपत्यकाको प्रदूषणमा गाडीको धूवाँको मात्रा ३० देखि ३३ प्रतिशतको हाराहारीमा रहेको र त्यति नै मात्रामा सवारीले सडकको धुलो फैलाउने गरेको विभागको तथ्यांक छ। प्रदूषित सवारी हटाउँदै वायु गुणस्तर सुधार्न विगत २ दशक यता पहल हुँदै आएको छ। यसक्रममा उपत्यकामा डिजेलबाट चल्ने टेम्पोलाई उपत्यकाबाहिर स्थानान्तरण गरिएको उदाहरण छन्। विभागले २०५६ देखि सवारी साधनलाई वातावरणमैत्री बनाउन हरियो स्टिकर वितरण गर्दै आए पनि यो व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।

विभागकै पहलमा गत चैत १ गतेदेखि २० वर्षे पुराना सवारी साधन हटाए पनि प्रदूषणको मात्रा उस्तै छ। त्यसैले अहिले अघि बढाइएको पहललाई कडाइका साथ लागू गरेमा प्रदूषण पक्कै पनि घट्नेछ। विभागले जापानबाट झिकाउने तयारी गरेका उपकरण काठमाडौं उपत्यका र आसपासका स्थानलाई मात्रै पर्याप्त हुने अनुमान गर्न सकिन्छ। उपत्यकाबाहिर समेत सार्वजनिक सवारीको चाप बढिरहेका बेला प्रदूषण परीक्षण काठमाडौं उपत्यकामा मात्रै सीमित गरिनुहुन्न। हरेक प्रदेश र आवश्यकताअनुसार जिल्लामा पनि अनिवार्य गरिएको खण्डमा सवारी प्रदूषण घट्नेछ।

## अबको बहस नाम र राजधानीको



नगेन्द्रराज पौडेल

सातवटै प्रदेशमा प्रदेशसभाको पहिलो अधिवेसन सकिएर कतै दोस्रो अधिवेसन बसिसकेका छन् त कतै बस्ने तयारीमा छन्। सङ्घीयताको देन नै मान्नुपर्छ यसपटकदेखि जनताले ७ वटै प्रदेशमा सांसद र सदन देख्न र हेर्न पाएका छन्। सङ्घीयताको अनुभूति घर-आँगनमा नै गर्न पाएका छन्। गत मंसिरमा आम चुनाव सकिएपछि ७ वटै प्रदेशमा प्रदेशसभाको प्रथम अधिवेसन २०७४ को माघतिर शुरू भएका थिए। नेपालको संविधान २०७२ को धारा १८३ अनुसार प्रदेश प्रमुखलाई प्रदेशसभाको अधिवेसन आह्वान र अन्त्य गर्ने अधिकार छ। सोही प्रावधानअनुसार प्रदेश-३ को पहिलो अधिवेसन वैशाख १४ मा समाप्त भई गत जेठको १ गतेदेखि दोस्रो अधिवेसन चलिरहेको छ।

प्रदेश-२ मा भने प्रमुख प्रतिपक्षी को हुने भन्ने विवादमा लामो समयसम्म बैठक नै अवरुद्ध भई पुनः सञ्चालनमा आएर गत जेठ ४ गते अन्त्य भएको थियो। त्यहाँ यही जेठ १३ गतेदेखि दोस्रो अधिवेसन बोलाइएको छ। कर्णाली प्रदेशको पहिलो अधिवेसन वैशाख १८ मा अन्त्य भई वैशाख ११ देखि दोस्रो अधिवेसन शुरू भएको छ भने प्रदेश-५ को वैशाख २५ गते अन्त्य गरिएको छ। प्रदेश-७ को वैशाख २० मा र प्रदेश-४ को वैशाख २४ देखि अन्त्य गरिएको छ भने दोस्रो अधिवेसन आगामी जेठ १६ गते हुने गरी कार्यक्रम तय भएको छ। दोस्रो अधिवेसनको आह्वान प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखले गर्ने र पहिलो र दोस्रो अधिवेसनको अन्तर ६ महिनाभन्दा बढी हुन नहुने संवैधानिक प्रावधान छ।

अधिवेसन अन्त्य भएको अवस्थामा पनि यदि प्रदेशसभाका सम्पूर्ण सदस्य संख्याको २५ प्रतिशत सदस्यले लिखित अनुरोध गरेमा प्रदेश प्रमुखले त्यस्तो अधिवेसन वा बैठक बस्ने दिन, समय र स्थान तोकी बैठक वा अधिवेसन बोलाउने व्यवस्था पनि संविधानद्वारा गरिएको छ। जनताका जल्दाबल्दा मुद्दाहरू जनप्रतिनिधिबाट ओझेलमा नपरून र राष्ट्रिय एवं प्रादेशिक विषयमा जनप्रतिनिधि जानकार रहून भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको हुनसक्छ, जुन लोकतान्त्रिक पद्धतिमा आवश्यक पनि देखिन्छ।

संवैधानिक प्रावधानअनुसार सबैभन्दा बढी प्रदेश-३ मा १ सय १० जना र सबैभन्दा कम प्रदेश-६ मा ४० जनासहित ७ वटै प्रदेशमा कुल ५ सय ५० जना प्रदेश सभाका सदस्य छन्। कुल सदस्य संख्याको २० प्रतिशत रहने गरी मन्त्रीमण्डल गठन गर्न सकिने भए तापनि यसपटक सरकारले प्रदेशमा छोटोछरितो मन्त्रिपरिषद्को कल्पना गरेर सानो आकारमा मन्त्रिपरिषद् गठन गरेको छ। मन्त्रिपरिषद्ले विश्वासको मत प्राप्त गरिसकेको छ। हिउँदे अधिवेसन पनि भन्ने गरिएको यो पहिलो अधिवेसनले सबै प्रदेशमा केही विधेयक पारित गरेको छ। प्रदेशसभाका यी बैठकले सभामुख, उपसभामुख चुन्नुका साथै संविधानको धारा १८४ अनुसार सरकारको नीति तथा कार्यक्रम प्रदेश प्रमुखबाट प्रस्तुत भई पारितसमेत भइसकेको छ। बजेट पनि पेस भई पारित भएको छ। प्रदेशसभाले आफ्नै कार्य सञ्चालन नियमावलीदेखि प्रदेश सरकारबाट प्रस्तुत आर्थिक कार्यविधि विधेयक, मन्त्रिपरिषद्का सदस्य, स्थानीय तहका पदाधिकारी तथा प्रदेशसभाका सदस्य तथा पदाधिकारीले पाउने सेवा, सुविधा पनि यही अधिवेसनबाट पारित गरेको छ।

**आफ्नै लागि अभाव :**

प्रदेशसभाले यसबीचमा विभिन्न बैठक बसी विभिन्न विधेयक पारित गरेर प्रदेश सरकारलाई सजिलो बनाइदिएको छ। संविधानको अनुसूची-६ अनुसार २१ वटा एकल अधिकार क्षेत्र र अनुसूची-७ अनुसार संघ एवं प्रदेशको २५ वटा साझा अधिकार क्षेत्रको उपभोग गर्न पाउने यो सभाले पहिलो अधिवेसनबाट आफ्ना लागि भने कार्य सञ्चालन नियमावली र सेवा सुविधा तोक्नेबाहेक अरू उल्लेख्य काम गर्न सकेन। यद्यपि संसद्लाई विजनेस दिने सरकारले हो। विधेयकको उठान सरकारले गर्छ। बैठानमात्र सभाले गर्छ। यस मानेमा सरकारले नचाहँदा यो सभाले काम पाउन सक्दैन। सभाको सुव्यवस्था गर्न, सभाका काम कारबाहीलाई चुस्त, दुरुस्त र भरपर्दो बनाउन सभामुखको महत्त्वपूर्ण भूमिका हुन्छ। हाम्रा सन्दर्भमा प्रदेशसभा नवीन अनुभव भएकाले सभामुखहरू यस मामलामा कम नै परिपक्व छन्। उनीहरूलाई सहजीकरण गर्ने, अतिरिक्त समयमा अभ्यास गराउने काम गर्न जरुरी थियो। शुरूमा संघीय संसद्बाट अनुभवसिद्ध सह-सचिवको नेतृत्वमा संघीय संसद्ले सबै प्रदेशमा कर्मचारी खटाएको पनि हो। तर संघीय संसद्को अधिवेसनसमेत यही बेला परेकाले उनीहरूलाई छिटै फिर्ता बोलाइयो। अनुभवी कर्मचारीको अभावका कारण प्रदेश सभाले खासै गति लिन भने नसकेकै हो।

सभाका कैयौं कामलाई रेखदेख, नियन्त्रण र व्यवस्थित बनाउनका लागि सभामुखलाई निकटस्थ कर्मचारीको जरुरत पर्दछ। यसका लागि संविधानको धारा १९५ अनुसार प्रदेश सभा सचिवको व्यवस्था गरिएको छ। सभामुखको सिफारिसमा प्रदेश प्रमुखबाट प्रदेश सभा सचिवको नियुक्त हुने संवैधानिक प्रावधान छ। तर प्रदेश सभाको सचिवको सेवा, सर्त, काम, कर्तव्य तथा अधिकारका बारेमा प्रदेश कानुनबमोजिम हुने व्यवस्था संविधानको धारा १९५ को उपधारा २ ले गरेको छ। कानुन प्रदेश सरकारले पेस गर्नुपर्ने हुन्छ। प्रदेशसभाका दर्जनौं बैठक बस्दासम्म पनि यससम्बन्धी कानुन आएनन्। संघीय सरकारले ७ वटै प्रदेशमा एकरूपता होस् भनी नमुना कानुन बनाएर सबै प्रदेश सरकारमा पठायो तर पनि प्रदेश सरकारले प्रक्रिया अघि बढाएन। केवल कानुन ल्याउनका लागि कानुन मन्त्रालयलाई सरकारले सैद्धान्तिक सहमतिसम्म दियो। योभन्दा अघि काम बढ्न सकेन।

प्रदेशसभाका लागि महत्त्वपूर्ण पदाधिकारी, सभामुखको निकटस्थ सहयोगी प्रदेशसभाको सचिव नियुक्तिका लागि प्रदेशसभापछि परेकै हो। उसले छिटो गरेर कानुन ल्याउनका लागि सरकारलाई सहमत गराउन सकेन वा सचिवको अभाव महशुस गरेन कुन्नि? यदि सरकारले कानुन नल्याएको भए पनि प्रदेशसभा आफैंले संविधानको धारा १८७ को उपधारा २ मा टेकेर सचिव नियुक्ति गर्न सक्दथ्यो। यहाँ पनि त्यो निर्णय नगरेर प्रदेशसभा एक कदमपछि परेकै हो। अरूका लागि अनेकौं विधेयक पारित गरेकामा गर्व गर्ने प्रदेश सभा आफ्ना लागि एउटा सचिवसम्म राख्न नसकेकामा कत्तिको सन्तुष्ट होला उसैले जानोस्। यद्यपि यो मामला भने सभामुखको नीजि मामला हो। उनीहरूले सरकारलाई जति घचघच्याउनुपर्दथ्यो त्यति नघचघच्याएको देखियो।

**अब पालो नाम र राजधानीको :**

नेपालको संविधानको धारा २८८ को उपधारा २ अनुसार 'प्रदेशको राजधानी सम्बन्धित प्रदेशसभाका तत्काल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय भएबमोजिम हुनेछ' भनी उल्लेख भएको छ। तत्कालीन प्रदेश नं. ६ ले प्रदेशको नामकरण कर्णाली र राजधानी सुर्खेतको वीरेन्द्रनगरलाई बनाएर यससम्बन्धी मुद्दालाई बेलैमा किनारा लगाइसकेको छ। यो विषयमा अन्य प्रदेशपछि परेका छन्। यद्यपि प्रदेश नं. ३ र ४ ले प्रदेश नामकरण र राजधानी सिफारिस गर्नका लागि समिति गठन गरेको र समितिले विभिन्न जिल्लामा गई राय सुझावसमेत लिइसकेको अवस्था छ। बाँकी प्रदेश नं. १, २, ५ र ७ ले यस विषयमा छलफलसमेत चलाएका छैनन्।

पहिलो अधिवेसनबाटै टुंगिएला भनेर धेरैले आशा गरेको राजधानी र नामकरणको मुद्दालाई यी प्रदेशले बेलैमा टुंगाउन सकेनन्। नामकरणका हकमा संविधानको धारा २९५ को उपधारा २ मा 'प्रदेशको नामकरण सम्बन्धित प्रदेशसभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट हुनेछ' भन्ने उल्लेख गरिएको छ। तर प्रदेशसभाले यसबीचमा न प्रदेश सचिव नै नियुक्त गर्न सक्यो, न प्रदेशको नामकरण गर्न नै सक्यो, न त राजधानी नै टुङ्गयायो। ४ नं. प्रदेशमा पोखराजस्तो राजधानीका लागि लगभग निर्विकल्प मानिएको ठाउँलाई समेत सभाले राजधानी तोक्न सकेन। संस्कृतमा पनि उखान छ- 'शीघ्रस्य शुभम्।' नाम र राजधानीका लागि पहिलो अधिवेसन त खेर गयो गयो, बजेट अधिवेसनको प्रारम्भमा नै कर्णालीबाहेकका अरू प्रदेशले बेलैमा सोच्न जरुरी छ। संविधानले दिएको अधिकार प्रयोग गरी आवश्यकता, औचित्यता र उपयुक्तताका आधारमा प्रदेशसभाका सदस्यले आ-आफ्नो प्रदेशको नामकरण गर्न र राजधानी तोक्न विलम्ब गर्न हुँदैन।

> संविधानको धारा २९५ को उपधारा २ मा 'प्रदेशको नामकरण सम्बन्धित प्रदेशसभाको सम्पूर्ण सदस्य संख्याको दुई तिहाइ बहुमतबाट हुनेछ' भन्ने उल्लेख गरिएको छ। तर प्रदेशसभाले यसबीचमा न प्रदेश सचिव नै नियुक्त गर्न सक्यो, न प्रदेशको नामकरण गर्न नै सक्यो, न त राजधानी नै टुङ्गयायो। ४ नं. प्रदेशमा पोखराजस्तो राजधानीका लागि लगभग निर्विकल्प मानिएको ठाउँलाई समेत सभाले राजधानी तोक्न सकेन।

## पाठक पत्र

### विकासमा चलखेल

अहिले सबैतिर विकासको चटारो छ। आर्थिक वर्षको अन्तिम दोस्रो महिना चलिरहेका बेला सबै जिल्लाका सबै स्थानीय तहमा विकासका कामले थप गति लिन थालेका छन्। असार मसान्तसम्म विनियोजित बजेट सक्नैपर्ने र समयमा योजना सम्झौता गरेर कामको थालनी गर्न नसकेका कारण पछिल्लो दुई महिनामा कामको चाप बढ्ने देखिएको छ। नगरपालिका तथा गाउँपालिका र वडास्तरमा समेत उपभोक्ता समिति गठन र कामको प्रक्रियाको थालनीका लागि भ्याइनभ्याई अवस्था रहेको छ। उपभोक्ता योजनाको बजेट फ्रिज जाने त्रासमा छिटो-छिटो कामको थालनी गर्ने मानसिकतामा मात्रै छैनन् आफ्नो तर्फबाट पुऱ्याउनुपर्ने प्रक्रियाहरू पूरा गरेर कामलाई तीव्र बनाइरहेका छन्।

उपभोक्ता र जनप्रतिनिधि योजनाका कामलाई सम्पन्न गर्नको लागि लागिरहेको भए पनि कर्मचारीका तर्फबाट भने असहयोग भइरहेका गुनासा आउन थालेका छन्। एकातर्फ समायोजनमा भएको ढिलाइका कारण स्थानीय तहमा आवश्यक मात्रामा कर्मचारी छैनन् भने अर्कोतर्फ भइरहेका कर्मचारीले पनि विभिन्न बहानाबाजी गर्दै दुःख दिने गरेको गुनासो आउन थालेको छ।

लामो समय आफ्नै पारामा चलेका कर्मचारीको अटेरीपन र कर्मचारी तथा जनप्रतिनिधिबीचको समन्वयमा कमी हुनुका कारण पनि सर्वसाधारणले काममा सास्ती भोगिरहेका छन्। पछिल्लो समय गाउँपालिका तथा नगरपालिकामा हुने सबैखाले क्रियाकलाप र योजनाको भुक्तानी दिने प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतले पालैपालो बिदा लिँदा कैयौं हप्तासम्म भुक्तानीका लागि कुर्नुपर्ने अवस्था रहेको गुनासा आइरहेका छन्। दुवैजना नभएसम्म भुक्तानीका लागि चेक तयार नहुने र पालैपालो विदा सुविधा उपभोग गर्दा योजनाका काम तथा सर्वसाधारणका काम प्रभावित हुने गरेका छन्।

कर्मचारीलाई विदा नै नलिनु भन्न खोजिएको हैन। जनताले तिरेको करबाट तलब भत्ता लिने कर्मचारीको जनताको काम प्राथमिकतामा पर्नुपर्छ। आर्थिक वर्षको अन्त्य र योजनाको कामका लागि उपयुक्त समय रहेकाले यो बेलामा लामो विदाको सुविधा कर्मचारीलाई दिइनुहुँदैन। आपत्कालीन अवस्थाबाहेक नयाँ आर्थिक वर्षको सुरुआत नहुने बेलासम्म उपलब्ध कर्मचारीलाई कार्यालयमा बसेर काम गर्ने वातावरण मिलाउने र अटेरी गर्ने कर्मचारीलाई कारबाही गर्ने हिम्मत सरकारले गर्नुपर्छ। एकातर्फ स्थानीय सरकारको बजेट पूर्वको तयारीको काम भइरहेको छ भने अर्कोतर्फ ढिला गरी सम्झौता भएका योजनाको काम चलिरहेको छ। यो अवस्थामा कुनै पनि बहानामा कर्मचारीले सर्वसाधारणका कामलाई रोकावट वा कर्मचारीको अनुपस्थितिको कारण काम नबन्ने अवस्था आउन दिनुहुँदैन। स्थानीय सरकारले संविधानले दिएको अधिकार प्रयोग गरेर कर्मचारीलाई जिम्मेवार बनाउने र आफूले गर्न नसक्ने अवस्थामा प्रदेश तथा केन्द्र सरकारलाई सिफारिस गर्ने आँट गर्नुपर्दछ। ध्यान जाओस्।

*- पुरन शर्मा, भक्तपुर*

### सुन्दर प्रकृतिको संरक्षण जरूरी

नेपालमा समुद्र सतहबाट ६० मिटरदेखि ८ हजार ८ सय ४८ मिटरको उचाइसम्म विभिन्न प्रकारको जैविक विविधता र हावापानी रहेको छ। यहाँ १ सय १८ किसिमका वन र पर्यावरणीय प्रणाली रहेका छन्। जहाँ स्तनधारी २ सय ७ प्रजाति, चराहरू ८ सय ८७ प्रजाति (यीमध्ये ६ सय ३४ प्रजातिका चरा चितवन राष्ट्रिय निकुञ्जमा मात्र पाइन्छन्, जहाँ विश्वमा नै दुर्लभ हिलेकावा चरा पनि पाइन्छ।), उभयचर ४३ प्रजातिका, सरिशृप १ सय प्रजातिका, माछा १ सय ८५ प्रजातिका, पुतली ६ सय ५३ प्रजातिका, माकुरा २ सय प्रजातिका, ५ हजारभन्दा बढी प्रजातिका किराहरू, ६ हजारभन्दा बढी फूल फुल्ने वनस्पतिहरू, झ्याउ ४ सय ७१ प्रजातिका, उन्यु ३ सय ८३ प्रजातिका, सानाठूला गरी करिब ६ हजारभन्दा बढी नदीनाला साथै २ सयभन्दा बढी प्रजातिका अन्नबालीको खेती गरिन्छ।

यहाँका झन्डै ८० प्रतिशत मानिसले आफ्नो आवश्यकता जैविक विविधताको क्षेत्रबाट पूरा गर्दछन्। धरातल र कृषियोग्य भूमिको हिसाबले यहाँ दक्षिणबाट उत्तरतिर जाँदा कृषि भूमिमा कमी हुँदै गएको छ। सन् २०१० लाई जैविक विविधताको अन्तर्राष्ट्रिय वर्ष घोषित गरिएको थियो। विश्वमा सबैभन्दा धेरै जैविक विविधता भएको देश ब्राजिल हो। नेपाल विश्वमा ४९औं र एसियामा १२औं स्थानमा रहेको छ। नेपालको जैविक विविधतालाई संरक्षण गर्न प्रतिनिधिसभाले जैविक विविधताको महासन्धिलाई सन् १९९३ नोभेम्बर २३ मा अनुमोदन गरिसकेको अवस्था छ।

नेपालका संरक्षित जीवहरू स्तनधारी २६, पंक्षी ९ र घस्रने ३ प्रजातिका रहेका छन्। कुनै एक प्रजातिको लोप हुँदा त्यसले अर्को प्रजातिलाई संकटमा पार्दछ र अर्को प्रजाति पनि लोप हुने खतरा हुन्छ। अन्ततः यसले पर्यावरण खल्बल्याई मानवीय जीवनमा नकारात्मक प्रभाव पार्दछ। परम्परागत ज्ञान पश्चिमी ज्ञानभन्दा फरक र अनुकरणयोग्य हुन्छ। यो समुदायको प्रत्यक्ष अनुभवबाट सिर्जना भएको समावेशी ज्ञानको भण्डार हो। वन तथा भू-संरक्षण मन्त्रालयका अनुसार नेपालमा पाइने जीवजन्तु ४.३ र चराका ९.५ प्रतिशत प्रजाति पाइन्छन्। वन्यजन्तुसम्बन्धी सचेतनाका लागि सरकारले प्रत्येक वर्ष वैशाख १ देखि ७ गते सम्म वन्यजन्तु संरक्षण सप्ताहका रूपमा मनाउने गर्दछ। त्यस्तै सन् २००० देखि मे २२ लाई जैविक विविधता दिवस मान्न थालिएको छ।

दिगो जैविक विविधता कायम राख्नका लागि नेपाल सरकारले लिएका ३ महत्त्वपूर्ण नीति वनजंगलको संरक्षण र संवर्द्धन, कृषिमा विविधता र सीमसार क्षेत्रको संरक्षण छन्। नेपालमा करिब १५० किलोमिटरको फरकमा रहेको भौगोलिक बनोटमा विविध जैविक विविधता पाइन्छन्। राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र र वन्यजन्तु आरक्षले पनि जैविक विविधता संरक्षणलाई पहिलो प्राथमिकता दिएका हुन्छन्। जैविक विविधता संरक्षणमा अनुसन्धानकर्ताले त्यस्ता कार्यक्रम वा योजना, नीति-नियम निर्माण गर्नुपर्दछ जुन कार्यक्रमले स्थानीय कल्याण र जनताको संस्कारलाई कुनै पनि रोकावट नगर्ने खालका हुनुपर्दछ।

पृथ्वीमा जैविक विविधता हुनु हाम्रो जीवित सम्पत्ति हो। वन नीति २०७१ ले वन, वनस्पति, जडीबुटी, वन्यजन्तु, संरक्षित क्षेत्र, जैविक विविधता र जलस्रोतको संरक्षण, संवर्द्धन र सही सदुपयोग गर्दै रोजगारीका अवसर सिर्जना र आयआर्जनमा वृद्धि गरी निम्न वर्गको जीविकोपार्जनमा सुधार र पारिस्थितिकीय प्रणालीबीच सन्तुलन कायम गर्ने लक्ष्य लिएको छ। यसको संरक्षणका लागि सामुदायिक तहमा जनचेतना विकास गरेर मानवीय गतिविधिलाई विवेकशील बनाउनुपर्दछ।


*- सरस्वती तिवारी, नुवाकोट*

## सामाजिक सञ्जाल



यस्तो जिन्दगी बाँच्नुस् कि जिन्दगी कमसेकम अहिलेलाई बाँच्न लायक होस् र भोलिपर्सि सम्झन लायक होस्।

**Subin Bhattarai**
**@subinbhattarai1**



सम्पत्तिले कसलाई पो पुगेको छ र ? लालच गरेर भइरहेको जिन्दगी पनि तहसनहस नपारौं, कुकर्म गरी अरूलाई आँसुमा डुबाएर आफ्नो सपनाको महल ठड्याउने कल्पना नगरौं। पापको आयु लामो हुँदैन।

**आरती**
**@aarya234**



सामुदायिक स्कुलमा अहिलेको अंग्रेजी माध्यमका स्कुलको अवस्था नबुझ्ने स्टुडेन्ट, बुझाउन नसक्ने शिक्षक अनि अर्धपढाइ हाम्रो समाज।

**Anil khatri**
**@anilkhatri34**

२०७५, जेठ
आइतबार
१३

{ ६ मार्च २०१६ बाट ३ वर्षभित्र, शहरका कुकुर गणना गर्ने खोप लगाउने तथा बन्ध्याकरण गर्ने कामले ठोस गति लिन नसकेको टिप्पणी आएपछि कार्यक्रमको निरन्तरता हुने नहुने अन्योल थियो।



# २० प्रतिशत खेतीयोग्य जमिन अझै बाँझै

प्रशान्त वली, काठमाडौं

सरकारले खेतीयोग्य जमिन प्रयोग नगर्ने जग्गाधनीलाई कानुनी दायरामा ल्याउने तयारी थालेको छ। यसका लागि ऐन निर्माणको प्रारम्भिक काम शुरू गरिने भएको छ।

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका अनुसार कुल खेतीयोग्य जग्गामध्ये हाल ३० लाख ९१ हजार हेक्टरमा मात्रै खेती भएको छ भने २० देखि २५ प्रतिशत जमिन बाँझै छ। तत्कालीन भूमि सुधार मन्त्रालयले जमिन बाँझो राख्न नपाउने मस्यौदा तयार गरेको थियो।

कृषि विकास मन्त्रालयले २०७२ सालमा २७ बुँदे प्रतिबद्धता जारी गरी जग्गालाई बाँझो राख्न नपाउने गरी नीति तथा कार्यक्रम ल्याएको कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सहप्रवक्ता शंकर सापकोटाले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो- 'खेतीयोग्य जमिन बाँझो राख्न मिल्दैन। बाँझो राखेको पाइएपछि नै मन्त्रालयले सिँचाइ नभएको जमिनमा सिँचाइ उपलब्ध गराउने, बीउबिजन सहुलियतमा उपलब्ध गराउने योजना ल्याएको हो।'

ऐन नआउँदा समस्या भएको भन्दै सहप्रवक्ता सापकोटाले भन्नुभयो- 'ऐन नै आएपछि जग्गाधनी बाध्यकारी हुन्छ, बाँझो राख्न पाउँदैन।'

तुलनात्मकरूपमा तराईका जग्गा उपयोगमा आउन नसकेका बताइएको छ। एउटा क्षेत्रमा ३ बाली लगाउनुपर्ने भन्दै तराईका जग्गामा एउटा जग्गामा १ सिजन बाली लगाउने गरिएको छ। किसानसँग जमिनको स्वामित्व नहुनु, अनुपस्थित भूस्वामित्वको स्थिति कायमै रहनु, कृषिमा श्रम गर्ने युवाशक्तिको पलायन, न्यून उत्पादकत्व, कृषि उत्पादन सामग्रीको कमीलगायतका अन्य कारणले खेतीयोग्य जमिन बाझै रहेको छ।

मन्त्रालयका अनुसार बाँझो जग्गामा खाद्यान्न उत्पादन तथा पोषण सुरक्षा कायम राख्न धान, मकै, फापर, गहुँ, जौ, आलु, कोदो, फलफूल तथा तरकारी माछा, दलहन, तेलहन, नगदे तथा औधौगिक बाली र कृषिमा आधारित जडीबुटी खेती गरिन्छ।

जमिन बाँझो राख्न नहुने कानुनी व्यवस्थालाई कडाइका साथ लागू गराउन पहल गरिने कानुन न्याय तथा संसदीय मामिलामन्त्री शेरबहादुर तामाङले बताउनुभयो।

नेपालको कृषि गणना २०६८ लाई आधार मानेर हेर्दा १० वर्षपछि १ लाख २९ हजार हेक्टर जमिन बाँझै छ। तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले संसद्मा आव २०७३/०७४ को बजेट बजेट पेस गर्दै जमिन बाँझो राख्नेलाई उत्पादनको २५ प्रतिशत जरिवाना लाग्ने बताउनुभएको थियो। तर उक्त वक्तव्य नारामा मात्रै सीमित भएको सरोकारवाला बताउँछन्।

# रिसोर्टमा लगेर बलात्कार

भक्तपुर, (नेस)

रिसोर्टमा लगेर युवतीलाई बलात्कार गरेको आरोपमा प्रहरीले ललितपुरका १ युवकलाई पक्राउ गरेर भक्तपुर ल्याएको छ। २७ वर्षकी १ युवतीलाई जबरजस्ती करणी गरेको आरोप लागेका ललितपुर महालक्ष्मी नगरपालिका-७ का विक्रम बस्नेतलाई प्रहरीले पक्राउ गरेको हो।

बस्नेतले गत पुस ५ गते राति करिब ९ बजेको समयमा अरनिको राजमार्गस्थित सूर्यविनायक नगरपालिका-९, नंखेलमा रहेको सिटीगाँउ रिसोर्टमा लगेर जबरजस्ती करणी गरेको आरोप पीडित युवतीले जाहेरीमा उल्लेख गरेकी छिन्।

पीडित पक्षबाट २०७५ वैशाख २ गते जबरजस्ती करणीअन्तर्गत मुद्दा दर्ता भई फरार रहेका बस्नेतलाई शुक्रबार पक्राउ गरिएको महानगरीय प्रहरी परिसर भक्तपुरका प्रवक्ता डीएसपी कृष्ण प्रसाईंले जानकारी दिएका छन्। घटना सम्बन्धमा थप अनुसन्धान कार्य जारी रहेको प्रवक्ता डीएसपी प्रसाईंले बताए।

यसअघि प्रहरी परिसरले एक १५ वर्षकी बालिका जबरजस्ती करणी गरेको अभियोगमा १ जनालाई मंगलबार पक्राउ गरेको थियो। भक्तपुर चाँगुनारायण नगरपालिका वडा नम्बर ५ बस्ने सुजन खत्रीले गत चैत १२ गते बालिकालाई आफ्नै घर कोठामा बोलाएर डर, त्रास धम्की दिई जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ गरेको प्रहरी परिसर भक्तपुरका प्रहरी निरीक्षक सुशीलकुमार पाण्डेले जानकारी दिनुभयो।

बालिका गर्भवती भएको र ७ हप्ताको बच्चा गर्भमा रहेको परिवारले थाहा पाएपछि जाहेरी दिएलगत्तै प्रहरीले पक्राउ गरी जबरजस्ती करणी अभियोगमा मुद्दा दर्ता गरी अनुसन्धान शुरू गरेको उहाँले बताउनुभयो।

# 'पर्यटनक्षेत्रको भूमिका महत्त्वपूर्ण'

नेपाल समाचारपत्र

काठमाडौं

गन्तव्य नेपाल ग्रुपले प्रदान गर्ने टुरिजम म्यान अफ दि ईयर अवार्ड-२०१८ 'बुद्ध वाज बर्न ईन नेपाल' अभियानमार्फत गिनिज बुकमा नाम लेखाउन पहल गरेबापत प्रतिष्ठा अमात्यलाई प्रदान गरेको छ।

नेपाली चुल्हो तथा नर्थफिल्ड होटलकी कार्यकारी निर्देशक अमात्य पर्यटन व्यवसायका साथै अन्य विभिन्न सामाजिक गतिविधिमा सक्रिय छिन्। प्रतिनिधिसभाका सभामुख कृष्णबहादुर महराले सो अवार्ड प्रदान गरे। त्यसैगरी योङ टुरिजम पर्सनालिटी अवार्ड-२०१८ बाट युवा समाजसेवी तथा होटल प्लेजर होमका प्रबन्ध निर्देशक दामोदर ढकाललाई प्रदान गरिएको थियो।

कार्यक्रममा प्रतिनिधिसभाका सभामुख कृष्णबहादुर महराले देशको विकासमा पर्यटन क्षेत्रको भूमिका महत्त्वपूर्ण भएकाले सभामुखको हैसियतले नेपालको पर्यटन क्षेत्रको विकासका लागि आफ्नो सम्पूर्ण सहयोग रहने बताउभयो। त्यसका लागि सरकारलाई आवश्यक दबाब दिन महराले निजी क्षेत्रलाई आग्रह गर्नुभयो।

नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधिले नेपालमा पर्यटन क्षेत्रको प्रचूर सम्भावना रहेको बताउँदै देशभित्रै आन्तरिक पर्यटनको विकास गर्नु आवश्यक रहेको बताउनुभयो। 'नेपालमा हिमाली र पहाडी क्षेत्रका जनतालाई तराईका पर्यटकीय गन्तव्यमा र तराईका जनतालाई पहाड र हिमालका पर्यटकीय गन्तव्यमा आकर्षित गर्न सके नेपालमा पर्यटन क्षेत्रको विकास हुन्छ' - निधिले भन्नुभयो।

# प्रादेशिक सूचना आयोग स्थापनामा जोड

काठमाडौं, (नेस)

राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयूक्त कृष्णहरि बाँस्कोटाले सबै प्रदेशमा प्रादेशिक सूचना आयोग स्थापना गर्नुपर्ने बताउनुभएको छ।

अमेरिकी सहयोग नियोग (यूएसएआईडी) को सहयोगमा फ्रिडम फोरमद्वारा भक्तपुरमा आयोजित सूचनाको हकसम्बन्धी ३ दिने आवासीय प्रशिक्षणको शनिबार समापन गर्दै प्रमुख आयुक्त बाँस्कोटाले सूचनाको हकसम्बन्धी ऐनलाई संशोधन गरी प्रादेशिक सूचना आयोगको स्थापना र कार्यक्षेत्र तोकिनुपर्ने उल्लेख गर्नुभयो।

उहाँले संविधानको धारा २७ को प्रतिबन्धात्मक वाक्यमा उल्लेखित 'कानुनले गोप्य राख्नु भनेको विषय सार्वजनिक गर्न बाध्य नहुने' प्रावधानको सट्टा स्पष्ट शब्दमा सूचनाको हकसम्बन्धी ऐनले संरक्षित गर्नु भनेका सूचना सार्वजनिक गर्न बाध्य हुने छैन भन्ने वाक्य संविधानमा राखिनुपर्ने उल्लेख गर्नुभयो।

## '२२ हजार कुकुरको संख्या घोकेको घोक्यै'

काठमाडौं (नेस)

महानगर क्षेत्रभित्र सडकमा डुलिरहने कुकर व्यवस्थापनका लागि मनुमित्र नाम दिएर महानगरसँगै मिलेर काम गरिरहेका ह्युमन सोसाइटी इन्टरनेसनल र द जान गुडल इन्स्टिच्युटलाई परिणाम देखाउन अर्को एक मौका दिइएको छ। १६ मार्च २०१६ बाट ३ वर्षभित्र, शहरका कुकुर गणना गर्ने खोप लगाउने तथा बन्ध्याकरण गर्ने कामले ठोस गति लिन नसकेको टिप्पणी आएपछि कार्यक्रमको निरन्तरता हुने नहुने अन्योल थियो

यसैबीच, शहरी व्यवस्थापन, शहरी सुरक्षा र पशु अधिकारका लागि महानगरले जिम्मेवारी छोड्न नहुने निष्कर्ष निकालेपछि थप १ वर्षका लागि साझेदारसँग सम्झौता नवीकरण गरिएको छ। महानगरका प्रमुख विद्यासुन्दर शाक्य र प्रमुख प्रशासकीय अधिकृत यादवप्रसाद कोइरालाको रोहवरमा महानगरका सहसचिव राजेश्वर ज्ञवाली र साझेदारका तर्फबाट द जान गुडल इन्स्टिच्युटकी कोषाध्यक्ष सृष्टि सिंह श्रेष्ठले सम्झौता नवीकरणपत्रमा हस्ताक्षर गर्नुभयो।

सो अवसरमा बोल्दै महानगरका प्रमुख विद्यासुन्दर शाक्यले विगत कार्यक्रमको समीक्षा गर्दै लक्षित समयमा लक्षित काम गर्न नसकिएको विगतका दिन नबिर्सन आग्रह गर्नुभयो। 'हामी २२ हजार कुकुरको संख्या घोकेको घोक्यै छौं। यो संख्याभन्दा तलमाथि कहिले हुन्छ?' -मेयर शाक्यको प्रश्न थियो। सोही अवसरमा बोल्दै प्रमुख प्रशासकीय अधिकृत यादवप्रसाद कोइरालाले दिगो विकास लक्ष्य प्राप्त गर्न र वातावरणीय सुधारका लागि गरिएका कामको छिट्टै प्रभाव देखिनुपर्ने धारणा राख्नुभयो।

महानगरका जनस्वास्थ्य महाशाखा प्रमुख हरिकुमार श्रेष्ठका अनुसार नवीकरण भएको सम्झौताअनुसार साझेदारले सामुदायिक कुकुरको बध्याकरण गर्नुपर्ने र रेविजविरुद्धको भ्याक्सिन लगाउनुपर्नेछ।

GOVERNMENT OF NEPAL
**MINISTRY OF ENERGY, WATER RESOURCES AND IRRIGATION**
**DEPARTMENT OF IRRIGATION**
**BAGMATI IRRIGATION PROJECT**
KARMAIYA, SARLAHI

## Invitation for Bids

Date of publication: 2018/05/27

1. Bagmati Irrigation Project invites electronic bids from eligible bidders for the procurement of following items **under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.**

| S. N. | Contract Identification No. | Description Of Works | Minimum Bid Security Amount (NRs.) | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years . (NRs. In Million) | Cost of Bid Documents (NRs.) |
|---|---|---|---|---|---|
| (a) | BIP/NCB/CAP-01/074-75 | Construction Of Embankment,Slope Revetment and Studs in Chandi River for CAP | 2100000.00 | 123.57 | 5000.00 |

2. Eligible Bidders may obtain further information at office of Bagmati Irrigation Project, Karmaiya, Sarlahi or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Pre-bid meeting will be held at **Bagmati Irrigation Project, Karmaiya, Sarlahi at 14:00 hours on 2018/06/12.**
4. Bidder who intends to submit their bid may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp till 2018/06/25 17:00 during office hours. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below :
**GON revenue account no. Ka-1-1-001**
**Revenue heading no. 14227 (Bagmati Irrigation Project)**
**Office code no 19-357-02**
**Nepal Bank Ltd. , Malangwa, Sarlahi.**
5. Bidders may submit their completed bids electronically at www.bolpatra.gov.np/egp on or before **12:00 hours on 2018/06/26.** Bids shall be valid for a period of 90 days after the deadline of bid submission. All bids must be accompanied by a scanned copy of the bid security in pdf format of amount mentioned above, valid 30 days beyond Bid validity period.
6. Bids received after the deadline of the submission will be rejected. Technical Bids will be opened in the presence of the Bidders representatives who choose to attend at **Bagmati Irrigation Project,Karmaiya, Sarlahi at 14:00 Hours on 2018/06/26.**
7. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. The intended completion date for the whole of the work shall be **Twelve (12) months from the date of agreement.**
9. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Non compliance with this instruction shall result in disqualification.
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
11. The bidders who wants to deposit cash for the Bid Security may deposit cash on Dharauti Account 029020000333 in the name of Bagmati Irrigation Project, Karmaiya , Sarlahi at Nepal Bank Ltd. , Malangwa, Sarlahi .
12. The Bidder shall submit their hard copies within 7 days; otherwise the bid shall not be responsive.

**Project Manager**

सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

**माउन्ट मकालु यातायात सेवा**
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : धनलाभ, समस्या समाधान, पठनपाठनमा सफलता।
**वृष** : द्रव्यलाभ, शत्रु विजय, खेल-परीक्षा आदिमा सफलता प्राप्ति।
**मिथुन** : कार्यसिद्धि, सन्तान-सुख, धन-सम्पत्ति प्राप्ति, लाभ।
**कर्कट** : अपच, दिनचर्या अस्तव्यस्त, दौडधुप, परिवारमा विवाद, तनाव।
**सिंह** : द्रव्य लाभ हुनेछ, मान-सम्मान बढ्ने, उन्नति-प्रगति हुनेछ।
**कन्या** : धनलाभ, मन स्थिर, सुख-सन्तोष, उपलब्धिमूलक खर्च हुनेछ।
**तुला** : धन प्राप्ति, उपहार, कोसेली प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**वृश्चिक** : अस्वस्थता, इष्टमित्रसाग विवाद, दुर्घटनाको सम्भावना छ।
**धनु** : विविध वस्तु वा सेवाको लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**मकर** : सुख-सन्तोष, कार्यसिद्धि, निरोगिता, जोश-जाागर बढ्ने।
**कुम्भ** : राज्य-सुख, व्यापारिक सफलता, यश-ऐश्वर्य वृद्धि।
**मीन** : रोगको भय, कार्यमा बाधा, धन हानि, अस्वस्थता हुनेछ।



# प्रदेश-३



संघीयताले सदरमुकाम आउनुपर्ने जनताका कामकाज स्थानीय तहबाटै उपलब्ध हुन थालेपछि गाउँमै व्यापार व्यवसाय बढोत्तरी हुँदै गएको बेलकोटगढी नगरपालिकाका व्यापारी सूर्य श्रेष्ठले बताए।

## पहिलो परिषद्को निर्णय

## कानुन निर्माण गर्न संघीय सरकारलाई अनुरोध

**रोशन पराजुली, हेटौंडा**

प्रदेशको राजधानी हेटौंडामा भएको ३ नम्बर प्रदेश समन्वय परिषद् बैठकले केही महत्त्वपूर्ण निर्णय गरेको छ। परिषद्को २ दिनसम्म चलेको पहिलो बैठकले नेपालको संविधानले परिकल्पना गरेबमोजिम संघ, प्रदेश, र स्थानीय तहबीच सहकारिता, सहअस्तित्व र समन्वय अभिवृद्धि गर्न साझा अधिकारका क्षेत्रमा ३ वटै तहका सरकारका काम, कर्तव्य र अधिकार प्रष्ट पार्न शीघ्र कानुन बनाउन नेपाल सरकारसमक्ष अनुरोध गर्ने निर्णय गरेको छ।

परिषद् बैठकले नेपालको संविधानले प्रदेश र स्थानीय तहलाई प्रदान गरेका अधिकारसँग बाझिएका संघीय कानुन संविधानको भावना र मर्मअनुसार संशोधन गर्न नेपाल सरकारसमक्ष अनुरोध गर्ने, नेपालको संविधानबमोजिम कर्मचारी समायोजनको प्रक्रिया सुस्त हुँदा प्रदेश र स्थानीय तहको काम कारबाही र सेवाप्रक्रियामा बाधा पुगेकाले सरकारलाई छिटोभन्दा छिटो टुंग्याउन अनुरोध गर्ने निर्णय गरेको छ।

प्रदेश लोकसेवा आयोग गठन, काम, कर्तव्य र अधिकारसम्बन्धी प्रदेश कानुन बनाउने, प्रयोजनको लागि संघीय संसद्ले उक्त अधिकारसम्बन्धी कानुन नबनाउँदा बाधा पुगेकाले संघीय सरकारलाई कानुन निर्माणका लागि अनुरोध गर्ने निर्णय पनि भएको छ।

३ नम्बर प्रदेशको ढुंगा, गिटी, बालुवा बिक्री वितरणसम्बन्धी ऐन एवम् मापदण्ड निर्धारणसम्बन्धी अनुगमन गर्ने र उक्त विषयमा राजस्व चुहावट सम्बन्धमा स्थानीय तह सचेत हुने निर्णय भएको मुख्यमन्त्री डोरमणि पौडेलले बताउनुभएको छ। प्राकृतिक स्रोतको राजस्व प्रदेश सरकारको समन्वय जिल्ला समन्वय समितिले वैज्ञानिक ढंगले खर्च गर्ने पनि निर्णय भएको छ।

प्रदेश तथा स्थानीय तहले विकास निर्माण गर्दा निजी स्वार्थ नहेरी गुणस्तरीय काम गर्नुपर्ने पनि समन्वय परिषद्को बैठकले निर्णय गरेको छ। न्यायिक तथा सुरक्षाको विषयमा अत्याधुनिक प्रविधि अपनाउने र उक्त कार्यका लागि सम्बन्धित संस्थाले समन्वय र सहकार्य गर्ने निर्णय भएको छ। मुख्यमन्त्री कार्यालयको आयोजनामा बैठक बसेको हो।

## भरिँदै गाउँ खाली हुँदै सदरमुकाम

**शालिकराम चालिसे नुवाकोट**

संघीय संरचनाअनुसार स्थानीय तहमा सबै प्रकारका सरकारी सेवा उपलब्ध हुन थालेपछि नुवाकोटको सदरमुकामभन्दा स्थानीय तहका केन्द्रमा चहलपहल बढिरहेको छ। नगरपालिका र गाउँपालिकाको केन्द्रमा चहलपहल बढेसँगै जग्गाको कारोबारमा समेत बढोत्तरी भइरहेको छ।

संघीयताको कार्यान्वयनसँगै स्थानीय निकायमा सम्पूर्ण अधिकार गएपछि नागरिकता, पासपोर्ट र जग्गा पासबाहेक सबै काम गाउँबाटै भइरहेका छन्। नगर र गाउँपालिकाको केन्द्र पुग्ने सडकको सहजताले गाउँ भरिँदै गएको छ। गाउँमै सबै सेवासुविधा उपलब्ध भएपछि अत्यावश्यक कामबाहेक सदरमुकाम विदुरमा आउने कम भएको छ। जसले गर्दा सदरमुकामको चहलपहल घट्दै गएको छ। चहलपहल घट्न थालेपछि विदुरमा सञ्चालित व्यवसाय पनि ओरालो लाग्न थालेको सरोज थापाले बताए। व्यवसायीले गर्ने लाखौंको कारोबार अहिले हजारमा झरेको छ। बजारमा आएर गर्नुपर्ने काम गाउँबाटै हुन थालेपछि सदरमुकाम विदुर र विदुरमा रहेका सरकारी कार्यालय पनि अहिले सुनसान बन्न थालेको नागरिक समाजका अध्यक्ष बाबुराम लामिछानेले बताउनुभयो।

सिंहदरबारको अधिकार गाउँ-गाउँमा आएसँगै गाउँको विकास निर्माणले गति लिन थालेको छ। मेघाङ गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद रिजालले बताएअनुसार पहिलजस्तो सिफारिस लिनका लागि सदरमुकाम धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ। स्थानीय तह नै बलियो भएपछि सदरमुकामसँगको काम पनि घट्दै गएको छ। सदरमुकाम छाडेर सरकारी कार्यालय गाउँ फर्किएपछि गाउँका रित्ता र जीर्ण भएका घर पनि काममा आएका छन्।

संघीयता कार्यान्वयनपछिको चहलपहलले गाउँमा उमंग छाएको किस्पाङ गाउँपालिकाका अध्यक्ष छत्रबहादुर लामाले बताए। गाउँपालिकामा चहलपहल बढेका बेला सदरमुकामको व्यापार व्यवसाय मात्रै नभई सरकारी अड्डामा समेत सेवाग्राहीको चाप कम भएको छ। जिल्लाभरबाट विकासे कामका लागि निवेदन दिन आउने सेवाग्राहीले भरिभराउ भइरहने जिल्ला समन्वय समिति अहिले सुनसान बनेको छ।

संघीयताले सदरमुकाम आउनुपर्ने जनताका कामकाज स्थानीय तहबाटै उपलब्ध हुन थालेपछि गाउँमै व्यापार व्यवसाय बढोत्तरी हुँदै गएको बेलकोटगढी नगरपालिकाका व्यापारी सूर्य श्रेष्ठले बताए। यसअघि ग्रामीण बस्तीमा यातायातको पहुँच नहुँदा दैनिक उपभोग्य वस्तु खरिदका लागि सदरमुकाम आउनुपर्ने बाध्यता थियो त्यो पनि स्थानीय तह आएपछि गाउँको सडक नियमित सुचारु गरिदिएपछि सहज भएको व्यवसायी श्रेष्ठले बताए।

यातायातको सुविधा गाउँसम्मै पुगेपछि सदरमुकाममा उपलब्ध वस्तु उही मूल्यमा आफ्नै घरछेउमा पाइने भएपछि सदरमुकाम शून्य बन्दैछ । यसबाहेक सरकारी कामकाज लिएर आउनुपर्ने जिल्लावासीको बाध्यता संघीयता कार्यान्वयनसँगै टरेको छ। स्थानीय तहको सरकार बनेपछि गाउँ-गाउँमा सरकारी कार्यालय पुगेका छन्। सदरमुकामबाट हुने धेरै काम गाउँमै हुने हुँदा सदरमुकामको व्यापार खुम्चिने र गाउँबस्तीमा चहलपहल देखिन थालेको छ। लामो समयदेखि जनप्रतिनिधिविहीन स्थानीय निकायका कर्मचारीसमेत विभिन्न कारण देखाउँदै सदरमुकाममै थन्किएका थिए। निर्वाचनपछि स्थानीय तहको कामकाज चुस्त देखिन थालेको छ। सचिवमार्फत गराउनुपर्ने समान्य कामका लागि पनि सदरमुकाममा लाग्ने सेवाग्राहीको भीड आजभोलि सबै गाउँपालिका र वडातिर फर्किएको छ। स्थानीय तह आएपछि सदरमुकाममा अल्झिएर बस्ने राजनीतिक दलका नेता तथा कार्यकर्तासमेत गाउँ फर्किएका छन्।

सदरमुकामको घट्दो चहलपहलका कारण चिया पसलदेखि होटल, किराना पसल, स्टेसनरी व्यवसाय भने संकटमा परेका छन्। बरू यी जिल्लाका स्थानीय तहको सदरमुकाममा भने व्यस्त देखिन थालेका छन्। सदरमुकाममा केही वर्षदेखि उर्लेको घरजग्गा कारोबार पनि सुस्ताउँदा स्थानीय तहको सदरमुकाम क्षेत्रको जग्गाको भाउ भने आकासिएको छ। नुवाकोटको ढिकुरे,

सूर्यगढी, थानसिंह, दुप्चेश्वरजस्ता स्थानीय बजार अहिले चम्किएका छन्। सदरमुकाममा चहलपहल घटेपछि लामो समयदेखि आफ्नो थातथलो छाडेर जिल्ला सदरमुकाम छिरेका व्यापारी अहिले स्थानीय केन्द्रतर्फ आकर्षित हुन थालेका छन्। सदरमुकाम केन्द्रित व्यापार, राजनीति वा जागिरमा लागेका अधिकांश मानिससमेत अहिले आ–आफ्ना स्थानीय तहमा आउन खोजिरहेका छन्।

संघीयताले सरकारी कामकाज स्थानीय तहमा पुग्दा सदरमुकाम आउनेको चाप घटे पनि गुणस्तरीय स्वास्थ्य, शिक्षा र रोजगारजस्ता सेवा पूर्णतया स्थानीय तहसम्म पुग्न समय लाग्ने भएकाले सदरमुकाम आउने मानिसको संख्या विस्तारै घट्दै जाने उपभोक्ता हित संरक्षण मञ्च नुवाकोटका अध्यक्ष इन्द्र पण्डित बताउँछन्। विदुर ७ तले दरबार र अन्तर्राष्ट्रिय नाका केरुङ जोड्ने मार्ग भएकाले चहलपहलमा कुनै पनि कमी नआउने नुवाकोट उद्योग वाणिज्य संघका अध्यक्ष ताराबहादुर कार्की बताउँछन्।

## सडकको बीचमा बिजुलीका पोल

हेटौंडा, (नेस)

हाल हेटौंडा उपमहानगरपालिकाले सबैजसो वडामा तीवरूपमा सडक स्ल्याब ढलान गरिरहेको छ। जुन स्ल्याबको उद्घाटन मेयरदेखि सम्बन्धित वडाअध्यक्ष राजनीतिकर्मी एवम् समाजसेवीको रोहवरमा भएको पाइन्छ।

स्थानीय सरकारले सडक स्ल्याब गर्ने कार्यलाई प्राथमिकता दिएको छ। तर, सडक निर्माण गर्दा सामान्य कुरा ध्यान नदिँदा ती सडकले दुर्घटना निम्त्याउन सक्ने देखिन्छ। दशकौं टिक्ने स्ल्याब निर्माण गर्ने क्रममा स्थानीय अधिकारीले खानेपानी र जथाभावी गाडिएका बिजुलीका पोल स्थानान्तरणबारे बिल्कुल सोचेको पाइँदैन। यसले उक्त क्षेत्रमा दुःखद् परिणाम ल्याउने देखिन्छ।

सडकबीच वा एक तिहाइभित्र बिजुलीको पोल परे पनि सोही स्थानमा ढलान गरिएका छन्। प्रायः हरेक क्षेत्रमा यस्तो अप्रिय दृश्य देखिने स्थानीय बताउँछन्। यसैगरी जमिनमुनि बिच्छाइएको खानेपानी पाइपको हालत उस्तै छ।

विकास निर्माण कार्य अथवा सडक निर्माणमा विद्युत् प्राधिकरण, खानेपानी बोर्ड र स्थानीय तहले सम्मवयन्कारी भूमिका नखेलेको भन्दै स्थानीय युवा लवराज ठकुरीले चिन्ता व्यक्त गरेका छन्। उनको प्रश्न छ- 'सडकमा थापिएका धरापमा परेर कुनै दुर्घटना भए जिम्मेवार को? उपमहानगरपालिका वा प्राधिकरण?' हेटौंडाको भैरवरोडलगायत स्थानमा नमुना भनी निर्माण गरिएका सडकका बीचमा पोल छन्।

## गौपालनका लागि ६ रोपनी जग्गा दान

**नेपाल समाचारपत्र**

काभ्रे

जिल्लाको पनौती नगरपालिका-१ रयालेमा गौशाला निर्माणका लागि स्थानीय इन्द्रबहादुर तामाङले ६ रोपनी जग्गा दान गरेका छन्। उक्त क्षेत्रमा आगामी असार १ गतेदेखि गौपालन र अर्गानिक कृषिको नमुना केन्द्र निर्माण गरिने भएको छ।

कम्युनिस्ट नेता एवं पूर्वसांसद मोहनचन्द्र अधिकारीले कृषिप्रधान देशमा गोबर र गौमुत्रद्वारा कृषि उब्जनी बढाउँदै लैजानुपर्नेमा मुलुक विकास नभई विनाशतिर ढल्कँदै गएको बताए। सारथी सिर्जनशील समाज नेपालद्वारा सञ्चालित गौरक्षार्थ स्वस्थ जीवन दीर्घ जीवनका लागि गौपालन राष्ट्रिय अभियान काठमाडौंले शुरू गरेको कार्यक्रम रयालेमा आयोजना हुँदैछ।

नेपाल भारत धार्मिक, कृषि तथा पर्यटन प्रबर्द्धन वर्ष २०७५ मनाउने उद्देश्यअनुरुप ३ नम्बर प्रदेशस्तरीय धार्मिक, सांस्कृतिक, कृषि, पर्यटन प्रबर्द्धन महोत्सव आयोजना गर्न लागिएको अध्यक्ष इन्द्रबहादुर तामाङले बताए। ७ दिवसीय उक्त कार्यक्रममा काठमाडौं उपत्यकालाई खाद्यान्न, तरकारी र दुग्धजन्य पदार्थलगायत आवश्यक वस्तु आपूर्ति गर्न सफल भएको काभ्रेपलाञ्चोक जिल्लाको रयालेमा गौपालन र अर्गानिक कृषिको नमुना केन्द्रका रूपमा विकास गर्न लागिएको हो।

## निर्माण व्यवसायी प्रहरी प्रशासनको निगरानीमा

**नेपाल समाचारपत्र**

नुवाकोट

नुवाकोटमा विकास निर्माणको काममा ढिलासुस्ती गर्ने, सम्झौताअनुसार काम नगर्ने कम्पनी र निर्माण व्यवसायी प्रहरी प्रशासनको निगरानीमा पर्ने भएका छन्। गृह मन्त्रालयले सबै जिल्ला प्रशासन कार्यालयलाई जिल्लामा निर्माण शुरू भएका सबै आयोजना, योजनाको तथ्यांक संकलन गरी निर्धारित समयमै सम्पन्न हुन सक्ने कि नसक्ने विवरण पठाउन गत हप्ता पत्राचार गरेको थियो।

मन्त्रालयको परिपत्रअनुसार नुवाकोटका प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले सोमबार जिल्लाका सबै सम्बन्धित कार्यालयका प्रमुखलाई बोलाई शुरू भइरहेका आयोजना, योजनाको समयावधि, बजेट र कामको प्रगति विवरण ३ दिनभित्र बुझाउन निर्देशन दिनुभएको छ।

नुवाकोट प्रशासनले आयोजनाको नाम, सम्बन्धित कम्पनी फर्म व्यवसायीको नाम र ठेगाना निर्माणको पछिल्लो अवस्था, योजना सम्पन्न हुने मिति, ढिलाइ हुनुपर्ने कारण, निर्माण व्यवसायीको फोन नम्बरसमेत उपलब्ध गराउन पत्रसहित निर्देशन गरेको सहायक प्रमुख जिल्ला अधिकारी नन्दलाल शर्माले बताउनुभयो।

नुवाकोट प्रशासनले विवरण पठाउन पत्र पठाएका कार्यालयमा जिल्ला समन्वय समिति, मध्यामाञ्चल सिँचाइ विकास डिभिजन कार्यालय, जल उत्पन्न प्रकोप कार्यालय, डिभिजन सडक कार्यालय, शहरी विकास तथा डिभिजन कार्यालय, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र जिल्ला कृषि विकास कार्यालय रहेका छन्। त्यस्तै अन्य कार्यालयमा जिल्ला पशु सेवा कार्यालय, जिल्ला वन कार्यालय, जनस्वास्थ्य कार्यालय, जिल्ला अस्पताल र जिल्ला प्राविधिक कार्यालय रहेका छन्।


## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहींबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान–दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५–७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन : ४७२००४६**
**मोबाइल : ९८५१०७३५००**

## नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

> मधेस संरक्षण विकास समितिमार्फत यहाँ वृक्षारोपण गरिएको हो। वनले बाँगेसाल र बिजुवारमा नर्सरी स्थापना गरी बिरुवा उत्पादन गर्दै आएको छ।

# रोपिएका आधा बिरूवा मरे

सलिम अन्सारी, प्युठान

केही वर्षअघि मात्र राप्ती नदी बगरमा वृक्षारोपण गरियो। तिनको संरक्षण नहुँदा हुर्कन नपाउँदै बिरूवा मरे। गतवर्ष पनि जिल्ला वनद्वारा त्यही रानीबास बगरमा बिरूवा रोपिए। तारबार गरी ४ हेक्टर जमिनमा झन्डै ५ हजार बिरूवा रोपिए तर आधाभन्दा धेरै जमिनमा रोपिएको संकेतबाहेक केही छैन ।

सरुमारानी-२ स्थित डोदखोली सामुदायिक वनमा रोपेका आधा बिरूवा जागेका छैनन्। तारबार गरिएको यो चुरे क्षेत्रको लाज यहाँ उम्रिएको घाँसले जोगाइदिएको छ। टाढाबाट हेर्दा घाँसले बगरै हरियो देखिन्छ, तर नजिक पुग्दा बिरूवा छुट्याउनै मुस्किल छ। यहाँ रोपिएका सिमल, बकाइना र खाप्रोलगायतका बिरूवाको नामनिशाना नै छैन। खयर, सिसौजस्ता ठूला वनस्पतिका बिरूवा भने हलक्क बढेका छन्।

माटो सुहाँउदो बिरूवा नरोपिँदा अन्य बिरूवा सुकेका हुन्। इलाका वन कार्यालय हंसपुरका प्रमुख मनीराज खनालले भने- 'त्यसै पनि चुरेको भूगोल कमजोर हुन्छ, सुख्खा हुन्छ।'

'चुरेमा बिरूवा हुर्काउनै मुस्किल छ', -उनले भने। स्थानीयको सहभागितामा हेरालुको व्यावस्था गरी यहाँ रोपेका बिरूवा हुर्काउन, गोडमेल गर्न र बिरूवामा उकेरा लगाउने कार्य गरिएको खनालले बताए। उनले ५० प्रतिशत बिरूवा नजागेको भन्दै आउँदो असारमा पुनः रोपिने बताए। खाली भागलाई हराभरा पार्न राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिमार्फत यहाँ वृक्षारोपण गरिएको हो। वनले बाँगेसाल र बिजुवारमा नर्सरी स्थापना गरी बिरूवा उत्पादन गर्दै आएको छ।



जिल्ला वनको तथ्यांकमा निजी र सामुदायिक वन गरी कुल २८ हेक्टर क्षेत्रफलमा गतवर्ष बिरूवा रोपेको देखिन्छ। विभिन्न प्रजातिका १ लाख ४० हजार बढी बिरूवा रोपिएका थिए। तर रोपिएका ठाउँमा त्यति हरियाली भने छाएको देखिन्न।

जिल्ला वन कार्यालय प्युठानले यस वर्ष पनि वृक्षारोपणको तयारी गरेको छ। जडीबुटी विकास कार्यक्रमअन्तर्गत १० हजार टिमुर, तेजपात र श्रीखण्ड १०/१० हजारका दरले रोप्ने तयारी गरेको छ। त्यस्तै निजी र सामुदायिक कबुलियत वन कार्यक्रमअन्तर्गत जिल्लाभर १ लाख बढी बिरूवा रोप्ने योजना बनाइएको रेन्जर हरि पौडेलले बताए। बिरूवा हुर्काउनेलाई यस वर्षदेखि प्रोत्साहन गरिने छ। 'बिरूवा जोगाउनेलाई पुरस्कृत गर्ने भनेका छौं', पौडेलले भने- 'निर्णय भएको छ, लागू पनि गर्छौं।'

बिरूवा रोप्दा प्राविधिक नपुग्ने, कम्सल खालको माटोमा बिरूवा रोपिनु र मलपानी अभाव, गोडमेल, रेखदेख र हेरचाँह नहुँदा बिरूवा हुर्कन नसकेको जिल्ला वन कार्यालयको स्रोतले जनाएको छ। संरक्षण नहुँदा बिरूवा मर्ने गरेका हुन्। वन कार्यालयका सूचना अधिकारी ठाकुरप्रसाद वाग्लेका अनुसार ३० देखि ८० प्रतिशत बिरूवा मात्र जाग्ने गरेका छन्। बिरूवा नजागेका स्थानमा पुनः रोपिने उनले बताए।

# स्वास्थ्य संस्थामा औषधि अभाव

विमल विष्ट, डोटी

प्रदेश नम्बर ७ का विभिन्न जिल्लाका सरकारी स्वास्थ्य संस्थामा औषधि अभाव भएको छ। औषधि अभावका कारण विपन्न परिवारका बिरामी उपचारबाट वञ्चित भएका छन्। करिब ८० प्रकारका औषधि अस्पताल तथा स्वास्थ्य चौकीबाट वितरण गर्नुपर्ने सरकारी प्रावधान रहे पनि हाल यहाँका कतिपय स्वास्थ्य संस्थामा सिटामोलसमेत नरहेको स्थानीयबासीको गुनासो छ।

हाल स्थानीय तह आफैंले औषधि खरिद गर्ने व्यवस्था भए पनि सम्बन्धित स्थानीय तहको गतिलो व्यवस्थापनको अभावमा स्वास्थ्य चौकी तथा अस्पतालमा औषधि अभाव भएको दिपायलका स्थानीयबासी तथा कांग्रेस नेता घनश्यामदत्त पाठकले बताउनुभयो। उहाँले भन्नुभयो- 'जिल्ला स्वास्थ्यले औषधि किन्न स्थानीय तहलाई जिम्मा दिएको र औषधि किन्ने प्रक्रिया नबुझिँदा यो समस्या आएको हो।'

औषधि अभाव हुँदा बिरामीको उपचारमा असहज भइरहेको स्वास्थ्यकर्मी बताउँछन्। उता क्षेत्रीय मेडिकल स्टोर धनगढीले पनि प्रदेश ७ का जिल्लामा केही मात्रामा औषधिको अभाव रहेको स्वीकार गरेको छ। क्षेत्रीय मेडिकल स्टोरका प्रमुख नारदप्रसाद साहनीले केन्द्रबाट नै औषधि नआएका कारण केही मात्रामा अभाव रहेको बताउनुभयो। उहाँले भन्नभयो- 'केन्द्रबाट नै लामो समयदेखि केही औषधि नआएकाले अभाव भएको हो, बाँकी औषधि त स्थानीय तह आफैंले किनेर वितरण गर्नुपर्ने हुन्छ।' उहाँले गत साउन महिनादेखि स्थानीय तह आफैंले पनि औषधि खरिद गर्ने अख्तियारी पाइसकेकाले धेरैजसो औषधि स्थानीय तहले नै खरिद गरेर स्वास्थ्य संस्थामा वितरण गरिरहेको दाबी गर्नुभयो।

यहाँका केही स्थानीय तहका पदाधिकारीलाई औषधि खरिद गर्ने प्रक्रियामा अलमल देखिएकाले औषधि अभावको समस्या देखिएको स्थानीय स्वास्थ्यकर्मीको भनाइ छ। गर्मीयाममा विभिन्न रोग फैलिन सक्ने खतरा भएकाले र यहाँका स्वास्थ्य संस्थामा औषधिको अभाव पनि यसै बेला भएकाले स्थानीयमा त्रास फैलिएको छ।

# दम्पती हत्यामा संलग्न चार अभियुक्त पक्राउ

गोकुल घोरसाइने, बारा

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-३ बजनीमा ६ महिनाअघि भएको दीपक र दीपिका दम्पती हत्यामा संलग्न ४ अभियुक्तलाई बारा प्रहरीले पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ।

प्रहरीले हत्या अभियोगमा जितपुरसिमरा उपमहानगरपालिका-२ का रमेश थापा, गोपाल लामा, गुप्तबहादुर लामा र अर्जुन नेपालीलाई पक्राउ गरी सार्वजनिक गरेको छ। पत्रकार सम्मेलनमा अभियुक्त सार्वजनिक गर्दै बाराकी प्रहरीप्रमुख एसपी मिरा चौधरीले पक्राउ परेकामध्ये थापाको योजनामा घटना भएको जानकारी दिइन्। पक्राउ परेकामध्ये नेपालीलाई प्रहरीले चितवनबाट पक्राउ गरेको र अन्यलाई सिमराबाट पक्राउ गरिएको एसपी चौधरीको भनाइ छ।

घटनाका मुख्य योजनाकार थापा रहेको प्रहरी उपरीक्षक चौधरीको भनाइ छ। थापा र मृतक दीपक सुवेदीबीच घटनाको केही दिनअघि विवाद भएको र सोही विवादको प्रतिशोध साँध्न गएका उनीहरूबीच झगडा हुँदा सुवेदी दम्पतीको हत्या भएको प्रहरीको दाबी छ। अभियुक्तलाई सार्वजनिक गरिसकेपछि बारा प्रहरी प्रमुख एसपी मिरा चौधरीले शुरूमा दीपकलाई तर्साउन मात्र भनी गएकाको दुवै पक्षबीच हातपात भएपछि उनीहरूले दम्पतीको हत्या नै गरेर फर्किएको बताइन्। 'अत्यधिक रक्सी सेवन गरी सोही बाटो हुँदै गएका अभियुक्तहरूले शुरूमा एकलासमा घरमा बत्ती बलिरहेको देखि तर्साउने र धनमाल लुट्ने मनसाय बनाएको भए पनि दुवै पक्षबीच हातपात भएपछि अपराधजन्य घटना भएको पाइयो' -प्रहरी उपरीक्षक चौधरीले भनिन्।

लागूऔषधको कुलतमा रहेका झगडाका क्रममा छड र हथौडाले हान्दा सुवेदीको मृत्यु भएको प्रहरीले बताएको छ। पक्राउ परेकाले आफूहरूको संलग्नतामा घटना भएको स्वीकार गरेको प्रहरीको भनाइ छ। पक्राउ परेकाहरू यसअघि पनि चोरी मुद्दामा सजाय पाइसकेकाहरू रहेको बताउँदै उनले कानुनअनुसार कारबाहीको दायरामा ल्याउन कुनै कसर बाँकी नराख्नेसमेत बताइन्। सुवेदी दम्पतीको घरेलु हतियारको प्रयोगबाट शरीरको छेदविच्छेद गरी निर्मम हत्या गरिएको थियो।

# अलपत्र पक्की सडक मर्मत

नेपाल समाचारपत्र

गुल्मी

झण्डै एक महिनाअघि गुल्मी सदरमुकाम रहेको तम्घास बजारमा पक्कीबाटो भत्किँदै जान थालेपछि सडकको अवस्था जीर्ण बनेको समाचारप्रति नगरपालिकाको ध्यानाकर्षण भएको छ। रेसुंगा नगरपालिकाभित्र पर्ने सदरमुकाम बजारक्षेत्रमै रहेको पक्की सडक ठाउँ-ठाउँमा भत्किए पनि मर्मत गर्न ध्यान नदिएकोप्रति स्थानीयले गुनासो गरेका थिए।



बजार क्षेत्रका दर्जनौं स्थानमा सडक भत्किएपछि रेसुंगा नगरपालिका गुल्मीले मर्मत कार्य शुरू गरेको छ। सडक भत्किएको २ वर्ष बढी हुँदासमेत सम्बन्धित निकायको ध्यान पुगेको थिएन। सदरमुकामको बजार क्षेत्रमै सडक भत्किएको धेरै समय बित्दा पानी पर्दा खाल्डामा पानी र घाम लाग्दा धुलो उड्ने गरेपछि बजारबासीले पटक-पटक कुरा उठाउँदा सम्बन्धित पक्षको ध्यान पुगेको थिएन।

सदरमुकामको बजार क्षेत्रमै बजारबासीले कतिपय स्थानमा पक्की सडक खनेर खानेपानी पाइप लाइन लैजाने र राम्रोसँग मर्मत नगर्नाले पनि थप सडक जीर्ण र भत्किँदै जाने गरेको छ। नगरपालिकाले तम्घासको उदिनढुंगाबाट बसपार्क हुँदै भगवती मन्दिरसम्म भत्किएका दर्जनौं स्थानमा मर्मत गर्न भन्दै ३५ लाख रकम तत्कालै जुटाएर काम थालिएको नगरप्रमुख डिल्लीराज भुसालले जानकारी दिए।

नगरपालिकासँग पर्याप्त बजेट नभएकाले सानो रकमले पूरै काम सम्पन्न नहुने हुँदा लामो समयसम्म काम शुरू नसकेको भुसालले बताए। नगरपालिकाबाट केही रकम र सडक विभाग केन्द्रबाट रकम ल्याएर काम थालिएको नगरप्रमुख भुसालको भनाइ छ। 'नगरपालिकाले सानो बजेटले काम थाल्न सकेका थिएनौं', नगरप्रमुख भुसालले भने- 'केन्द्र सरकारसँग अनुरोध गरेर रकम ल्याएर तुरुन्त काम शुरू गरेका छौं।' तम्घास बजारलाई सुन्दर सफा शहर बनाउनका लागि अरू धेरै काम पनि निरन्तर काम हुँदै जाने क्रममा रहेको नगरप्रमुख भुसालले बताए।

'बजार क्षेत्रमा भत्किएका सडकले स्कुले बालबालिका र सवारीसाधन र बजारमा पसल गर्नेलाई सास्ती भएको र नगरपालिकाको सौन्दर्यतासमेत बिग्रिएको स्थानीयको धेरै गुनासो थियो भुसालले भने- 'अब २ हप्ताभित्र काम सम्पन्न गर्ने गरी निर्माण कार्य शुरू भएको छ।' काम शुरू भएसँगै स्थानीयले खुसी व्यक्त गरेका छन्।

## शिक्षा कार्यविधि पारित

बैतडी, (नेस)

बैतडीको सुर्नया गाउँपालिकाले शिक्षा कार्यविधि २०७५ पारित गरेको छ। सामुदायिक विद्यालयमा देखिएका शिक्षाका समस्यालाई सम्बोधन गर्ने उद्देश्यसहित कार्यपालिकाको बैठकले शिक्षा कार्यविधि पारित गरेको गाउँपालिकाका अध्यक्ष वीरबहादुर विष्टले जानकारी दिनुभयो।

गाउँपालिकामा माध्यमिक तहसम्मका ३८ वटा सामुदायिक विद्यालय रहेका छन्। शिक्षा कार्यविधि पारित भएसँगै सामुदायिक विद्यालयले वर्षौंदेखि झेलिरहेको शिक्षक समस्या पनि समाधान हुने भएको छ। सामुदायिक विद्यालयमा कार्यरत निजी शिक्षकलाई अब गाउँपालिकाले तलब खर्च दिनेछ। अहिले गाउँपालिकाभरि ९९ जना निजी शिक्षक रहेका र ती शिक्षकलाई गाउँपालिकाले तलब दिने स्रोतव्यक्ति मदनराज पन्तले जानकारी दिनुभयो। गाउँपालिकाले निजी शिक्षकहरूलाई सुर्नया शिक्षकका रूपमा परिचालन गर्ने तयारी गरेको अध्यक्ष विष्टले जानकारी दिनुभयो।

सामुदायिक विद्यालयमा देखिएका समस्या समाधानका लागि विद्यालय व्यवस्थापन तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालनमा ल्याइएको उहाँले बताउनुभयो। चालू आर्थिक वर्षमा गाउँपालिकाले शिक्षा क्षेत्रमा डेढ करोड रकम विनियोजन गरेको छ।

स्वास्थ्यप्रति जिम्मेवार, समृद्धिको आधार

मेरा ८ प्रतिबद्धता, स्वस्थ जीवनको आवश्यकता

- म तनाव रहित जीवनशैलीलाई आत्मसाथ गर्छु,
- म रक्सी, चुरोट र सुर्तिजन्य पदार्थबाट टाढै रहन्छु
- म नियमित व्यायाम गर्छु,
- म स्वस्थ र पोषिलो खाना खान्छु,
- म नियमित स्वास्थ्य जाँच गराउँछु,
- म प्रदुषण नियन्त्रणमा सजक रहँदै आफ्नो घर र समुदाय सफा राख्छु
- म ट्राफिक नियमको पालना गर्छु
- म मेरो परिवार र समुदायको स्वास्थ्य प्रति सजग रहन्छु,

प्रतिबद्धताका फाइदाहरु

- जीवनशैलीमा सुधार भई मधुमेह, मुटुरोग, क्यान्सर र दीर्घ श्वासप्रश्वास रोग जस्ता नसर्ने रोगहरू लाग्ने जोखिम कम हुने
- यी रोगहरूको प्रारम्भिक चरणमै पहिचान तथा उपचार गर्न सकिने
- भविष्यमा विकराल रूप लिन सक्ने रोगहरूबाट बच्न सकिने साथै ती रोगहरूको उपचारमा लाग्ने आर्थिक भार कम हुने
- व्यक्ति, परिवार र समुदाय स्वस्थ, सुखी, खुसी भई समृद्ध हुने

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

Civil Aviation Authority of Nepal
Tribhuvan International Airport Civil Aviation Office
**Civil Engineering Division**
**Gauchar, Kathmandu**

**Notice for the Re-Invitation for Bid**

Date of Publication 2075/2/13

1. Tribhuvan International Airport Civil Aviation Office (TIACAO), Gauchar, Kathmandu intends to apply part of its fund to cover eligible payment under the Contracts for the Procurement of the Works as specified below in the table:

| S.N | Name of Work & Contract No. | Estimated Amount/Experience | Bid validity period | Cost of Bid Documents | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Flooring Works at International Terminal Building at TIA. Contract No.: TIACAO/CED/11/ 074-75 | NRs.1,02,15,704.25 (including VAT) Minimum average annual construction turnover of NRs.17.0 Million, experience in at least one single package of carpeting/flooring works in Airport/ Star hotel/Hospital with minimum value NRs 6.5 Million within last five years | 120 days after bid opening | NRs. 3,390.00 | NRs. 2,80,000.00 |
| 2 | Carpeting at ITB First Floor (Departure) at TIA. Contract no: TIACAO/CED/12/ 074-75 | NRs.96,40,492.46 (including VAT) Minimum average annual construction turnover of NRs.16.0 Million, experience in at least one single package of carpeting/flooring works in Airport/ Star hotel/Hospital with minimum value NRs 6.5 Million within last five years | 120 days after bid opening | NRs. 3,390.00 | NRs. 2,61,000.00 |

2. Last date and time to purchase the Bid documents is up to 2075/02/27, 17:00 hrs. and submission of bids up to 2075/02/28, 12:00 hrs.
3. TIACAO, Civil Engineering Division (CED) invites sealed Bids manually/electronically from all the eligible Nepalese Bidders maximum three [3] partners in Joint Venture) for the procurement of above works under National Competitive Bidding (NCB).
4. Eligible bidders may obtain further information and inspect the Bidding Documents at the office of the Chief, CED, TIACAO, Gauchar, Kathmandu, Phone: 01-4490699, 01-4113033 (2534).
5. **Hard copy** of Bidding documents may be purchased from the above office of TIACAO on the written application an upon submission of tax invoice receipt from revenue section of the airport after submission of non-refundable amount submitted on Current Account Number 58 of Rastriya Banijya Bank, Airport Branch, TIA. Bid Security amount stated above can also be submitted on Account Number 70 of Rastriya Banijya Bank, Airport Branch, TIA.
6. **Hard copy** of the e-submitted bid must be submitted to CED/TIACAO within the 3 (three) days from the last date of submission of bid. Any hardcopy submitted or received later than the stipulated time shall not be entertained.
7. **Sealed Bids** must be submitted to CED/TIACAO, Gauchar, Kathmandu on/or before 12:00 hours of the last day of submission of Bids as specified above. Alternatively, Bidders may submit their bid electronically through e-procurement section in PPMO website **http://www.bolpatra.gov.np/egp**
8. Sealed Bids and E-submitted bids shall be opened in the presence of Bidders representatives who choose to attend at 14:00 hours of the last date of submission of the Bids at the office of CED, TIACAO.
9. Bidders are advised to visit site and assess the actual site conditions before submitting their Bids.
10. TIACAO reserves the right to accept or reject, wholly or partly, any or all the Bids without assigning any reasons, whatsoever.
11. If the last date of purchasing, submission and the opening of the Bids falls on Government Holiday then the next working day shall be considered as the respective last dates
12. Other terms and conditions as per active Public Procurement act 2063 and Public Procurement Regulations 2064.



# विश्व

## सार्क भेला

प्रशान्त महासागरको दुर्गम क्षेत्रमा समुद्रको गहिराइमा देखिएका ह्वाइट सार्कको झुन्ड। उक्त स्थानमा सयौं ह्वाइट सार्क जम्मा भएका छन्, तर यसको कारण भने थाहा हुन सकेको छैन।



## विपत्ति

श्रीलंकाको पुटालमा भीषण वर्षाका कारण डुबानमा परेपछि सुरक्षित स्थानतर्फ जाँदै स्थानीय। वर्षाका कारण कम्तीमा १२ जनाको ज्यान गएको छ।।



2018, MAY
Sunday
27

विश्व २ मिनेट

### अमेरिका
## माफी मागे

लस एन्जलस, (एजेन्सी)

अमेरिकी अभिनेता मोर्गन फ्रिम्यानले उनीविरुद्ध लागेका यौन दुर्व्यवहारका आरोपका लागि माफी मागेका छन्। फ्रिम्यानमाथि आठ महिला तथा अन्य कयौंले यौन दुर्व्यवहारको आरोप लगाएका थिए। एक सहायक निर्माताले बैंक चोरी विषयमा निर्माण गरिएको कमेडी फिल्म 'गोइङ इन स्टाइल'का क्रममा महिनौंसम्म यौन दुर्व्यवहार भएको आरोप लगाएका थिए। ८० वर्षीय फ्रिमेनले उनलाई कयौंपटक छोएको र उनको स्कर्ट उठाउने प्रयास गरेको र उसले अन्डरवियर लगाएकी छन् वा छैन भनी सोध्ने गरेको उनले बताइन्। कसैलाई पनि असहज र अपमानजनक महसुस हुने गरी भएका आफ्ना व्यवहारका लागि फ्रिमेनले माफी मागेका हुन्।

### नर्वे
## गर्मी बढ्यो

ओस्लो, (एजेन्सी)

चिसो मौसम रहने गरेको नर्वेमा यस वर्ष बढिरहेको गर्मीले ७१ वर्षको कीर्तिमान तोडेको छ। यद्यपि यहाँको तापक्रम भने १४ दशमलव ४ डिग्री सेल्सियस मात्रै हो। तर यहाँको तापक्रमका हिसाबले यो धेरै नै हो। बढ्दो गर्मी हुनुका कारण तत्काल थाहा हुन सकेको छैन। नर्वेको मौसम विभागले त्यहाँका नागरिकलाई चेतावनी पनि दिइसकेको छ। आगामी दिनमा तापक्रम ३० डिग्री सेल्सियससम्म पुग्न सक्छ। यो नर्वेका लागि सामान्य मानिँदैन। नर्वेको अग्निसमन विभागले नागरिकलाई सुखा जंगलका कारण सार्वजनिक स्थान अर्थात् खुला ठाउँमा आगो नजलाउन सल्लाह दिएको छ।

### ब्राजिल
## जेलमा आगलागी

रियो डि जेनेरियो, (एजेन्सी)

ब्राजिलको गोइनिया शहरस्थित एक जेलमा आगलागी हुँदा कम्तीमा ९ नाबालिक कैदीको मृत्यु भएको छ। उक्त जेलमा १३ देखि १७ वर्षका नाबालिकलाई अस्थायी रूपमा राखिँदै आएको बताइएको छ। जेलमा दंगा गर्नेहरूले ओछ्यानमा आगो लगाइदिएको र उक्त आगोले भीषण रूप लिएको अधिकारीहरूले जानकारी दिए। जेलमा क्षमताभन्दा धेरै कैदी राखिएको मानव अधिकार आयोगका वकिलले बताए। जेलको क्षमता ५० जनाको भएको तर यसमा ८०/९०जनालाई राखिएको बताइएको छ। केही कैदीलाई एउटा कक्षबाट अर्को कक्षमा सार्ने क्रममा दंगा शुरू भएको अधिकारीहरूले बताएका छन्।

### चीन
## ट्रम्पको शंका अस्वीकार

बेइजिङ, (एजेन्सी)

चीनले कोरियाली शान्ति वार्ता रद्द हुनुमा बेइजिङको भूमिका रहेको आरोपलाई अस्वीकार गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनको व्यवहारमा आएको परिवर्तनका लागि बेइजिङ जिम्मेवार रहेको संकेत दिएको थियो। सिंगापुरमा आगामी महिनाको प्रस्तावित ट्रम्प-किम शिखर बैठक रद्द हुनुमा चीनको भूमिकामा आशंका गर्दै ट्रम्पले भनेका थिए- 'मेरो विचारमा सीसँगको भेटघाटपछि किम जोङ उनको व्यवहारमा परिवर्तन आएको थियो। किमको दोस्रो चीन भ्रमणपछि एक प्रकारको परिवर्तन देखियो। राष्ट्रपति सी पोकरका विश्वस्तरीय खेलाडी हुन्।'

# किम र मुन अप्रत्यासित भेटवार्ता

## ट्रम्प-किम वार्ता रोकिएको मुद्दामा छलफल

सोल, (एजेन्सी)

उत्तर कोरियाली नेता किम जोङ उन र दक्षिण कोरियाली नेता मुन जे इनबीच शनिबार आकस्मिक भेटवार्ता भएको छ। यी दुई नेताबीच विगत ४ हप्तामा भएको यो दोस्रो भेटवार्ता हो।

शुक्रबार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी महिना कोरियाली नेता किमसँग हुने भनिएको प्रस्तावित वार्ताबाट पछि हटेको घोषणा गरेका थिए। तर उनले उक्त बैठक हुन सक्ने सम्भावना जीवित रहेको आशयमा वक्तव्य दिएपछि दुई कोरियाली देशका नेताबीच यो भेटघाट भएको हो।

यो भेटवार्ता उत्तर तथा दक्षिण कोरियालको सीमास्थित असैन्य इलाका पानमुनजोममा स्थानीय समय अपराह्न ३ बजेदेखि ५ बजेको बीचमा भएको थियो। पानमुनजोम कोरियाली प्रायद्वीपको एक मात्र त्यस्तो ठाउँ हो जहाँ उत्तर कोरिया, दक्षिण कोरिया र अमेरिकी सैनिक एक अर्कासँग जम्काभेट भइरहेको हुन्छ। सन् १९५३ देखि यहाँ युद्धविराम लागू भइरहेको छ।

दक्षिण कोरियाका प्रधानमन्त्री कार्यालयले भनेको छ- 'दुवै नेताले उत्तर कोरिया र अमेरिकाबीचको शिखर सम्मेलन रोकिएको मुद्दामा आफ्ना धारणा साझा गरेका छन्।'



शुक्रबार डोनाल्ड ट्रम्पले उत्तर कोरियाली नेता किमसँग उनको बैठक अहिले पनि जुन १२ मा हुन सक्ने बताएका थिए। ट्रम्पले भने- 'के हुन्छ, हामी हेरिरहेका छौं। यो जुन १२ मा पनि हुन सक्छ। उसले यो वार्ता होस् भन्ने चाहनुपर्छ र हामी पनि यही गर्न चाहन्छौं।'

बिहीबार मात्रै उनले किमसँगको आफ्नो शिखर वार्ता रद्द गरेको बताएका थिए। उनले उत्तर कोरियाबाट आएको खुला विरोधका कारण रद्द गरेको बताएका थिए।

## आयरल्यान्ड जनमत संग्रह

# गर्भपात रोक्ने कानुन परिवर्तनको पक्षमा मतदान

डब्लिन, (एजेन्सी)

आयरल्यान्डमा शुक्रबार सम्पन्न एक जनमत संग्रह गर्भपातमाथि रोक लगाउने कानुन परिवर्तन गर्ने पक्षमा आएकोमा त्यहाँका प्रधामन्त्रीले जनताको प्रशंसा गरेका छन्।

भारतीय मूलका प्रधानमन्त्री लियो वराडकरले गर्भपातमाथि प्रतिबन्ध हटाउने पक्षमा मतदान गर्न जनतालाई आह्वान गरेका छन्।

केही वर्षअगाडि भारतीय मूलका डेन्टिस्ट सविताको मृत्यु भएपछि आयरल्यान्डमा गर्भपातलाई लिएर ठूलो बहस शुरू भएको थियो। हाल आइरहेको मतगणनाको नतिजाले उक्त कानुनमा सुधार गर्नुपर्ने पक्षमा अत्यधिक मतदान भएको देखाएपछि लियो वराडकरले जनताप्रति आभार प्रकट गरेका थिए।

उनले यसलाई देशमा आएको 'शान्त क्रान्ति'को संज्ञा दिएका छन्। 'जनताले बोलेका छन्। तिनीहरूले आधुनिक राष्ट्रका लागि आधुनिक संविधान आवश्यक भएको बताएका छन्।' -उनले बताए।

मतदानमा ६९ प्रतिशत मत गर्भपातमाथि कडा प्रतिबन्ध लगाएको संविधानको हिस्सालाई परिवर्तन गर्नुपर्ने पक्षमा गएको देखाएको छ। ३१ वर्षीया भारतीय दन्त चिकित्सक सविता हलप्पनवारको सन् २०१२ अक्टोबरमा समयमा गर्भपात हुन नसक्दा मृत्यु भएको घटनालाई यस जनमत संग्रहमा व्यापक प्रचार गरिएको थियो।

वराडकरले जनमत संग्रहमा धेरैले भाग लिने अपेक्षा गरेको बताएका थिए। आयरल्यान्डका दुई प्रमुख पार्टी फाइन गेल र फिआना फेले जनमत संग्रहलाई लिएर कुनै आधिकारिक धारणा दिएका थिएनन्। तर उनीहरूले पार्टीका नेताहरूलाई आ-आफ्ना व्यक्तिगत धारणालाई लिएर प्रचार गर्न अनुमति दिएका थिए।

गर्भपात रोक्ने कानुनलाई निरस्त पार्ने पक्षमा मतदान भएपछि अब आयरिस सरकारले ल्याएको प्रस्तावअनुसार गर्भावस्थाको पहिलो १२ हप्ताभित्र महिलाले गर्भपात गराउन सक्नेछिन्।

त्यसपछि पनि गर्भधारणको २४ हप्तासम्म महिलाको जीवन खतरा रहेमा वा कुनै महिलाको शारीरिक वा मानसिक स्वास्थ्यलाई गम्भीर क्षति पुग्ने जोखिम रहेमा गर्भपातको अनुमति दिन सकिनेछ।

# मस्कोलाई एक्ल्याउने प्रयासमा पुनः विचार गर्न ट्रम्पलाई पुटिनको आग्रह

सेन्ट पिटर्सवर्ग, (ऐजेन्सी)

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई मस्कोलाई एक्ल्याउने वासिङ्टनको प्रयासलाई लिएर पुनः विचार गर्न आग्रह गरेका छन्। आफ्ना समकक्षीलाई सम्भावित मुठभेडको स्थिति अन्त्य गर्न कूटनीतिको आवश्यक भएको पुटिनले बताए।

सेन्ट पिटर्सवर्गमा भइरहेको इन्टरनेसनल इकोनोमिक फोरमको सम्मेलनलाई सम्बोधन गर्ने क्रममा पुटिनले उक्त कुरा राखेका हुन्। सम्मेलनमा जापानी प्रधानमन्त्री सिन्जो आबे, अन्तर्राष्ट्रिय मुद्रा कोषका महाप्रबन्धक क्रिस्टिना लेगार्ड, फ्रान्सका राष्ट्रपति इम्यानुयल म्याक्रों र चिनियाँ उपाध्यक्ष वाङ किसानको सहभागिता रहेको थियो। अमेरिका र उसका पश्चिमी सहयोगीहरूले हालैका वर्षमा मस्कोको अन्तर्राष्ट्रिय मामिलामा गलत हस्तक्षेपलाई लिएर रुसमाथि एकपछि अर्को नाकाबन्दी लगाउँदै आएका छन्। मस्कोले ती आरोपहरूलाई लगातार अस्वीकार गर्दै आइरहेको छ।

रुसी नेताले इरान तथा उत्तर कोरियाजस्ता जटिल मुद्दाहरूमा समेत अमेरिकासँग नियमित सम्पर्क स्थापित गर्न आवश्यक रहेको बताए। वासिङ्टनले यी मुद्दाहरूमा मस्कोको भन्दा बढी आक्रामक अडान लिँदै आइरहेको छ। राष्ट्रपति पुटिनले विश्व अर्थतन्त्रलाई पुनर्जीवित पार्नका लागि अमेरिकासँग सामान्य सम्बन्ध हुनु आवश्यक भएको बताए। होइन भने विवाद समाधानमा सैन्य मात्रै विकल्प हुन सक्ने उनले बताए। इरानी परमाणु सम्झौताबाट बाहिरिने ट्रम्पको निर्णयको पनि तिखो आलोचना गर्दै यसले खतरनाक अस्थिरतालाई निम्त्याउन सक्ने पुटिनले बताए। तेहरानले आफ्नो प्रतिबद्धतालाई पूरा गरिरहेको अन्तर्राष्ट्रिय परमाणु निगरानी संस्थाहरूले पुष्टि गरिरहँदा पनि सन् २०१५ सहमतिबाट अमेरिका फिर्ता भएको रुसी नेताले जोड दिए। 'के यसका लागि दण्डित गर्नु आवश्यक छ?' -उनले प्रश्न राखेका छन्।

त्यसैगरी अन्तर्राष्ट्रिय न्युज एजेन्सीका वरिष्ठ सम्पादकहरूको एक बैठकमा रुसी राष्ट्रपति पुटिनले अमेरिकासँग सम्बन्ध सुधार्न चाहेको तर राष्ट्रपति ट्रम्प घेरिएका विवादहरूले त्यसलाई बन्धक जस्तै बनाएको बताएका थिए।

### चीनसँगको सम्बन्ध इतिहासकै सर्वश्रेष्ठ

राष्ट्रपति पुटिनले रुसको चीनको रणनीतिक साझेदारी इतिहासकै सर्वश्रेष्ठस्तरमा विकसित भइरहेको बताएका छन्। उनले यसको भविष्य पनि अत्यन्त राम्रो भएको दाबी गरे। प्रेससँगको कुराकानीमा एक प्रश्नको जवाफमा रुस चीन सम्बन्ध पुनः परिभाषित गर्न आवश्यक नभएको बताए। उनले भने- 'वास्तवमा रुस र चीनले राम्रो रणनीतिक सम्बन्ध स्थापित गरको छ।'

पुटिनले चिनियाँ कम्युनिस्ट पार्टीको १९औं नेसनल कांग्रेसका विषयमा बाल्दै आफूले लामो अवधिमा द्विपक्षीय सम्बन्ध राम्रो बनाउनका लागि अनुकूल स्थिति उत्पन्न गराएको बताए। उनले भने- 'उसको ताजा फैसलाले हाम्रो सम्बन्धलाई अझ स्थायी बनाएको छ। यो अल्पकालीनका लागि होइन, दीर्घकालीनका लागि हो।'


कोरियाली प्रायद्वीपको परमाणु निशस्त्रीकरणलाई अगाडि बढाउन चीनको सक्रिय प्रयास रहेको पुटिनले बताए। यससँग सम्बन्धित मुद्दा सल्टाउनमा पनि चीनको सक्रिय भूमिकाले प्रायद्वीपको स्थितिमा सुधार आएको उनले बताए।

एक अर्को प्रश्नको जवाफ दिँदै पुटिनले स्पेनको क्याटालोनियाको स्वतन्त्रतालाई लिएर भइरहेको अभियानमा आफ्नो समर्थन रहेको आरोपलाई अस्वीकार गरे। स्पेनले आफ्नो क्षेत्रीय अखण्डता बनाइराखोस् भन्ने आफूले चाहेको पुटिनले थपे।



## बेलायतमाथि पुटिनको सम्पत्ति लुकाएको आरोप

लन्डन, (एजेन्सी)



बेलायतमाथि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको अवैध सम्पत्ति लुकाएको आरोप लागेको छ। यसले देशको राष्ट्रिय सुरक्षाका लागि खतरा बनेको बताइएको छ। बेलायतको एक संसदीय संस्थाले नै बेलायतले रुसका राष्ट्रपति पुटिनको अवैध सम्पत्ति लुकाएको बताएको हो।

कमन्स फरेन अफेयर्स कमिटीले पूर्व जासुस सर्गेइ स्क्रिपल र उनकी छोरीलाई विष दिएको मामिला अगाडि आएपछि पनि बेलायत र रुसबीच व्यापार पहिलाको जस्तै सामान्य रहेको र यस दिशामा कुनै कदम नउठाएको सञ्चार माध्यमहरूले जनाएका छन्। 'पुटिन र उनका निकट व्यक्तिको अवैध सम्पत्ति राख्न बेलायतको अनुचित प्रयोग भइरहेको छ।' -मस्कोज गोल्ड-रासन करप्सन इन द यूके नामक प्रतिवेदनमा उल्लेख गरिएको छ।

रुसको ग्यास कम्पनी ग्याजप्रोमलाई स्क्रिपल र उनकी छोरीको हत्या प्रयासको केही दिनपछि नै लन्डनमा कारोबार गर्न दिएको छ। यसले पुटिनको आशंकित संलग्नताको छिनोफानो गर्ने विषयमा बेलायतको प्रयास कमजोर बनेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

पूर्व जासुस र उनकी छोरीको ज्यान लिने प्रयासपछि पनि बेलायत र रुसबीच कारोबार तीव्र रूपमा कायम भयो। यस विषयमा रुसी दूतवासले ट्विटमा भनेका थिए- 'सधैंको जस्तो सामान्य व्यापार।'

समितिका अध्यक्ष तथा कन्जरभेटिव सांसद टम टुगेनहटले बेलायतको सुस्त प्रतिक्रियाले बेलायतमा उसलाई रोक्ने हिम्मत नभएको भन्ने देखाएको सन्डे टाइम्सलाई बताए। लन्डनको बजार रुसको प्रयासमा मद्दत गरिरहेको पनि उनले बताए।

सुरक्षा तथा आर्थिक अपराध मन्त्री बेन वालेसले आफूलाई समितिमा साक्षीका रूपमा नबोलाइएको बताए। उनले भने- 'यस्ता गल्तीले गर्दा प्रतिवेदनलाई कमजोर पार्न सक्छ भन्ने मलाई डर छ।'

‘नेपालको उन्नति प्रगति भारतका लागि पनि खुसीको विषय हो।’

# ‘भारत स्वतन्त्रतामा नेपालको भूमिका अतुलनीय’



शिवहरिप्रसाद भट्टराई, राजविराज

नेपालका लागि भारतीय राजदूत मन्जिवसिंह पुरीले भारत आफ्नो ७०औं स्वतन्त्रता दिवस मनाइरहेको भन्दै यो अवसर ल्याउनमा नेपालको अतुलनीय भूमिका रहेको बताएका छन्।

शनिबार जेपी लोहिया रामेश्वर मेमोरियल ट्रस्टले राजविराजमा आयोजना गरेको ‘नेपालको प्रजातान्त्रिक संघर्षमा लोकनायक जयप्रकाश नारायणको देन’ विषयक विचार गोष्ठिमा बोल्दै उनले यस्तो बताएका हुन्। ‘हामी यतिबेला ७० औं स्वतन्त्रता दिवस मनाइरहेका छौं’, उनले भने- ‘भारतको स्वतन्त्रताका पछाडि नेपाली जनताको योगदानलाई स्वर्ण अक्षरले लेखिएको छ।’

बेलायती उपनिवेशका रूपमा भारतलाई गुलाम बनाइएको बेला नेपालबाट स्वतन्त्रताका लागि उपलब्ध सहयोग अविस्मरणीय रहेको भन्दै उनले नेपाल र भारतबीचको सम्बन्ध शोषकका बीचमा मात्र नभई जन-जनको बीचमा स्थापित भइसकेको जिकिर गरे। प्रधानमन्त्री नरेन्द्र मोदीको हालै नेपाल भ्रमणबाट दुवै मुलुककाबीच विकासको मार्ग अझै फराकिलो बनेको बताउँदै राजदूत पुरीले भौगोलिक, सांस्कृतिक सँगसँगै आर्थिक उन्नतिमा एकआपसको भागिदारीले सम्बन्धलाई अझै बलियो बनाउने तर्क गरे। उनले भने- ‘नेपालको उन्नति प्रगति भारतका लागि पनि खुसीको विषय हो।’

राजदूत पुरीले जनकपुरमा केही महिनामै ब्रोड गेजको रेलमार्गमा भारतबाट रेल गुड्ने बताउँदै विराटनगरमा पनि रेल आएपछि दुई देशबीचको व्यापार अझै फस्टाउनेछ भने। व्यक्तिगत, सांस्कृतिकसँगै वाणिज्य सम्बन्धले दुई देशबीचको मीत्रतालाई अझ दिगो तुल्याउने उनको कथन थियो।

राजदूत पुरीले भारतीय सहयोगमा सप्तरीमा सञ्चालित करिब आधा दर्जन अधुरा योजना यथाशिघ्र पूरा गरी हस्तान्तरण गर्नसमेत आग्रह गरे। सोही कार्यक्रममा राष्ट्रिय जनता पार्टीका महासचिव तथा प्रदेशसभा सदस्य मनिषकुमार सुमनले रोटीवेटीको सम्बन्ध रहेको नेपाल र भारतबीचको मीत्रता प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणपछि अझ दरिलो बनेको बताए।

भारतीय स्वतन्त्रता संग्रामका क्रममा राणा सरकारले सप्तरीको हनुमाननगरमा बन्दी बनाई राखिएका भारतीय समाजवादी नेता जयप्रकाश नारायण र डा. राममनोहर लोहियालाई जेलमुक्त गराउन भूमिका खेलेका स्वर्गीय कृष्णवीर कामीका नाति अर्जुन विश्वकर्मा र मो. अब्दुल मियाँका नाति इब्राहिम मियाँलाई राजदूत पुरीले माला लगाएर सम्मान गरेका थिए।

हनुमाननगर जेल तोडेर जयप्रकाश र राम मनोहरलाई मुक्त गराउन भूमिका खेलेको आरोपमा राणा सरकारले अब्दुल र कृष्णवीरलगायतलाई पक्राउ गरी केन्द्रीय कारगारमा बन्दी बनाएको थियो। सोही कारागारमा कामीको मृत्यु भएको थियो।

# परिवारमा आधारित बालबालिका संरक्षणमा जोड

काठमाडौं, (नेस)

बाबुआमा गुमाएका बालबालिकालाई सकभर उनीहरूको परिवारका अन्य सदस्यकै संरक्षणमा रेखदेखको व्यवस्था मिलाउन एसओए बालग्राम नेपालले जोड दिएको छ।

पछिल्लो समयमा बालगृह या बालग्राममा आधारित संरक्षण कार्यलाई भन्दा परिवारकै काका, मामा, ठूलोबुबा, हजुरबुबामध्ये नजिकको आफन्त या नातेदारको संरक्षणमै त्यस्ता बालबालिकाको संरक्षणमा जोड दिएको हो। बालबालिकाको मायालु घरको रूपमा परिचित अन्तर्राष्ट्रिय गैरसरकारी संस्था एसओएस बालग्राम नेपालले विगत ४४ वर्षदेखि अभिभावकविहीन बालबालिकाको उचित संरक्षण र रेखदेखका साथै शिक्षादिक्षा दिँदै आएको छ।

एसओएस बालग्राम अन्तर्राष्ट्रियले पनि यस्तो संरक्षण कार्य (किनसिप) लाई प्राथमिकतामा राखेकाले नेपालमा पनि विस्तारै यस्तो अवधारणा अघि सार्नुपर्ने कुरामा जोड दिइएको हो।

बालग्रामले गत १ वर्षमा गरेको कार्यको मूल्यांकन तथा आम्दानी खर्च सार्वजनिक गर्दै आगामी वर्षको कार्यक्रम बनाउन आयोजित ‘सामाजिक लेखाजोखा’ कार्यक्रममा एसओएस बालग्राम नेपालका राष्ट्रिय निर्देशक इश्वरीप्रसाद शर्माले सन् २०१७ मा सम्पन भएका आयव्यय विवरणसहितको कार्यविस्तार सार्वजनिक गर्नुभयो।

भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले सरकारी तहमा नभएको काम एसओएस बालग्रामले गरेको छ। यतिमात्र नभई २ हजार भन्दा बढी बालबालिकालाई नियमित शिक्षादिक्षा, खानपान, बास, कपासको व्यवस्था त्यो पनि पारिवारिक वातावरणमा गर्नु निकै प्रशंसनीय कार्य हो भन्नुभयो। एसओएसले आफ्नो मौलिकतालाई काम राख्दै अघि बढोस् यही शुभकामना छ भन्नुभयो।

कार्यक्रममा आकस्मिक कार्यक्रमका डाइरेक्टर तथा सल्लाहकार श्रीशंकर प्रधानाङ्ग, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका सहसचिव वीरबहादुर राईलगायतका वक्ताले एसओएसको कामको प्रशंसा गर्नुभएको थियो।

# बेरी नयाँ अमेरिकी राजदूत

काठमाडौं, (नेस)

नेपालका लागि नयाँ अमेरिकी राजदूतमा ग्यान्डी डब्लु बेरी सिफारिस हुनुभएको छ। वर्तमान राजदूत एलाइना बी टेप्लिज श्रीलंका र माल्दिभ्समा खटिने भएपछि बेरी नेपाल आउँदै हुनुहुन्छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले उहाँलाई नेपालका नयाँ राजदूतका रूपमा सिफारिस गरेसँगै अमेरिकाकी संसद्ले सिफारिस पारित गरेपछि बेरी नेपाल आउनुहुनेछ। बेरी यसअघि सन् २००७ देखि २००९ सम्म नेपालस्थित अमेरिकी दूतावासमा ‘डेपुटी चिफ अफ मिसन’का रूपमा कार्यरत हुनुहुन्थ्यो।

# ‘पाँच वर्षभित्र समृद्ध देश’

भक्तपुर, (नेस)

रक्षामन्त्री ईश्वर पोखरेलले आगामी ५ वर्षभित्र सरकारले देशलाई समृद्ध बनाउने बताउनुभएको छ। शनिबार भक्तपुरको चाँगुनारायण नगरपालिका ६ स्थित तेलकोटमा ३ नं. प्रदेशका प्रदेश सदस्य स्वर्गीय हरिशरण लामिछानेको १३ दिनको पुण्य तिथिमा आयोजित श्रद्धाञ्जलिसभा कार्यक्रममा उहाँले मुलुक अब समृद्धि, विकास र प्रगतिपथमा लम्किएको बताउनुभयो।

रक्षामन्त्री पोखरेलले यस्तो अवस्थामा पनि मुलुकलाई समृद्धि नबनाए जनताले माफी छुट नदिने बताउनुभयो। निरन्तर रूपमा निष्ठावान, आदर्श विचार र सिद्धान्तमा लाग्ने व्यक्ति मात्रै सच्चा कम्युनिस्ट हुने दाबी गर्दै उहाँले सच्चा कम्युनिस्टका रूपमा रहनुभएका लामिछानेको निधनले अपूरणीय क्षति पुगेको बताउनुभयो। उहाँले मुलुकलाई समृद्ध बनाउँदै लामिछानेको सपनालाई साकार बनाउँने उहाँको भनाइ थियो।

कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवं चाँगुनारायण नगरपालिकाका प्रमुख सोमप्रसाद मिश्र, नेकपा भक्तपुरका कार्यबाहक अध्यक्ष वचन देउजाले स्वर्गीय लामिछानेको सपना साकार पार्न सिंगो नेकपा क्रियाशील भएर लाग्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## कर्मचारीलाई...

‘गाउँपालिमा गाभिएका विषयगत कार्यालयका कर्मचारी खासै आएकै छैनन्’ -उहाँले भन्नुभयो। स्थानीय तहका हस्तान्तरण भएका विषयगत कार्यालयका कर्मचारी स्थानीय तहमा खटाउन नसकेको मन्त्रालयले पनि स्वीकार गरेको छ।

‘केन्द्रमा बसेर लामो समयदेखि हालिमुहाली गरिरहेका कर्मचारी स्थानीय तहमा जानै चाहँदैनन्’, मन्त्रालयका एक कर्मचारीले भने- ‘केन्द्रमा बसेर शेयर, जग्गा किनबेचलगायत अनेक काममा अभ्यस्त भइसकेका कर्मचारीलाई जे गर्दा पनि पठाउनै सकिएन।’

देशभरका स्थानीय तहको कार्यालय व्यवस्थापन सर्वेक्षणअनुसार करिब ५८ हजार कर्मचारीको आवश्यकता रहेको छ। यसमध्ये ४० हजार कर्मचारी पठाइसकेको मन्त्रालयले जनाएको छ।

## हपहपी...

काठमाडौंमा पनि शनिबार यस वर्षकै सबैभन्दा बढी गर्मी महशुस गरिएको छ। शनिबार उपत्यकाको तापक्रम ३१ दशमलव ५ डिग्री सेल्सियस पुगेको छ। शुक्रबार उपत्यकाको तापक्रम ३१ डिग्री थियो भने गत वैशाख १० गते ३० दशमलव २ र गत जेठ ८ गतेको तापक्रम ३० डिग्री थियो। गतवर्ष अंग्रेजी महिनाको मे २६ तारिखमा उपत्यकाको अधिकतम तापक्रम २९ दशमलव ८ डिग्री मापन भएको महाशाखाले जनाएको छ।

मनसुन शुरू नभएसम्म उपत्यकामा गर्मी अझै बढ्न सक्ने अर्का मौसमविद् समीर श्रेष्ठले बताउनुभयो। ‘अहिले गर्मी ठिकै रहेको पूर्वी तराईको तापक्रम पनि केही दिनपछि बढ्न सक्छ। मनसुन शुरू नभएसम्म धेरै ठाउँको तापक्रम बढ्ने गर्छ’ -उहाँले भन्नुभयो।

## धरहरा...

कामपाको २ वटा स्काभेटरले टहरा भत्काएको थियो। करिब २ साता अघि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा बसेको बैठकले १५ दिनभित्र धरहरा परिसरको संरचना भत्काउन कामपालाई अनुरोध गरेको थियो। सोहीअनुसार कामपाले टहरा भत्काएको हो।

काठमाडौं महानगरपालिकाले साइड वाकर्स कम्पनीलाई २०६१ साल वैशाख ३१ गते २० वर्षे सम्झौता गरी धरहरा र त्यस क्षेत्रको सम्पूर्ण भाग भाडामा दिएको थियो। सो सम्झौता २०८१ सालमा सकिनेछ। भूकम्पले धरहरा ध्वस्त भएलगत्तै कामपाले सम्झौता भंग भएको जनाएको थियो। २०७२ साल वैशाख १२ गतेको शक्तिशाली भूकम्पले ढलेको धरहरा र त्यसले चर्चेको क्षेत्रमा साइड वाकर्सले रेस्टुरेन्ट, रेडिमेड पसललगायत व्यवसाय भाडामा दिएर सञ्चालन गर्दै आएको थियो।

प्राधिकरणले धरहरा पुनर्निर्माण गर्न वैशाख ३० गते टेन्डर आह्वान गरेको छ। प्राधिकरणले मुलुक र मुलुकबाहिरका ठेकेदारले समेत प्रतिस्पर्धा गर्न सक्ने गरी टेन्डर आह्वान गरेको थियो। प्राधिकरणले २१ दिनको म्याद उल्लेख गर्दै टेन्डर आह्वान गरेको थियो। असारभित्रै धरहरा पुनर्निर्माण गर्न टेन्डर आह्वान गरेर प्रक्रिया शुरू गरेपछि कामपाले कार्य अघि बढाएको हो। करिब ४ अर्ब रुपियाँ लागतमा हुलाक र टक्सार विभागलाई समेत समेट्ने गरी धरहरा पुनर्निर्माण हुँदै छ। पुनर्निर्मित धरहराको उचाइ २ सय ४५ फिट हुनेछ भने भित्र २ सय १३ र बाहिर २५ वटा सिँढी रहनेछन्। यसमा अपांग र वृद्धवृद्धाका लागि डबल लिफ्ट राखिनेछ।

## गोरेको...

आईतबारको बयानमा गोरेलाई सुनकान्डसँग सम्बन्धित भिडियो पनि देखाउने योजना रहेको बताइएको छ। गोरेले बयानमा औपचारिकभन्दा पनि अनौपचारिक विषयमा बढी केन्द्रित भएकाले बयान लम्बिएको अदालतका कर्मचारीले बताएका छन्।

यसअघि प्रहरी हिरासतमा समेत आफ्नो सुरक्षा नभएको भन्दै मानवअधिकारवादीको निगरानीमा राख्न गोरेले कानुन व्यवसायीमार्फत निवेदन दिएपछि उनलाई कडा सुरक्षाबीच ल्याउने, लैजाने गरिएको छ। जिल्ला प्रहरी कार्यालय मोरङले जिल्ला सरकारी वकिल कार्यालयमार्फत मोरङ उर्लावारीका गोरे भनिने चूडामणि उप्रेतीलाई मुख्य अभियुक्तसहित ६३ जनाविरुद्ध कर्तव्य ज्यान, अपहरण तथा शरीर बन्धक, सुन चोरी पैठारी र निकासी तथा संगठित अपराधअन्तर्गत मुद्दा चलाएको छ।

यसैबीच, सनम हत्या र सुन तस्करी प्रकरणमा उर्लावारीका रेवत आचार्य पक्राउ परेका छन्। मोरङ प्रहरीद्वारा पक्राउ गरिएका उनलाई जिल्ला अदालत मोरङबाट म्याद थप गराइएको छ। उर्लावारी-५ घर भएका आचार्यको उर्लावारीमा सुन पसल छ।

आचार्य पक्राउ परेसँगै सुन तस्करी प्रकरणमा पक्राउ पर्नेको संख्या ३४ पुगेको छ। सनम शाक्य र सुन तस्करी प्रकरणमा पक्राउ परेकामध्ये २८ जना पुर्पक्षका लागि कारागार चलान गरिएको छ। २ जना भने तारेखमा छुटेका छन्।

Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
DIVISION OFFICE, NUWAKOT

**Invitation for Online Bids**

Date of Publication: 2075/02/13 (2018/05/27)

Invitation for Sealed Bids for the DUDBC/Nuwakot/NCB/Works/04/2074/75

1. **Government of Nepal** has allocated funds towards the cost of construction of the works mentioned in the table and intends to apply part of the funds to cover eligible payments under the contract as described in table below. Bidding is open to all eligible Nepalese bidders.
2. The Department of Urban Development and Building Construction Division Office Nuwakot (DUDBC Nuwakot) invites sealed bids or electronic bids from eligible bidders for following works under National Competitive Bidding – Single-Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:

| S.N. | Contract No. | Description of Work | Major Work Experience in One Contract | Key Qualification (without VAT) | | Bid Security Amount (NRs.) | Price of Bid Document |
|---|---|---|---|---|---|---|---|
| 1. | DUDBC/Nuwakot/Work/NCB/04/074/075 | Construction of Historical, Cultural, Archeological and Ethnic Museum near 7 storey Palace at Bidur, Nuwakot | Brick Masonry Work : 465.00 cum PCC For RCC Work :680.00 cum Reinforcement Bar :90.00MT | Turnover | Rs. 4,24,00,000.00 | 18,00,000.00 | 5,000.00 |
| | | | | Experience | 5 years Minimum | | |
| | | | | Similar Nature | Rs. 4,54,00,000.00 | | |

3. Bidder shall submit their bid electronically only and download the bidding documents form e-portal http:// www.bolpatra.gov.np/egp/. Bidders, submitting their bid electronically should deposit the cost (as specified above) of bidding document in the project's Rajaswa (revenue) account as specified below and the scanned copy (PDF format) of the Bank deposit voucher shall be **uploaded** by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

| Account No for The Bid Document Purchase | | Account No for The Bid Security Deposit. | |
|---|---|---|---|
| Contract No:- | **DUDBC/Nuwakot/NCB/Works/04/2074/75** | Contract No:- | **DUDBC/Nuwakot/NCB/Works/04/2074/75** |
| Name Of Bank:- | **Nepal Bank Limited ,Trishuli Branch(Nuwakot)** | Name Of Bank:- | **Nepal Bank Limited ,Trishuli Branch(Nuwakot)** |
| Name Of Office | **DUDBC, Division office, Nuwakot** | Name Of Office | **District Treasury Controller office,Nuwakot** |
| Office Account no: | **26-41-811** | Dharauti Account no: | **1-kha-3(Dharauti)** or Bank Guarantee issued by ‘A’ class Commercial Bank.(Mentioned Purpose of Deposit stating Contract No. Clearly) |
| Revenue Head No.:- | **14227** | | |
| Office Code no: | **26-347-01** | Office Code no: | **26-347-01** |

4. Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***As mentioned in table above.*** Minimum Works experience of similar size and nature: [number of project and value of each project as mentioned above].
5. Eligible Bidders may obtain further information and inspect and inspect the Bidding Documents at the office ***Department of Urban Development and Building Construction, Division Office Nuwakot*** or may visit **http:// www.bolpatra.gov.np/egp/**
6. Pre-bid meeting shall be held at ***DUDBC, Division Office Nuwakot at 2075/03/03 (2018/06/17) at 13:00***
7. Electronic bids must be submitted to the office DUDBC, Division Office Nuwakot through web portal **http:// www.bolpatra.gov.np/egp/** on or before ***12:00*** on ***2075/03/12 (2018/06/26)*** Bids received after this deadline will be rejected.
8. The Technical bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00*** on ***2075/03/12 (2018/06/26)*** at the office of ***DUDBC, Division Office Nuwakot.*** Bids be valid for a period of 90 days for after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in PDF format in cast of e-bid, amounting to a minimum of **as specified above** which shall be valid for 30 days beyond the validity period (i.e. 120 days) of the bid after dateline for Bid submission last date.
9. E-bidding, hard-copy of all the required related documents with original bid bond guarantee for clarification should be submitted within 7 days of the bid opening date.
10. If the last date of Pre-Bid meeting/purchasing/submission day falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
11. Bidders may submit modification or withdrawal prior to the deadline prescribed for submission of bid through e-GP system by using the forms and instructions provided by the system. Once a Bid is withdrawn, bidder will no be able to submit another bid response for the same bid.
12. After the completion of evaluation of Technical Bids, which are substantially responsive evaluated bidders, will be invited to attend the opening of Price Bids. The date, time and location of opening of Price Bid shall be notified in writing and/or published in national daily.
13. Other information not mentioned above is as per Public Procurement Act 2063 and Public Procurement Regulation 2064 (Amended).
14. Employer Name :
DUDBC Division Office Nuwakot
Attention: Division Chief, DUDBC Division Office Nuwakot
Email : dudbc.nuwakot@gmail.com
Location : Bidur-9, Colony
Telephone: 010-560179, Fax No. : 010-560179

Division Chief



# अर्थ

जिल्लामा सञ्चालित क्रसर उद्योग बन्द भएपछि भूकम्पपीडितलाई आवास पुनर्निर्माण गर्न, निर्माण सामग्री खरिद गर्न र जिल्लामा सञ्चालित राष्ट्रिय गौरवका आयोजना गल्छी-मैलुङ-रसुवागढी, पुष्पलाल-मध्येपहाडी सडक मार्गलगायत आयोजनालाई सामग्री पाउन कठिन भएको आयोजनाका ठेकदारले बताएका छन्।

## एक दर्जन कम्पनीको साढे ७ अर्बको हकप्रद आउँदै

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल धितोपत्र बोर्डमा आवेदन दिएका एक दर्जन कम्पनीको साढे ७ करोडभन्दा बढीको हकप्रद शेयर स्वीकृतिको पर्खाइमा रहेको छ।

बोर्डमा आवेदन दिएर निर्णयको प्रतीक्षामा रहेका १२ कम्पनीको ७ अर्ब ५० करोड ४१ लाख २८ हजार १ सय ५६ रुपियाँबराबरको ७ करोड ५० लाख ४१ हजार २ सय ८१ दशमलव ५६ कित्ता हकप्रद शेयर निष्काशनका लागि पाइलाइनमा रहेका छन्। बोर्डमा एक वर्ष अघि श्रीमाराम सुगर मिलले आवेदन दिए पनि अहिलेसम्म अनुमति पाएको छैन। कम्पनीले २०७४ वैशाखमा ८९ लाख ३ हजार ९ सय ४९ दशमलव ८१ कित्ता हकप्रद शेयर निष्काशन अनुमतिका लागि बोर्डमा आवेदन दिएको थियो।

दुई बराबर एकको अनुपातमा हकप्रद निष्काशनका लागि अनुमति माग्दै गत मंसिरमा नेपाल क्रेडिट एन्ड कमर्स बैंक (एनसीसी) ले २ करोड ३३ लाख ९५ हजार २ सय ५१ कित्ता हकप्रद जारी गर्न आवेदन दिएको छ। त्यस्तै नयाँ नेपाल लघुवित्त वित्तीय संस्थाले पनि एक बराबर दुई दशमलव पाँच कित्ता हकप्रद निष्काशन अनुमतिका लागि चैतमा आवेदन दिएको थियो। कम्पनीले ६ लाख कित्ता हकप्रद शेयर जारी तयारी गरेको

यसैगरी समता माइक्रो फाइनान्सले दुईबराबर एकको अनुपातमा १ लाख ८९ हजार ७ लाख कित्ता र नागवेली लघुवित्तले एकबराबर एकको अनुपातमा ७ लाख ६६ हजार ४ सय ६३ दशमलव १५ कित्ता हकप्रद निष्काशनका लागि बोर्डको अनुमति कुरेर बसेका छन्।

माहुली, स्वदेशी र स्वरोजगार लघुवित्त वित्तीय संस्थाले पनि हकप्रद जारी गर्न बोर्डमा अनुमतिका लागि निवेदन दिएका छन्।

माहुली लघुवित्तले दुई बराबर एकको अनुपातमा ३ लाख कित्ता, स्वदेशी लघुवित्तको एक बराबर एकको अनुपातमा ११ लाख ५० हजार कित्ता र स्वरोजगारको एक बराबर एकको अनुपातमा १२ लाख २४ हजार ९ सय ७७ दशमलव ६० कित्ता हकप्रद जारी गर्नका लागि तयारीमा रहे पनि अनुमति पाइसकेका छैनन्।

नेपाल धितोपत्र बोर्डमा आवेदन दिए पनि आइएमई जनरल इन्स्योरेन्स कम्पनीले १० बराबर ८ को अनुपातमा र एभरेस्ट इन्स्योरेन्सले १ बराबर ६ को अनुपातमा हकप्रद शेयर जारी गर्न अनुमति पाएका छैनन्। दुवै कम्पनीले बोर्डबाट अनुमति पाउने बित्तिकै शेयर जारी गर्ने तयारीमा छन्।

यसैगरी हकप्रद निष्काशनको पाइपलाइनमा प्रोगेसिभ फाइनान्स कम्पनीले एकबराबर दुई दशमलव ८१ को अनुपातमा ५९ लाख १ हजार कित्ता र अपी हाइड्रोपावर कम्पनीले एकबराबर दुईको अनुपातमा २ करोड १० लाख कित्ता हकप्रद जारी गर्ने तयारीमा रहँदै बोर्डको निर्णय पर्खिएर बसेका छन्।

## भन्सारको निर्णय कार्यान्वयन भएन

विराटनगर, (नेस)

विराटनगर भन्सार कार्यालयले डेढ महिनाअघि ९ बजेपछि कार्यालय सञ्चालन गर्ने निर्णय गरेको भएपनि अझै प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। भन्सारमा अन्तिम समयमा हुने भीडभाड कम गर्न गरिएको उक्त निर्णय भंसारकै कर्मचारीहरूले कार्यान्वयन गर्न नसक्दा समस्या भएको उद्योगी व्यवसायीको गुनासो छ।

भन्सार कार्यालयको यार्ड सानो हुँदा मालबहाक ट्रक र सवारी साधन भन्सार कार्यालयदेखि विराटनगरको जुटमिलको खाली जग्गासम्म लाम लागेका छन्। भन्सार कार्यालयले यस्तो चाप हटाउनका लागि विहान ९ बजेनै एक लट गाडीको चेकजाँच सक्ने र पुनः दिउँसो अर्को लट चेकजाँच गर्दा भीडभाड हट्ने अपेक्षासहित ९ बजेदेखि नै कार्यालय खोल्न थालेको थियो। तर, उक्त निर्णय कार्यान्वयन अझै हुन सकेको छैन।

भन्सार कार्यालयले व्यापारीको बानीमा सुधार नआएसम्म उक्त निर्णय कार्यान्वयन हुन नसक्ने देखिएकाले आवश्यक छलफल र परामर्श गरिरहेको जनाएको छ। विराटनगर भन्सार कार्यालयका प्रमुख मिमांश अधिकारीले उक्त निर्णय कार्यान्वयनमा व्यापारी नै बाधक भएको बताइरहँदा व्यापारीहरू भने भन्सारकै ढिलासुस्तीले यस्तो भएको बताउँछन्। क्लियरिङ एजेन्ट नआएका कारण भन्दा पनि भन्सार कार्यालयकै कारण ढिलाइ भएको व्यापारीहरूको भनाइ छ। भन्सार कार्यालयको परम्परागत सोचका कारण समस्या भएको मोरङ व्यापार संघका अध्यक्ष पवनकुमार सारडाको भनाइ छ।

व्यापार संघका अध्यक्ष सारडाले भीडभाड हटाउनका लागि एकीकृत जाँच चौकी (आइसीपी) निर्माणमा तदारुकता अपनाउनु पर्नेमा जोड दिनुभयो। भन्सार कार्यालय आसपासमा थन्किएका मालबहाक ट्रकको लाइनका कारण आवत जावतमा पनि समस्या छ। गर्मी, धूलो र भीडभाडका कारण भन्सार क्षेत्रबाट आवत जावत गर्ने सर्वसाधरणले समेत सास्ती पाइरहेका छन्।

## अनुदान पाउने ५ हजार थपिए

काठमाडौं, (नेस)

निजी आवास पुनर्निर्माण अनुदानका निम्ति लाभग्राही छनोट भएका छन्। लाभग्राहीमा आफू सूचीकृत हुनुपर्ने भन्दै भूकम्प अति प्रभावित १४ जिल्लामा गुनासो दर्ता गराई केन्द्रबाट प्रारम्भिक परीक्षण भई छुट तथा पुनःजाँच सर्वेक्षण कार्यक्रमअन्तर्गत २०७४ भदौदेखि कार्तिकमा स्थलगत रूपमा इन्जिनियर परिचालन गरी संकलन गरिएको तथ्यांकलाई विश्लेषण तथा परीक्षण गरी लाभग्राही पहिचान भएकाले थप नाम छनोट भएको हो।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको बैठकले हालसम्म विश्लेषण सकिएका विभिन्न जिल्लाका १८ गाउँपालिका र दुई नगरपालिकाका ५ हजार ३ सय ४४ जनालाई पुनर्निर्माण अनुदान लाभग्राही बनाएको छ।

भूकम्प अति प्रभावित १४ जिल्लामा ५ हजार ५ सय १ जनालाई प्रवलीकरण लाभग्राहीमा सूचीकृत गरेको छ। प्राधिकरणका सूचना अधिकारी मनोहर घिमिरेका अनुसार हाल धादिङका रुवीभ्याली र थाक्रे, दोलखाका विगु र कालिञ्चोक, गोरखाका सिरानचोक, कार्भेको बेथानचोक, ओखलढुगांका चिसंखुगढी र लिखु, रसुवाका गोसाईकुण्ड, कालिका, नौकुण्ड, पार्वतीकुण्ड, उत्तरगया, सिन्धुपलान्चोकका बलेफी, भोटेकोशी, हेलम्बु र जुगल गाउँपालिकाको छनोट कार्य सकिएको छ।

यस्तै नुवाकोटको बिदुर र सिन्धुपलान्चोकको ब्राहबिसे नगरपालिकाको समेत छनोट कार्य सम्पन्न भएको छ। यसरी कायम भएका लाभग्राहीले स्थानीय तहको सिफारिसमा अनुदान सम्झौता गरेपछि तोकिएको प्रक्रिया पूरा गरी पुनर्निर्माण अनुदान लाभग्राहीले ३ लाख र प्रवलीकरण लाभग्राहीहरूले १ लाख रुपियाँ अनुदान प्राप्त गर्नेछन्।

विभिन्न जिल्लाबाट ठूलो संख्यामा गुनासो दर्ता गरिएको र पहिले सर्वेक्षण भएको वा नभएको यकीन गरी थप प्रमाणीकरण गर्नु परेकाले लाभग्राहीको छनोटमा केही ढिलाई भएको हो। हाल विशेष प्राथमिकताका साथ यो कार्य भइरहेकाले जेठ मसान्तभित्र सर्वेक्षण भई केन्द्रमा आएका तथ्यांकबाट लाभग्राहीको पहिचान कार्य सम्पन्न भई स्थानीय तहमा सूची पठाइने प्राधिकरणका सूचना अधिकारी घिमिरेले जानकारी दिनुभयो।

## पञ्चकन्याको एसएस ट्याङ्क भारत निकासी




काठमाडौं, (नेस)

पञ्चकन्याले नेपालमा पहिलोपटक अत्याधुनिक प्रविधि प्रयोग गरी ३०४ फुड ग्रेडको भर्टिकल तथा होरिजेन्टल र ३१६ ग्रेडको स्टेनलेस स्टील ट्यांक विगत ६ वर्षदेखि विभिन्न क्षमतामा उत्पादन गरी बिक्री गर्दै आएको छ।

उक्त ट्याङकहरू हाल आएर नेपालमा मात्र नभई भारतको पटना, लखनउ, कोलकत्ता आदि विभिन्न शहरमा समेत निर्यात हुन थालेका छन्। भारतबाट पञ्चकन्या ग्रुपलाई राम्रो प्रतिक्रिया प्राप्त भएकाले एसएस ट्याङकको भविष्य उज्ज्वल देखिएको छ। बढी खिया प्रतिरोधात्मक, पानी छिटो नतात्ने, लक गर्न मिल्ने बिर्को, पर्याप्त निप्पल तथा स्ट्यान्डसहित हुनाले जडान गर्न सहज तथा सजिलै ट्याङकभित्रको फोहर सफा गर्न सकिन्छ। यी ट्याङकमा अन्यको दाँजोमा अरू धेरै विशेषता भएको हुँदा यसलाई आम उपभोक्ताले अत्यधिक रुचाएका छन्।

## एभरेस्ट बैंकको शाखा दुप्चेश्वर र बट्टारमा



काठमाडौं, (नेस)

एभरेस्ट बैंकले विभिन्न स्थानमा आफ्नो शाखा विस्तार गर्दै गएको छ। यसै क्रमलाई निरन्तरता दिँदै बैंकले नुवाकोटको दुप्चेश्वर र बट्टारमा आफ्नो शाखाको समुद्घाटन गरेको छ।

बट्टार शाखाको उद्घाटन बिदूर नगरपालिकाका मेयर सन्जु पन्डित र बैंकका प्रमुख कार्यकारी अधिकृत सोमेश्वर सेठले संयुक्त रूपमा गर्नु भएको थियो। उक्त कार्यक्रममा बिदुर नगरपालिकाका उपमेयर श्रीमती गीता कुमारी दाहाल, नेपाल प्रहरीका, प्रहरी नायब उपरीक्षक नरहरि रेग्मी, नेपाली सेनाका मेजर प्रेमनारायणलगायतको पनि उपस्थिति थियो।

यसैगरी दुप्चेश्वर शाखाको उद्घाटन दुप्चेश्वर गाउँपालिकाका अध्यक्ष योबिन्द्र सिंह तामाङ र बैंकका प्रमुख कार्यकारी अधिकृत सोमेश्वर सेठले संयुक्त रूपमा गर्नु भएको थियो। यस बैंकको सन्तुष्ट ग्राहकहरूको संख्या साढे नौ लाख भन्दा बढि रहेको छ बैंकले आफ्ना ८० वटा शाखा, ७ एक्सटेन्सन काउन्टर, २८ राजस्व संकलन काउन्टर र ११३ एटीएममार्फत उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ।

## क्रसर उद्योग बन्द हुँदा निर्माण कार्य प्रभावित

**नेपाल समाचारपत्र**

नुवाकोट

जिल्लामा सञ्चालनमा रहेका क्रसर उद्योग बन्द भएपछि विकास निर्माणको काम प्रभावित हुन थालेको छ। जिल्लामा सञ्चालनमा रहेका क्रसर उद्योग बन्द गराउन सर्वोच्च अदालतले दिएको आदेशपछि प्रहरीले गत सातादेखि जिल्लामा रहेका क्रसर उद्योगहहरू बन्द गराइको हो।

जिल्लाभित्र क्रसर उद्योग अवैधरूपमा सञ्चालनमा रहेका र यसबाट वातावरणीय क्षति पुगेको भन्दै बेलकोटगढी-८ का राजेन्द्र चित्रकारले माग गरेको उत्प्रेषण परमादेशअनुसार सर्वोच्चले बन्द गराउन आदेश थियो। त्रिशूली, तादीलगायत नदी किनारमा सञ्चालनमा रहेका क्रसर उद्योग गिट्टी, ढुंगा र बालुवा प्रशोधन उद्योगले वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० को उल्लंघन गरी सञ्चालन भइरहेको नदेखिएकाले तत्कालै बन्द गर्न तथा गराउन अदालतले आदेश दिएको थियो।

सर्वोच्चको आदेश प्राप्त भएलगत्तै नौवटा क्रसर उद्योग बन्द प्रहरीले बन्द गराएको थियो। विदूर नगरपालिका- ४ माधव सिलवालले बालुवा, सिमेन्ट हार्डवेयरदेखि स्थानीय कच्चा निर्माण सामग्रीको अभावमा घर बनाउन नसकिएको बताउनुभयो। सिलवालका अनुसार सरकारले दिएको समय सीमाले आफूलाई घर बनाउन समस्या परेको बताउनुभयो। निर्माण सामग्रीको अभावमा भूकम्पपीडितहरू हार्डवेयर पसल धाउन थालेका छन। ढुंगा, बालुवा, गिट्टीलगायतका सामग्रीको कृत्रिम अभाव भएकाले घर निर्माण गर्न वालुवा नपाएको गेर्खुका रमेश पोडेलले बताउनुभयो।

त्यस्तै ढुंगा, बालुवा, गिट्टीलगायतका सामग्रीको कृत्रिम अभाव भएको छ। कामदार र निर्माण सामग्रीहको अभाव भएसँगै मूल्यसमेत दोब्बर बनाइँदा भूकम्पपीडित दोहोरो मारमा परेका छन्।

घर निर्माण गर्न बालुवा, सिमेन्ट र कामदार नपाउँदा समस्या भएको वेलकोटगढी नगरपालिका-४ का हरि प्याकुरेलले बताउनुभयो। प्याकुरेलले भन्नुभयो-'गाउँमा कामदाहरूका अभावसँगै निर्माण सामग्रीहरू इँटा, बालुवा, सिमेन्ट तथा रडको अभाव भएको छ। कालोबजारीले प्रश्रय पाएको छ। यसलाई नियन्त्रण गर्न प्रशासन मौन छ।'

यसैबीच बजारमा निर्माण सामग्रीको मूल्यवद्धिले उपभोक्ताको ढाड सेकिएको भन्दै उपभोक्ताकर्मीले सरकारले प्रभावकारी बजार अनुगमन गर्नुपर्ने बताएका छन्। उपभोत्ता हित संरक्षण मञ्च नुवाकोटका अध्यक्ष इन्द्र पण्डितले निर्माणजन्य सामग्रीको मूल्यमा भएको वृद्धिले उपभोक्ता मारमा परेको बताउनुभयो। बजारमा निर्माणजन्य सामग्रीको कृति अभाव हुनमा सरकारी कमजारी रहेको नुवाकोट निर्माण व्यवसायी संघका अध्यक्ष सुमन अधिकारीले बताउनुभयो। अभिकारीले सरकार र स्थानिय तहले बालुवाको क्रसर बन्दले निर्माण कार्य प्रभावित भएको बताउनुभयो। उहाँले क्रसर बन्द हुँदा सरकारले आगामी असार मसान्तसम्म भूकम्पपीडितलाई दिएको समय सीमामा घर बनाउनसमेत समस्या हुने बताउनुभयो।

जिल्लामा सञ्चालित क्रसर उद्योग बन्द भएपछि भूकम्पपीडितलाई आवास पुनर्निर्माण गर्न, निर्माण सामग्री खरिद गर्न र जिल्लामा सञ्चालित राष्ट्रिय गौरवका आयोजना गल्छी-मैलुङ-रसुवागढी, पुष्पलाल-मध्येपहाडी सडक मार्गलगायत आयोजनालाई सामग्री पाउन कठिन भएको आयोजनाका ठेकदारले बताएका छन्।

हिमाल स्टील आजको भाउ

ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL

देशको मेरुदण्ड

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ९११०० | ८८१०० | ९११०० | ९११०० |
| सिमरा, बिरगंज, कलैया | ८९१४० | ८६१४० | ८९१४० | ८९१४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०१४० | ८७१४० | ९०१४० | ९०१४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९११९५ | ८८१९५ | ९११९५ | ९११९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०११० | ८७११० | ९०११० | ९०११० |
| पोखरा, स्याङ्जा | ९०१६० | ८७१६० | ९०१६० | ९०१६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com

सगुन सहकारी संस्था लिमिटेड
(सहकारी ऐन २०४८ बमोजिम स्थापित)
क्षेत्रपाटी, काठमाण्डौं, फोन नं. ४२५७४८७, ४२५८३६६

निर्वाचन सम्बन्धी सूचना

यस संस्थाको मिति २०७५।०२।२६ मा सम्पन्न हुने साधारण सभाबाट संचालकहरु तथा लेखा समितिका सदस्यहरुको चुनाव गर्ने बारेको विस्तृत कार्यक्रम तालिका संस्थाको केन्द्रिय कार्यालय क्षेत्रपाटी सूचना पाटीमा टाँस गरि प्रकाशित भईसकेको हुदा सम्बन्धित शेयर सदस्य महानुभावहरुको जानकारीको लागि अनुरोध छ ।

अधिवक्ता दिनेश कुमार रोक्का
निर्वाचन अधिकृत

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ जेठ १३, मे २७, २०१८

**खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको**

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०८।१५ | १०८।७५ |
| युरो १ को रू. | १२६।५० | १२७।२० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।२९ | १४५।०९ |
| स्विस फ्रन्क १ को रू. | १०८।९६ | १०९।५६ |
| अस्ट्रलियन डलर १ को रू. | ८१।९२ | ८२।३८ |
| क्यानाडियन डलर १ को रू. | ८३।६४ | ८४।११ |
| सिङ्गापुर डलर १ को रू. | ८०।७४ | ८१।१९ |
| जापानी यन १० को रू. | ९।८८ | ९।९४ |
| चिनियाँ युआन १ को रू. | १६।९३ | १७।०२ |
| साउदी अरब रियाल १ को रू. | २८।८४ | २९।०० |
| कतारी रियाल १ को रू. | २९।७० | २९।८७ |
| थाई भाट १ को रू. | ३।३९ | ३।४१ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।४४ | २९।६१ |
| मलसियन रिङ्गिट १ को रू. | २७।१७ | २७।३२ |
| दक्षिण कारियन वन १०० को रू. | १०।०३ | १०।०९ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३९ |
| डेनिस क्रोनर १ का रू. | १६।९८ |
| हङकङ डलर १ का रू. | १३।७९ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

IMAGE CHANNEL

Vacancy Announcement

Image Channel is looking for some Camera Persons. Interested candidates are requested to drop their application along with their bio-data at Image Complex, Panipokhari.

Job Information

Job Category: Camera Persons, Assistant Camera Persons and Interns for Camera Operation.

No. of Vacancy/s: At least 2 each in the 3 positions specified above

Employment Type: Full Time

Job Specifications

Education Level: 10+2

Experience Required for Camera Person : At least 2 years in related field

Experience Required for Assistant Camera Person: At least 6 months in related field.

No experience is required for the position of Interns.

Apply Before(Deadline): Ashad 16th 2075/ 30th June 2018




प्राय: हरेक क्षेत्रमा यस्तो अप्रिय दृश्य देखिने स्थानीय बताउँछन्। यस्तै बिच्छाइएको जमिनमुनिको खानेपानी पाइपको हालतउस्तै छ। विकास निर्माण कार्य अथवा सडक निर्माणमा विद्युत् प्राधिकरण, खानेपानी बोर्ड र स्थानीय तहले सम्मवयन्कारी भूमिका नखेलेको भन्दै स्थानीय युवा लवराज ठकुरीले चिन्ता व्यक्त गरेका छन्। उनको प्रश्न छ–सडकमा थापिएका धरापमा परेर कुनै दुर्घटना भए जिम्मेवार को ? उपमहानगरपालिका वा प्राधिकरण ? हेटौंडाको भैरव रोडलगायत स्थानमा नमूना भनी निर्माण गरिएका सडकका बीचमा पोल छन्।

# सडकको बीचमा बिजुलीको पोल

हेटौंडा, (नेस)

हाल हेटौंडा उपमहानगरपालिकाले सबैजसो वडामा तीव्ररूपमा सडक स्ल्याब ढलान गरिरहेको छ। जुन स्ल्याबको उद्घाटन मेयरदेखि सम्बन्धित वडा अध्यक्ष राजनीतिकर्मी एवम् समाजसेवीको रोहवरमा भएको पाइन्छ। स्थानीय सरकारले सडक स्ल्याब गर्ने कार्यलाई प्राथमिकता दिएको छ। तर, सडक निर्माण गर्दा सामान्य कुरा ध्यान नदिँदा ती सडकले दुर्घटना निम्त्याउन सक्ने देखिन्छ।

दशकौं टिक्ने स्ल्याब निर्माण गर्ने क्रममा स्थानीय अधिकारीले खानेपानी र जथाभावी गाडिएका बिजुलीका पोल स्थानान्तरणबारे बिल्कुल सोचेको पाइँदैन। यसले उक्त क्षेत्रमा दु:खद् परिणाम ल्याउने देखिन्छ। सडकबीच वा एक तिहाइभित्र बिजुलीको पोल परे पनि सोही स्थानमा ढलान गरिएका छन्।

# बजेटमा अपेक्षा धेरै

दीपेन्द्र थापा, काठमाडौं

नयाँ सरकार गठन भएसँगै आम जनतामा धेरै अपेक्षा देखिएको छ। अर्थतन्त्रका जानकार भनिएका अर्थमन्त्री भएसँगै आगामी बजेट कस्तो बजेट आउँला भन्नेमा जिज्ञासा रहेको छ।

देश संघीयतामा गईसकेको सन्दर्भमा तीनै तहलाई समेटेर आउन लागेको बजेट कसरी सम्बोधन होला भन्ने जिज्ञासा पनि छ। संघ, प्रदेश र स्थानीय सरकारलाई सम्बोधन गरी नयाँ बजेट मंगलबार प्रस्तुत हुँदैछ। बजेटको पूर्वसन्ध्यामा अर्थतन्त्रका क्षेत्रमा प्रत्यक्ष सरोकार राख्नेसँग आगामी बजेट कस्तो हुनुपर्छ भन्ने विषयमा केन्द्रित रहेर गरिएको कुराकानी :

## खर्च घटाउने बजेट आउनुपर्छ



**केशव आचार्य**
अर्थशास्त्री

सरकारले भने बजेटमा प्रशासनिक खर्च कसरी कम गर्न सकिन्छ यस विषयमा ध्यान दिनुपर्छ। जिल्ला कार्यलयहरू छन्। संघीय सरकारअन्तर्गत जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, राष्ट्रिय अनुसन्धन कार्यालय, कृषि सिंचाइ, स्वास्थ्य तल्लो तहमा जाने भन्ने छन्।

थुप्रै सरकारी कार्यालय छन्। यिनको मसलन्द खर्च छ, यस्को व्यवस्थापन गरी कुन निकायमा जाने हो तय गर्नुपर्छ, यस्ता साना कुराबाट खर्च कम गर्दै जानुपर्छ।

स्थानीय विकास मन्त्रालयबाट पहिले गाविस, जिविसबाट गर्ने कामको अधिकार प्रत्याजोन गरी गर्नुपर्छ। जिल्ला केन्द्रमा रहेर स्थानीय तह हेरेका निकायलाई व्यवस्थापन गर्नुपर्छ। हजारौंको संख्यामा रहेको गैरसरकारी संघ संस्थालाई व्यवस्थापन गरी स्थानीय निकायको मातहतमा रहेर विकास निर्माणको काममा हातेमालो गर्नु पर्‍यो।

सम्भाव्यता अध्ययन नगरेका आयोजनामा भने बजेट विनियोजन नगर्ने प्रणालीको विकास गर्नु आवश्यक छ। वैदेशिक सहयोगबाट सञ्चालन हुने र सम्झौता भइसकेका आयोजनाहरूमा मात्र बजेटमा पार्न भनेकोमा अहिले सरकारले मदन भण्डारी राजमार्ग लिएर आएको छ। राष्ट्रिय गौरवका आयोजनाको संख्या घटाएर लैजानुपर्ने छ। मुख्य प्राथमिताका आयोजनालाई मात्र सरकारले राष्ट्रिय गौरवका आयोजनामा राखेर पर्याप्त बजेट विनियोजन गर्नुपर्छ।

बजेटको खर्च हुने तर राम्रो नतिजा नआउने अवस्था छ। स्थानीय सरकार, प्रान्तीय सरकार र संघीय सरकारका कर्मचारीलाई काम र जिम्मेबारी दिएर काम प्रगतिको आधारमा कार्यसम्पादन मूल्याङकनको आधारमा बढुवा गर्नुपर्छ।

## स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्छ



**दीपेन्द्रबहादुर क्षेत्री**
पूर्वउपाध्यक्ष
राष्ट्रिय योजना आयोग

नयाँ सन्दर्भमा बजेट आउँदै छ। संघीयताको पहिलो कार्यान्वयनको बजेट हो। स्थानीय तहलाई कति जिम्मेवार बनाउन सकिन्छ, कति उनीहरूलाई विकास निर्माणमा लगाउन सकिन्छ भन्ने नै पनि हो। यस्तो भएको खण्डमा आधारभूत अथवा तल्लो तहबाट नै विकास निर्माणका समस्या, सामाजिक कुरीति आर्थिक विपन्नता यो सबैको जडलाई चाहिँ सम्बोधन गर्नको लागि शुरूआत बन्न सक्छ।

यसको निम्ति केन्द्रले चाहिँ आर्थिकरूपमा पनि त्यही रूपबाट हेर्नुपर्छ भन्ने मेरो भनाइ रहेको छ। सरकारलाई उत्तरदायी बनाउनको निम्ति अरू निकायले पनि अनुगमन गर्न, बेला-बेलामा हेर्न पनि गर्नुपर्छ।

## ठाउँ-ठाउँ कर तिर्ने अवस्था नहोस्



**शेखर गोल्छा**
वरिष्ठ उपाध्यक्ष
नेपाल उद्योग वाणिज्य महासंघ

हाम्रो अपेक्षा भनेको सरकारले निजी क्षेत्रलाई उत्पादन क्षेत्रमा लगानी बढाउनको लागि प्ररित गरोस् भन्ने नै मख्य सुझाव र अपेक्षा राखेका छौं। नयाँ सरकारलले उत्पादकत्वमा बढाउने जोड दिनुपर्छ साथै लगानीमैत्री वातावरण तयार पार्नुपर्छ। सरकारले उद्योग स्थापनाको लागि धेरै सरकारी निकायमा धाउनुपर्ने वातारणको अन्त्य गरेर एकल बिन्दू सेवाको शुरूआत गर्नुपर्ने जरुरी रहेको छ जस्ले गर्दा विदेशी लगानी पनि आकर्षित हुने सम्भावना रहन्छ।

देश संघीयतामा गएपछि व्यवसायीलाई दोहोरो करको मारपर्ने चिन्ता छ यस्को निर्कोल सरकारले गर्नुपर्छ। सरकार पिच्छे कर तिर्नुपर्ने अवस्था नआहोस् भन्ने हाम्रो माग रहेको छ। स्वदेशी उद्योग स्थापनाको लागि सरकाले कुनै न कुनै रूपमा प्रेरित गर्ने खालको योजना ल्याएर उद्योग स्थापनमो लागि अभिप्रेरित गर्नुपर्ने खालको वातावरण आबको आवश्यकता हो। आगामी बजेटमा निजी क्षेत्रको मागलाई पनि सम्बोधन गर्दै अगाडि बढेर जानेछ भन्ने आशा राखेका छौं।

## पश्चिम सेतीका दुई विकल्प

# सरकार आफैंले बनाउने वा क्षमता घटाउने

हेमन्त जोशी, काठमाडौं

केही समय अघि मात्र अरूण तेस्रो जलविद्युत् आयोजना निर्माणको जिम्मा भारतीय कम्पनीलाई दिएर दुवै देशका प्रधानमन्त्रीले नै शिलान्यास गरेको अवस्थामा पश्चिम सेती निर्माणको जिम्मा पाएको चिनियाँ कम्पनीलाई आयोजनाबाट निकाल्दा नेपालप्रति चीनमा नराम्रो सन्देश जानसक्ने विषयलाई पनि ध्यानमा राखेर दोस्रो सुझाव तयार पारिएको ती अधिकारीको भनाइ छ।

७ सय ५० मेगावाट उत्पादन क्षमता तय भएको पश्चिम सेती जलविद्युत् आयोजना अगाडि बढाउन दुई वटा विकल्प अगाडि सारिएको छ।

आयोजना निर्माणको सुझाव दिन गठित समितिले चिनियाँ कम्पनी थ्री गर्जेजको सहायक कम्पनी सीडब्लुई इन्भेष्टमेन्ट कर्पोरेसनको अनुमतिपत्र खारेज गरेर सरकार आफैंले बनाउने वा उत्पादन क्षमता घटाएर सोही कम्पनीलाई जिम्मा दिने भन्ने सुझावसहितको प्रतिवेदन तयार पारेको हो।

समितिले पहिलो सुझावका रूपमा आयोजना सरकार आफैंले निर्माण गर्नु बढी उपयुक्त हुने र यसो गर्दा राष्ट्रिय गौरवका रूपमा रहेको आयोजना कार्यान्वयनको विषय प्राथमिकतामा पर्ने विषयलाई समेटेको उक्त समितिका एक उच्च अधिकारीले नेपाल समाचारपत्रलाई बताए। 'सामान्यतया जलाशयमा आधारित आयोजना निर्माण गर्दा लागत उच्च रहन्छ। जसकारण निर्माण कम्पनीले कम मुनाफा आंकलन गरेर काम गर्न चाहँदैनन्। सरकारले नै पूर्ण उत्पादन क्षमतासहितको आयोजना अगाडि बढाउन सक्ने भएकाले सीडब्लुई इन्भेष्टमेन्ट कर्पोरेशनलाई दिइएको अनुमतिपत्र खारेजीका लागि सुझाव दिइएको हो।' ती अधिकारीको भनाइ छ।

समितिले तयार पारेको दोस्रो सुझावका रूपमा आयोजनाको उत्पादन क्षमता ५ सय ५० मेगावाट तय गरेर सोही कम्पनीलाई निर्माणको जिम्मा लगाउने विकल्प अगाडि सारिएको छ। केही समय अघि मात्र अरूण तेस्रो जलविद्युत् आयोजना निर्माणको जिम्मा भारतीय कम्पनीलाई दिएर दुवै देशका प्रधानमन्त्रीले नै शिलान्यास गरेको अवस्थामा पश्चिम सेती निर्माणको जिम्मा पाएको चिनियाँ कम्पनीलाई आयोजनाबाट निकाल्दा नेपालप्रति चीनमा नराम्रो सन्देश जानसक्ने विषयलाई पनि ध्यानमा राखेर दोस्रो सुझाव तयार पारिएको ती अधिकारीको भनाइ छ।

सन् २०१२ मा आयोजना निर्माणको अनुमतिपत्र पाएको चिनियाँ कम्पनी सीडब्लुई इन्भेष्टमेन्ट कर्पोरेसनले आयोजनाको विभिन्न विषयमा हेरफेरको माग राख्दै आएको छ। जसमध्ये पूर्ण उत्पादन क्षमता अर्थात् ७ सय ५० मेगावाट उत्पादन गर्ने गरी आयोजना निर्माण गर्नु नसकिने विषय पनि मुख्य हो। निर्माण कम्पनीले उत्पादन क्षमताअनुसार आयोजना अगाडि बढाउन नसक्ने जनाएपछि उक्त कम्पनीले पाएको अनुमतिपत्र खारेज गर्ने अथवा उसको माग बमोजिम उत्पादन क्षमता ५ सय ५० मेगावाटमा खुम्चाउने भन्ने २ वटा रायसहितको प्रतिवेदन लगानी बोर्डलाई बुझाउने तयारी गरिएको हो।

त्यसो त सीडब्लुई इन्भेष्टमेन्ट कर्पोरेसनले आयोजना निर्माणका लागि सरकारसँग राखेको मागको फेहरिस्ता लामो छ। कम्पनीले आयोजनाको पीपीए दर हेरफेर, लागत, मुआब्जा वितरण, प्रसारणलाइन निर्माण, आयोजनामा हालसम्म भएको खर्च पुँजीकरणका विषयमा पनि आफ्नो विमति रहेको स्पष्टीकरण लगानी बोर्डलाई बुझाइसकेको छ।

त्यसैगरी आयोजनाको स्थानीयबासीलाई शेयरको वित्तीय व्यवस्थापन, विद्युत् महशुल, र उत्पादित विद्युत् बजारको बारेमा पनि नेपालको स्पष्ट धारणा आउनुपर्ने उक्त कम्पनीको माग छ। थ्री गर्जेजजे केही समय अगाडि लगानी बोर्ड र विद्युत् प्राधिकरणलाई पठाएको पत्रमा पहिला भएका खर्चको पुँजीकरण, आयोजनाको महशुल नीति, स्थानीय शेयरको वित्तीय व्यवस्थापनको प्रक्रिया र ऋण लगानीका लागि ग्यारेन्टीलगायत सर्तहरू राख्दै यसमा यसमा थप स्पष्टता खोजेको थियो। अर्को महत्त्वपुर्ण विषयका रूपमा आयोजनाको सम्भाव्यता अध्ययनका क्रममा लागेको ७० अर्ब रुपियाँ बराबर लागतलाई समेत पुँजीकरण गरिनुपर्ने निर्माण कम्पनीको माग रहेको छ। जुन विषयलाई नेपाल विद्युत् प्राधिकरणले नकार्दै आएको छ। लगानीको विषयमा भने ७५ प्रतिशत कम्पनी र २५ प्रतिशत प्राधिकरणले ब्यहोर्ने विषय तय भइसकेको छ। तर, प्राधिकरणले भने १ खर्ब ९० अर्ब रुपियाँ लागत अनुमान गरिएको उक्त आयोजना निर्माणमा लगानी गर्ने विषयमा नै उक्त कम्पनी स्पष्ट हुन नसकेको र बेला सोही विषयलाई लिएर आयोजना निर्माणमा ढिलाइ गर्दै आएको जनाएको छ।

निर्माण कम्पनीले आयोजनाको कुल जडित क्षमता घटाएर आयोजना अगाडि बढाउने विषयमा लामो समयसम्म सरकारसँग माग गरे पनि तत्कालीन उर्जामन्त्री जनार्दन शर्माले पूर्ण उत्पादन क्षमता बराबर नै आयोजना बढाउन कम्पनीलाई निर्देशन दिनुभएको थियो। आयोजना निर्माणका लागि २०७१ चैतमा लगानी बोर्डको बैठकले चिनियाँ कम्पनी र प्राधिकरणको संयुक्त कम्पनी खोल्ने निर्णय गरेको थियो। सोही बमोजिम आयोजना निर्माण गर्न प्राधिकरण र थ्री गोर्जेजको सहायक कम्पनी सीडब्लुई इन्भेष्टमेन्ट कर्पोरेसनबीच २०७३ माघ ३ मा संयुक्त उपक्रम सम्झौता (जेभीए) समेत भइसकेको छ।

विद्युत् खरिदका विषयमा पनि दुवै पक्षँबाट थुप्रैपटक पहल भइसकेका छन्। लगानी बोर्ड र थ्री गर्जेजबीच भएको लगानी सम्झौतामा नेपाल विद्युत् प्राधिकरणले हिउँद याममा १२ रुपियाँ ४० पैसा र वर्षायाममा ७ रुपियाँ १० पैसाको प्रतियुनिट दरमा बिजुली किन्ने गरी पीपीए दर प्रस्ताव गरिएको थियो। तर, थ्री गर्जेज कम्पनीले उक्त दरमा आयोजना अघि बढाउन नसकिने धारणा राख्दै आएको छ।




# विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रियस्तरको बनाउन तयारी

नेपाल समाचारपत्र

विराटनगर

विराटनगर विमानस्थल अब अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विस्तार हुने भएको छ। विराटनगर विमानस्थलले अन्तर्राष्ट्रिय मापदण्ड पूरा गरेको हुँदा सो अनुरूप अगाडि बढ्ने भएको हो। विमानस्थलको हाल भइरहेको १५ सय मिटर लम्बाई र ३० मिटर चौडाईको क्षेत्रलाई २४ सय मिटर लम्बाई र ४५ मिटर चौडाईमा विस्तार गरिने भएको छ। विमानस्थललाई अन्तर्राष्ट्रियस्तरको बनाउन जग्गा अधिग्रहण गरी मुआब्जा वितरण गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रवीन्द्र अधिकारीले निर्देशन दिनुभएको छ।

विराटनगरको विमानस्थलको भावी विकास तथा चुनौती विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै मुआब्जा वितरणको समय तोक्न निर्देशन दिँदै असार १ गतेबाट वितरण गर्न उहाँले निर्देशन दिनुभएको हो।

यस्तै उहाँले ट्याक्सी वे, पार्किङ क्षेत्र एक वर्षभित्रमा निर्माण गर्न निर्देशन दिनुभएको छ। मन्त्री अधिकारीले खर्चको चिन्ता नगर्न पनि आश्वस्त पार्नुभयो। कार्यक्रममा प्रतिनिधिसभा सदस्य भानुभक्त ढकालले अन्तर्राष्ट्रिय विमानस्थल बनाउनुपर्ने र यसका लागि सम्पूर्ण मापदण्ड निर्माण गर्न सबै एकजुट भएर लाग्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा बोल्दै मोरङका प्रमुख जिल्ला अधिकारी रामप्रसाद आचार्यले प्रदेश नम्बर १ को आन्तरिक उडान, प्रादेशिक र अन्तर्राष्ट्रिय उडानका लागि मुआब्जा वितरण गर्ने तयारी अन्तिम अवस्थामा पुगेको बताउनु भयो। कार्यक्रममा सामाजिक विकास मन्त्री जीवन घिमिरेले भने ३ सय बिगा जमिन केशलिया पारी किनेर बिस्तार गर्नुपर्ने बताउनुभयो।

उहाँले विमानस्थलबाट पश्चिम रनवे विस्तारका लागि समस्या नरहेको बताउनुभयो। उहाँले माउन्टेन फ्लाइट सञ्चालन र क्षेत्रीय एयरपोर्ट बनाउन मन्त्रीको ध्यानाकृष्टसमेत गराउनुभयो। उद्योग संगठन मोरङका अध्यक्ष मुकेश उपाध्यायले विराटननगर विमानस्थललाई अन्तर्राष्ट्रियस्तरको बनाई आर्थिक आयआर्जको रूपमा विकास गर्न मन्त्रीको ध्यानाकर्षण गर्नुभयो। नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक सञ्जीव गौतमले विराटनगर विमानस्थल हाल ७८ हेक्टर तथा १ सय १५ बिगा जमिनमा रहेको र १ सय ५० हेक्टरमा विस्तार गर्ने योजना रहेको बताउनुभयो।

अहिले एयरपोर्टपूर्व ठूला-ठूला घर बनेका र पश्चिमतर्फ सानो बस्ती रहेकाले त्यसलाई विस्थापन गरेर अगाडि बढ्नुपर्ने बताउनुभयो। नहर पश्चिम एयरपोर्टको पूर्वदेखि साढे ४ बिगा जमिनका लागि ३९ करोड विनियोजन नै भएको छ भने आवश्यक परेमा थप ४० करोड पनि विनियोजन गर्ने गौतमले जानकारी दिनुभयो। विराटनगर विमानस्थल अन्तर्राष्ट्रिय विमानस्थलको रूपमा विस्तार भएपछि वर्षेनी ८ देखि ९ अर्ब पुँजी वृद्धि हुनेछ। हाल प्रदेश नम्बर १ मा १३ वटा विमानस्थल सञ्चालनमा छन् भने बाँकी २ वटा निर्माणाधीन अवस्थामा छन्।

नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# रूपा र एरिकालाई स्वर्ण

काठमाडौं, (नेस)

रूपा महर्जन र एरिका गुरुङले स्वर्ण प्रथम एपीएफ अन्तर्राष्ट्रिय सोतो कराँते प्रतियोगितामा शनिबार स्वर्ण जितेका छन्। महिला ६८ केजीमाथि तौलसमूहको उपाधि भिड्न्तमा नेपाली सेनाकी रूपाले प्रदेश १ की मिसडोना राईलाई हराइन्।

६८ केजीमुनि तौलसमूहमा प्रदेश ३ की एरिकाले सेनाकी बिभुशा थापालाई हराउँदै स्वर्ण जितिन्। त्यस्तै ५५ केजी तौलसमूहमा प्रदेश १ की विद्याकला राई र ५० केजीमुनि तौलसमूहमा सेनाकी मिस्ली श्रेष्ठले स्वर्ण जितेका थिए।

सशस्त्र प्रहरी बल एपीएफ र नेसनल सोतो कराँते डो एसोसिएसनको आयोजनामा सञ्चालन भएको पुरुषतर्फ ८४ केजीमुनि तौलसमूहमा एपीएफ बीका सुशील पौडेलले स्वर्ण हात पारेका थिए। त्यस्तै ६० केजी तौलसमूहमा प्रदेश ४ का राजन पाइजा र ५५ केजी तौल समूहमा एपीएफका सुजन श्रेष्ठले स्वर्ण हासिल गरेका थिए।



# रसिदको अलराउन्ड प्रदर्शन

नयाँ दिल्ली, (एजेन्सी)

सनराइजर्स हैदराबादलाई अफगानिस्तानका स्पिनर रसिद खानले जारी आईपीएलको फाइनलमा पुऱ्याएका छन्।

रसिदले २०१६ मा च्याम्पियन बनेको हैदराबादका लागि अल राउन्ड प्रदर्शन गरेका थिए। शुक्रबार कोलकाताकै इडेन गार्डेन्समा भएको दोस्रो क्वालिफायर खेलमा हैदराबादले कोलकाता नाइट राइडर्सलाई १३ रनले हराएको थियो। यो जितसँगै हैदराबादले फाइनलमा चेन्नई सुपर किंग्ससँग उपाधिको लागि खेल्ने पनि तय गरेको छ। यसअघि प्लेअफमा हैदराबाद चेन्नईसँग हारेको थियो।

रसिदले यस प्रतियोगितामा सानदार खेल देखाएका छन्। हरेक पटक उनले हैदराबादलाई संकटमोचन गरे। उनले कोलकाताविरुद्ध पहिले ब्याटिङमा १० बलमा ३४ रन बनाएर टोलीको स्कोर १ सय ७४ रनसम्म पुऱ्याएका थिए। उनको ब्याटिङमा २ चौका र ४ छक्का सामेल थिए। बलिङमा पनि उनले टोली हारको संघारमा रहेको अवस्थामा विकेट लिएर खेलमा फर्काएका थिए। उनले ४ ओभरमा १९ रन दिएर ३ विकेट लिए भने दुई क्याच लिनुका साथै एकलाई रन आउट गरेका थिए।

म्यान अफ द म्याच घोषित रसिदले बताए- 'मेरा लागि यो ज्यादै जरुरी थियो कि मैले सर्वश्रेष्ठ प्रदर्शन गर्ने प्रयास गरें। हर क्षेत्रमा मैले आफ्नो १ सय प्रतिशत दिने कोसिस गरें। मैले करियरमा शुरुआत ब्याटिङबाट गरेको थिएँ। मलाई कोचले खेलमा ध्यानकेन्द्रित गर भनेको थियो। फिल्डिङमा कुनै बहाना चल्दैन। बस आफ्नो सर्वश्रेष्ठ दिने कोसिस गर। मैले पाएको पुरस्कार उनीहरूलाई समर्पित गर्छु जो बम विस्फोटकमा ज्यान गुमाए।'

यसअघि हैदराबादले टस हारेर ब्याटिङ पहिले गर्दै ७ विकेटको नोक्सानमा १ सय ७४ रन बनाएको थियो। जवाफमा कोलकाताले सानदार शुरुआत गरेको थियो। तर रसिदले घातक बलिङ गरेपछि कोलकाताले २० ओभरमा ९ विकेट गुमाएर १ सय ६१ रनमै चित्त बुझाउनुपऱ्यो। कोलकाताका लागि सर्वाधिक रन क्रिस लिनले बनाए। आठौं विकेटको रूपमा कार्लोस ब्राथवेटको बलमा रसिदद्वारा क्याच आउट भएका लिनले ४८ रनको योगदान दिएका थिए। उनको विकेट अन्तिम ओभरमा लिनु नै हैदराबादका लागि फाइनल पुग्न सहज भएको थियो।




## निर र सुनिलको जोडी च्याम्पियन

काठमाडौं, (नेस)

जेष्ठ ब्याडमिन्टन एकेडेमीका निरविक्रम देवकोटा र सुनिल जोशीको जोडीले श्री चण्डोल युवा क्लब खुला ब्याडमिन्टन प्रतियोगिताको उपाधि शनिबार हात पारेको छ।

उक्त जोडीले जी फोर क्लबका आकाश छन्त्याल र अभिषेक गुरुङको जोडीलाई २१-९, २१-१७ ले पराजित गर्दै २० हजार नगद प्राप्त गऱ्यो। उपविजेताले १० हजार नगद हासिल गरेको थियो।

एपिएफ क्लबका विशाल प्रधान र सुमन लिम्बूको जोडी तथा भूपू क्लबका राम बानियाँ र रोमन बानियाँको जोडी संयुक्त रूपमा तेस्रो भए। उनीहरूले समान नगद ५ हजार हासिल गरे।



सुनिल जोशी पदाधीकारीसँग हात मिलाउँदै

## घरहरा

### अथवा डल्लो

'डल्ला' अथवा 'डल्लो' यस शब्दलाई जसले जसरी बुझ्छन् त्यसरी परिभाषित गरे हुन्छ। कसैका लागि माटोको डल्लो, कसैका लागि सक्खरको डल्लो, कसैका लागि सुनको, कसैका लागि भकुण्डो (फुटबल) अनि कसैका लागि क्रिकेट बल। अहिले शहरबजारमा क्रिकेट बलको चर्चा छ।

हाम्रा पीएम ओलीले क्रिकेट बललाई 'डल्ला'का रूपमा बुझ्या रैछन्। केही दिन अघि उनले क्रिकेटर सन्दीपले डल्ला हान्ने मौका पाएपछि चर्चाको चुलीमा रहेको बताए। 'मौका पाउँदा नेपालीले डल्ला हानेर पनि चर्चा बटुल्छ, तर नेपालीले मौका पाउँदैनन् र पो' -उनले एक कार्यक्रममा यस्तै भने। आफूले डल्ला हान्ने मौका मिलेन भनेर त्यसो भनि हाल्न चाहिँ मिल्दैन है कम्रेड।

आफ्नै समकक्षी प्रचण्ड डल्लाका कारणले अहिलेको पोजिसनमा पुग्या ओलीलाई थाहा भएन कि क्या हो ? प्रचण्ड नेतृत्वको टोलीले



विद्रोहीमाथि ग्रिनेड, सकेट बम, कुकर बम, लगायत अनेक थरी डल्ला प्रहार गरेर चर्चा बटुल्या थियो। अहिले विप्लव मौका मिलाएर त्यस्तै डल्ला प्रहार गर्छन्। यता ओली कम्रेड पनि के कम, उखान तुक्काका डल्ला राम्रैसँग प्रहार गरिरहन्छन्।

मुलुकको डाडु पन्यू आफ्नै हातमा रहेका बेला आर्थिक विकास र जनताका आकांक्षा पुरा गर्ने डल्ला पकाए त हुने हो। पकाउने भाँडो चाहिँ कस्तो छ कुन्नि, भाँडोमा आवश्वासनका डल्ला मात्रै पाक्ने पो हो कि ?

## बेथान्चोक कप भलिबल शुरु

काभ्रे, (नेस)

गणतन्त्र दिवसको अवसर पारी जिल्लाको दक्षिण भेगमा रहेको बेथान्चोक गाउँपालिकाको आयोजनामा प्रथम बेथान्चोक कप आमन्त्रण पुरुष भलिबल प्रतियोगिता शुरु भएको छ।

काभ्रेपलाञ्चोक र ललितपुर जिल्लाका १३ वटा टिम सहभागी उक्त प्रतियोगिताको विजेताले ३० हजार, र दोस्रो हुनेले २० हजार नगद प्राप्त गर्नेछन्। त्यस्तै सेमिफाइनलमा पराजित दुई टोलीलाई ७ हजार नगद पुरस्कार दिइनेछ। त्यस्तै बेस्ट डिफेन्स, बेस्ट सेटर, बेस्ट स्पाइकर, बेस्ट ब्लकर, सर्बोत्कृष्ट खेलाडी सबैलाई पुरस्कारको व्यवस्था गरिएको प्रतियोगिताका संयोजक प्रमोद तिमल्सिनाले बताए। कार्यक्रम उपाध्यक्ष सरिता लामिछानेको अध्यक्षतामा सम्पन्न भएको थियो।

## आर्यन र सलोनी विजेता



काठमाडौं, (नेस)

आर्यन गिरी र सलोनी तामाङले प्रथम आईएमई/जेटीआई ग्रान्ड जुनियर ओपन लनटेनिस प्रतियोगिताको यु-१४ सिंगल्स उपाधि शनिबार जितेका छन्। मण्डिखाटार टेनिस क्लबमा भएको ब्वाइज फाइनलमा आर्यनले चिराग तिमल्सिनालाई ६-० र ६-० को सोझो सेटमा पराजित गरे। गर्ल्सको उपाधि भिडन्तमा सलोनीले रायना शाहलाई ६-२ र ६-० को सीधा सेटमा हराइन्।

## हेराल्ड प्रिक्वार्टर फाइनलमा

काठमाडौं, (नेस)

हेराल्डको तीनै टोली 'ए', 'बी' र 'सी' प्रथम इन्साइट भिजन थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको ब्वाइजमा शनिबार प्रिक्वार्टर फाइनलमा प्रवेश गरेका छन्।

द इन्साइट भिजन कलेजको आयोजनामा चण्डोलस्थित विशाल मिलन केन्द्रमा भइरहेको प्रतियोगिताको ब्वाइजमै एचएचसीए 'ए' र 'बी', एलआरआई, द ग्रेट माया 'ए' र 'बी', ग्रिनफिल्ड, ज्ञान टाइगर, एडभान्स, किस्त, टेरेसा, कन्स्टिलेसन, हुपर तथा बूढानीलकण्ठले पनि अन्तिम १६ मा स्थान सुरक्षित गरे।

# विश्व युद्धको संघारमा विश्वकप

विश्वकप फुटबलको तेस्रो संस्करण फ्रान्समा सन् १९३८ मा भएको थियो। युरोपियन राष्ट्रहरू विश्वयुद्ध निम्त्याइरहेको अवस्थामा जसोतसो प्रतियोगिता सम्पन्न भयो। तर यो प्रतियोगिता विश्वकपको इतिहासमा सबैभन्दा असफलको रूपमा लिएको छ।

स्पेनमा गृहयुद्ध चलिरहेको थियो। यसैले स्पेनले प्रतियोगितामा भाग लिन पाएको थिएन। जर्मनीले अस्ट्रियामाथि हमला गर्दा अस्ट्रियाले पनि भाग लिनबाट वञ्चित भएको थियो। इटालीले हालको इथियोपिया (पहिले एबिसिनिया) माथि हमला गरेको थियो।

त्रासैत्रासमा भएको यो विश्वकपमा १६ टोलीले सहभागिता जनाएका थिए। जसमा १३ टोली युरोपबाट थिए भने तीन राष्ट्र युरोपबाहिरका थिए। ती तीनमध्ये ब्राजिल अलि नाम चलेको राष्ट्र थियो। अर्जेन्टिनाले धाँधली गरेर फ्रान्सलाई आयोजक बनाएको भन्दै यो विश्वकपमा सहभागिता जनाएको थिएन।




फिफाले उरुग्वेलाई पनि भाग लिन आग्रह गरेको थियो। तर उरुग्वेले पनि भाग लिन अस्विकार गरेको थियो। दक्षिण अमेरिकीका ब्राजिलबाहेक सबै राष्ट्रले युरोपलाई लगातार आयोजक बनाएको भन्दै प्रतियोगिता बहिष्कार गरेका थिए। सन् १९३४ मा इटालीमा विश्वकप आयोजना भएको थियो।

युरोपका तानाशाही शासकका रूपमा चित्रित गरिएका एडोल्फ हिटलर र बेनिटो मुसोलीनीको शासनमा भएको विश्वकपका विजेता इटाली भएको थियो। इटालीले फाइनलमा उपाधि दावेदारी हंगेरीलाई ४-२ ले हराएर लगातार विश्वकप उपाधि जित्ने टोली बनेको थियो। दुई वर्ष अघि ओलम्पिकमा पनि फुटबल उपाधि जितेकोले इटाली त्यतिबेला सबैभन्दा उत्कृष्ट टोलीका रूपमा रहेको थियो।

### मुसोलीनीको टेलिग्राफ 'गर या मर'

इटालीका शासक बेनिटो मुसोलीनीले इटालीका प्रशिक्षक भिटोरियो पोजोलाई गर या मर लेखिएको टेलिग्राफ पठाएका थिए। फाइनलमा अगाडिको यो सन्देसले पोजोलाई तनावमा ल्याएको थियो। तर भाग्यवश इटालीले फाइनल जितेर उनलाई दुई पटक विश्वकप उपाधि जित्ने प्रशिक्षकको उपलब्धि दिलायो। यदि हारिएको भए शायद मुसोलीनीबाट उनले कस्तो सजाय पाउने थियो त्यो कल्पना पनि गर्न सकिँदैन।




## नेपाल टिम च्याम्पियन



काठमाडौं, (नेस)

नेपालले ११औं एनएसकेए अन्तर्राष्ट्रिय कराते प्रतियोगिताको उपाधि शनिबार जितेको छ। नेपाल ३९ स्वर्णसहित टिम च्याम्पियन बनेको हो। नेपाल सोतोकान कराते संघ (एनएसकेए) द्वारा आयोजित प्रतियोगितामा जेकेए भारत दोस्रो भयो भने ३ स्वर्णसाथ सोतोकान कराते डो संघ भारत तेस्रो भयो। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहलमा भएको प्रतियोगिताको पुरुषमा नेपालका प्रदीप राई र महिलामा नेपालकै सुजना तामाङ उत्कृष्ट खेलाडी घोषित भए।

भर्खरै !
भर्खरै के भयो दुनियामा ?
भर्खरै सोध्नुहोस् हामीलाई
भर्खरै हाजिर हुनेछ
जबाफ
newsofnepal.com मा
नेपाल समाचारपत्र बोल्छ
भर्खरै !

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ